



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA


नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

बुधबार पुस ५, २०७४ | Wednesday, December 20, 2017 | www.newsofnepal.com | नेसं ११३८ पोहेलाथ्व २ | वर्ष २३, अंक ३३५ | पृष्ठ १२ | मूल्य रू. १०/–




## कांग्रेस शीर्ष नेता पराजित हुनुको कारण

# 'कमजोरी र अन्तरघात'



रामकृष्ण चापागाईं, काठमाडौं

हालै सम्पन्न निर्वाचनमा नेपाली कांग्रेसका धेरै शीर्ष र चर्चित नेताहरूले पराजय भोग्नुपरेको छ। निर्वाचन परिणामअनुसार नेपाली कांग्रेस दोस्रो ठूलो दलको रूपमा स्थापित भए पनि पार्टीको आन्तरिक सर्वेक्षणमा विजय उन्मुख देखिएको नेताहरूको पराजयसँगै राष्ट्रिय राजनीति र प्रतिपक्षको भूमिकामा समेत कांग्रेस कमजोर भएको अनुमान गरिएको छ।

कांग्रेसले चुनाव जित्ने लिस्टमा राखेका नेताहरू रामचन्द्र पौडेल, गोपालमान श्रेष्ठ, कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधी, अर्जुननरसिंह केसी, डा. रामशरण महत, महेश आचार्य, डा. प्रकाशशरण महत, बलबहादुर केसी, पूर्णबहादुर खड्का, नवीन्द्रराज जोशी, रामहरि खतिवडा, मोहनबहादुर बस्नेतलगायत चर्चित नेताहरू हालै सम्पन्न निर्वाचनमा पराजित भएपछि कांग्रेस प्रतिपक्षको भूमिकामा पनि कमजोर भएको अनुमान गरिएको छ।

पार्टीको आन्तरिक रिपोर्टमा जित्ने अनुमान गरिएका नेताहरूको पराजय भएपछि निर्वाचन हार्नुको विषय खोजी भइरहेको बताइएको छ। आन्तरिक कमजोरीका कारण स्थानीय निर्वाचनमा अनपेक्षित हार बेहोरेको कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा भने आन्तरिक रूपमा एकजुट भएरै निर्वाचनमा होमिएको थियो। प्रमुख वाम घटक दल नेकपा एमाले र माओवादी केन्द्रले पार्टी एकीकरण गर्ने उद्देश्यका साथ चुनावी तालमेल गरी निर्वाचनमा होमिएपछि कांग्रेसले अहिलेसम्मकै ठूलो संकट आइपरेको भन्दै संघीय संसद्को निर्वाचनमा होमिएको थियो। कांग्रेसले यो निर्वाचनमा नयाँ शक्ति, राप्रपा, राप्रपा (प्रजातान्त्रिक)लगायत साना दलसँग सहकार्य गरे पनि अपेक्षित नतिजा निकाल्न भने सकेन।

निर्वाचन जित्ने अनुमान गरिएका नेताहरूले निर्वाचनमा पराजित भएपछि चुनाव हार्नुको कारणबारे फरक-फरक प्रतिक्रिया दिएका छन्। निर्वाचनमा पराजित भएका चर्चित नेताहरूको एउटै प्रतिक्रिया रहेको छ, आन्तरिक कमजोरीले चुनाव हारियो। अहिलेसम्म लगातार चुनाव जित्दै आउनुभएका कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेललाई तनहुँ क्षेत्र नं १ बाट एमाले उम्मेदवार कृष्णकुमार श्रेष्ठसँग पराजित हुनुभयो। मतदातालाई धन्यवाद दिन तनहुँमा रहनुभएका नेता पौडेलले हारबाट आफू विचलित नभएको भन्दै निर्वाचनमा पराजय भोग्नुपरेको बारेमा आन्तरिक समीक्षा हुने बताउनुभएको छ। नेता पौडेलले निर्वाचनको समीक्षा गर्दै कमीकमजोरी सच्चाएर कांग्रेस अघि बढ्ने दाबी गर्नुभयो। धनुषा ३ मा अर्का नेता विमलेन्द्र निधी पनि राजपाका नेता राजेन्द्र महतोसँग फराकिलो मतान्तरले पराजित हुनुभएको छ। झापामा कृष्णप्रसाद सिटौला राप्रपा महामन्त्री राजेन्द्र लिङ्देनसँग पराजित हुनुभएको छ। सिटौलालाई समानुपातिकमा बस्न र झापा ३ मा लिङ्देनलाई छोड्न गरिएको प्रयास असफल भएसँगै झापाको अन्य क्षेत्रमा समेत कांग्रेसले हार बेहोर्नुपरेको छ। चर्चित युवा नेता विश्वप्रकाश शर्मा समेत पराजित हुनुभएको छ। निर्वाचनमा पराजय भोगेपछि

## राष्ट्रिय राजनीति र प्रतिपक्षको भूमिकामा समेत कांग्रेस कमजोर

नेता सिटौलाले प्रतिक्रिया दिँदै भन्नुभएको छ- 'हाम्रो नीतिगत, रणनीतिगत र व्यावहारिक कमीकमजोरीको कारण निर्वाचनमा पराजय भोग्नुपर्‍यो। उम्मेदवार छनोट प्रक्रियामा कमजोरी हुँदा थुरै ठाउँमा पराजय भोग्नुपर्‍यो।'

स्याङ्जा क्षेत्र नं २ बाट निर्वाचनमा पराजित भएका अर्का नेता गोपालमान श्रेष्ठले भने अन्तर्घातको कारण आफूले निर्वाचन हारेको प्रतिक्रिया दिनुभएको छ। 'मलाई कांग्रेसकै एउटा समूहले निर्वाचन हराएका हुन्', *नेपाल समाचारपत्र*सँग कुरा गर्दै नेता श्रेष्ठले भन्नुभयो- 'कांग्रेसको उन्नति र प्रगति नचाहने एकथरी कांग्रेसको कारण मैले निर्वाचन हारें।' केन्द्रीय समितिको बैठकमा यसको समीक्षा हुने उहाँको भनाइ थियो।

थोरै मतान्तरले पराजित हुनुभएका अर्का नेता डा. शेखर कोइरालाले निर्वाचन हार्नुको कारणबारे प्रतिक्रिया दिँदै भन्नुभयो- 'पार्टीभित्रको आन्तरिक द्वन्द्व, प्रदेशसभाको उम्मेदवार छनोटमा कमजोरी र फोरम लोकतान्त्रिकसँगको पार्टी एकताको अपेक्षा पूरा भएन।' उहाँले निर्वाचनको समीक्षा गर्न तत्काल केन्द्रीय समिति बैठक बोलाउन आह्वान गर्नुभएको छ।

कांग्रेसले काठमाडौंमा आशा गरेको क्षेत्रमध्ये क्षेत्र नम्बर ८ मा नवीन्द्रराज जोशी पनि हुनुहुन्थ्यो। यसअघि लगातार निर्वाचन जित्दै आउनुभएका जोशीलाई एमालेका जीवनराम श्रेष्ठले पराजित गर्नुभएको थियो। काठमाडौं क्षेत्र नम्बर ३ मा अम्बिका बस्नेतलाई पनि कांग्रेसले जित्ने लिस्टमा राखेको थियो। उहाँलाई पनि एमालेका कृष्णबहादुर राईले पराजित गर्नुभयो। कांग्रेसले चुनाव जित्ने लिस्टमा मोरङ ४ का महेश आचार्य र सोलुखुम्बुका बलबहादुर केसीको नाम पनि थियो। यी दुवै नेताले हारेका छन्। कांग्रेस नेता आचार्य कांग्रेस घोषणापत्र मस्यौदा समितिका संयोजक पनि हुनुहुन्थ्यो। नीति निर्माणमा पोख्त आचार्यको पराजयले कांग्रेसलाई ठूलो नोक्सान पुगेको बताइएको छ।

मत परिणामलगत्तै आन्तरिक समीक्षाका साथ अब कसरी अघि बढ्ने भन्ने बारेमा कांग्रेसले रणनीति बनाउने बताइएको छ। साथै, तत्काल समीक्षा गर्न केन्द्रीय समिति बैठक बोलाउनुपर्ने माग तीव्ररूपमा उठे पनि तत्कालै बैठक बस्ने अवस्था देखिँदैन।

एक नेताका अनुसार अझै एक साताअघि केन्द्रीय समिति बैठक बस्ने सम्भावना छैन। निर्वाचनमा पराजय भोगेसँगै कांग्रेस नेतृत्वको कमजोरीका साथै निर्वाचनमा वाम गठबन्धनको सामना गर्न आन्तरिक तयारी नपुगेको, भ्रातृ तथा शुभेच्छुक संस्थाहरूलाई पूर्णरूपमा परिचालन गर्न नसकेको जस्ता आवाजहरू उठिरहेका छन्। यस बारेमा मतगणनाको रिजल्ट आएपछि समीक्षा गरिने कांग्रेसका एक केन्द्रीय सदस्यले *नेपाल समाचारपत्र*लाई जानकारी दिए।

(क्रमशः पृष्ठ ९ मा)

# आफूखुसी काम नगर

## जिशिकालाई महानगरको चेतावनी

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन कार्यान्वयनमा आइसकेकाले आफूखुसी नगर्न जिल्ला शिक्षा कार्यालय काठमाडौंलाई चेतावनी दिएको छ।

जिल्ला शिक्षा कार्यालय काठमाडौंले यही पुस १ गते संस्थागत विद्यालयको नाम, स्थान र स्वामित्व परिवर्तनसम्बन्धी सूचना प्रकाशित गरेपछि महानगरले सो चेतावनी दिएको हो।

कामपाका प्रमुख प्रशासकीय अधिकृत धनीराम पौडेलले जारी गरेको विज्ञप्तिमा ऐनबमोजिम कामपाभित्रका माध्यमिक तहसम्मका विद्यालयहरूसँग सम्बन्धित कुनै पनि काम महानगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने भएकाले अब आइन्दा अन्य निकायले गरेको काम मान्न बाध्य नहुने उल्लेख छ।

मंगलबार विज्ञप्ति जारी गर्दै हाल सञ्चालित विद्यालय क्षेत्र विकाससम्बन्धी कार्यक्रमसमेत महानगरपालिकाको समन्वयमा गर्न जिल्ला शिक्षा कार्यालय काठमाडौंलाई आग्रह गरेको छ। शिक्षा विभागले स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख भएका २३ वटा काम जिल्ला शिक्षा कार्यालयलाई नगर्न सार्वजनिक सूचना जारी गरेको अवस्थामा जिल्ला शिक्षा कार्यालयले हस्तक्षेप गरी विद्यालयको स्वामित्वसम्बन्धी सूचना जारी गरेको थियो।

जिल्ला शिक्षा कार्यालय काठमाडौंका जिशिअ प्रकाश सापकोटाले कुन काम गर्ने, कुन नगर्ने भन्ने विषयमा स्पष्ट जानकारी नभएकाले सूचना जारी गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'शिक्षा विभागले यो काम गर यो नगर भन्ने विषयमा कुनै जानकारी नदिएकाले सूचना जारी गरेका हौं।'

शिक्षा विभागका महानिर्देशक बाबुराम पौडेलले स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारबाहेकका काम जिल्ला शिक्षा कार्यालयले गर्न नमिल्ने बताउँदै अन्य काम स्थानीय सरकारबाटै हुने स्पष्ट पार्नुभयो। जिशिअ सापकोटाले भने विभागले लिखित निर्देशन दिएको अवस्थामा काम गर्न सजिलो हुने दाबी गर्नुभयो।

कामपाका प्रमुख प्रशासकीय अधिकृत शर्माले जिल्ला शिक्षा कार्यालयले गरेको सूचना मान्य नहुने बताउँदै यसलाई तत्काल खारेज गर्नुपर्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो- 'जिल्ला शिक्षा कार्यालयले किन हस्तक्षेप गर्न खोजेको हो, थाहा छैन, तत्काल यस्ता काम रोक्नुपर्छ।' उहाँले यस विषयमा जिल्ला शिक्षा अधिकारीसँग छलफल गर्ने तयारी भएकोसमेत बताउनुभयो।

जिशिअ सापकोटाले आफूले लामो समयदेखि पेन्डिङ रहेको काम मात्र गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'के काम गर्ने वा नगर्ने स्पष्ट नभएकाले समस्या परेको छ।'

उहाँले शिक्षा ऐनले दिएको अधिकारअनुसार जिशिकाबाट सूचना जारी गरेको दाबी गर्नुभयो। स्थानीय सरकार सञ्चालन ऐनअनुसार विद्यालयको कक्षा १० सम्मको विद्यालय अनुमति, नक्साङ्कन, नामसारी, ठाउँसारीलगायत अधिकांश काम स्थानीय निकायले नै गर्ने उल्लेख गरिएको छ। कक्षा ८ को परीक्षा सञ्चालन गर्ने विषयमा समेत जिल्ला शिक्षा कार्यालय र स्थानीय निकायबीच विवाद देखिएको छ।

नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएको गाउँपालिका र नगरपालिकाको एकल अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐनबमोजिम हुने भएकाले स्थानीय निकायमा आइसकेको सरकारी निकायले तोकेको काम गर्नुपर्ने महानगरको धारणा छ।

हामी नेपालहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# वनमाराबाट तयार हुन्छ अगरबत्ती

टीका बन्धन, काठमाडौं

शुभ कार्य, मठमन्दिर र घरघरमा गरिने पूजापाठका लागि धूपको प्रयोग अनिवार्य हुने गर्छ। धूपको मुख्य कच्चा पदार्थ भने मुलुककै वनपाखामा फैलिने मिचाहा प्रजातिका झाडी, बुट्यान र वनमारा हुन्।

मुलुकका अधिकांश अगरबत्ती उद्योगले मिचाहा प्रजातिका झार र बुट्यानलाई प्रशोधन गरेर तयार गरिएको 'चारकोल'लाई मुख्य कच्चा पदार्थका रूपमा प्रयोग गर्दै आएका छन्। विगतमा भारतीय कच्चा पदार्थमा निर्भर रहेका नेपाली अगरबत्ती उद्योगले केही वर्षयता स्वदेशी कच्चा पदार्थलाई प्राथमिकता दिएका छन्। प्रायः मुलुकका ठूला धूप उद्योग वीरगन्ज केन्द्रित छन्, अन्य केही ठूला उद्योग हेटौंडा, सिमरा र भैरहवामा समेत सञ्चालनमा छन्।

वीरगन्जका हिमाल, नारायणी, सावित्री, बालाजी, श्रीजस्ता ठूला धूप उद्योगले बारा र मकवानपुरका सामुदायिक वनमा उत्पादित चारकोल प्रयोग गर्न थालेका छन्। गुणस्तर तुलनात्मकरूपमा राम्रो रहेको र भन्सार शुल्कसमेत नलाग्ने भएपछि मुलुकका व्यवसायी नेपाली चारकोलप्रति आकर्षित बनेका वीरगन्जको हिमाल धूप उद्योगका सञ्चालक प्रकाश खेतानले बताउनुभयो। 'अहिले नेपालका धेरै धूप उद्योगले



नेपालकै कच्चा पदार्थ प्रयोग गर्न थालेका छन्', उहाँले भन्नुभयो- 'जंगलमा फैलिएको मिचाहा प्रजातिका झार बुट्यान उद्योगको मुख्य कच्चा पदार्थ भएको छ, धेरै स्थानीयले रोजगारसमेत पाएका छन्।'

३ वर्ष अघिसम्म करिब ६० प्रतिशत कच्चा पदार्थ भारतबाट आयात गर्दै आएका अधिकांश नेपाली व्यवसायी अहिले भने मुलुककै चारकोलमा निर्भर भइसकेका खेतानको दाबी छ। मुलुकमा अहिले ५ दर्जनका हाराहारीमा ठूला र मझ्यौला धूप उद्योग नियमित सञ्चालनमा रहेको उहाँको अनुमान छ। अन्यत्रका सामुदायिक र राष्ट्रिय वनमा समेत चारकोल उत्पादन अभ्यास अघि बढाइएको खण्डमा स्वदेशी उद्योग सबल र सक्षम बन्ने खेतानको भनाइ छ।

बाराको कुशल सप्लायर्सले ठूला अगरबत्ती उद्योगलाई चारकोल निर्यात गर्दै आएको छ। 'बारा र मकवानपुरका विभिन्न ४३ वटा सामुदायिक वनबाट मात्रै विगत ३ वर्षमा ३ हजार ४ सय ६५ मेट्रिकटन चारकोल उत्पादन भएको छ, यहाँको चारकोलको ठूलो हिस्सा धूप उद्योगमा खपत हुँदै आएको छ।' -सो सप्लायर्सका कार्यकारी निर्देशक सरोज कोइरालाले भन्नुभयो। हेटौंडाको प्रभात एन्ड सन्स धूप उद्योगले पनि बारा र मकवानपुरकै चारकोल प्रयोगमा ल्याएको उहाँले बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

'आजसम्म गुरूको पक्षमा बोलियो। अब बोल्दिनँ। मेरो जोवन नै गुरूका लागि भनियो। अहिले आएर धोका भयो। उल्टै मेरा आमाबुबालाई जेल हाल्न खोज्ने ? म अब पर्दाफास गर्छु।'

रिपोर्टर्स् डायरी

# एउटा पीडितको खोजी





सुरेश तामाङ, काठमाडौं

२०७४ भदौ महिनाको १३ गते। जुन दिन मैले एउटा अप्रत्यासित सूचना पाएँ। त्यो सूचना, राजधानीकै एउटा गुम्बामा १० वर्षदेखि विभिन्न उमेरका महिलालाई बन्धक बनाई गुम्बा सञ्चालक तथा धार्मिक गुरुले यौन शोषण गर्दै आइरहेको छ भन्ने थियो। त्यो अपुष्ट थियो। यो सूचनालाई पुष्टि गर्न र थप कुरा बुझ्न पीडितको परिवारसम्म पुग्नु थियो। जहाँबाट म गुम्बासम्म पुगेर त्यससम्बन्धी सम्पूर्ण सूचना संकलन गर्न सक्थें।

म पीडितका परिवारको सम्पर्क नम्बर लिएर सूचनादातासँग छुट्टिएँ। त्यहाँबाट सीधै कार्यालय गएँ। त्यसपछि सूचना दिने व्यक्तिले दिएको नम्बरमा कार्यालयबाट नै निरन्तर फोन गर्न थालें।

केहीबेरमा केटाको स्वरमा फोन उठ्यो। र, मैले आफ्नो परिचय सुनाउँदै उनको परिचय पनि मागें। पीडित युवतीकी भाइ रहेछन्। मैले सुनेको कुराको फेहरिस्त उनलाई सुनाएँ। उनलाई मैले सुनेको कुराहरू सही हो कि होइन? वास्तविक कुरा के हो? भनेर सोधें। उनले यो कुरा वास्तविक हो तर यसबारे आफूलाई भन्दा अर्को दिदी धेरै जानकार रहेको बताउँदै सम्पर्क नम्बर दिएर मलाई फोनबाटै बिदाइ गरे।

काभ्रेकी उनी घरकी कान्छी छोरी रहेछिन्। पीडितकी आमाबुबा साथै दुई दिदी रहेछन्। मलाई पीडितका भाइले ठूली दिदीसँग कुरा गर्नु भनेर नम्बर दिएका हुन्।

अफिसमा काम प्याक भएकाले मैले भरे घरबाटै फोन गर्ने निर्णय गरें। त्यही साँझदेखि पीडितका भाइले दिएको नम्बरमा फोन लगाएँ तर फोन लागेन। भोलिपल्ट ९ बजेतिर फेरि गरें। फोन केटाको स्वरमा उठ्यो। मैले दिदी हुनुहुन्छ भनें। उनले दिदी बजार गएको सुनाए। मैले आफ्नो परिचय राखें। उनी दिदीको श्रीमान् रहेछन्। मैले यो नम्बर भाइले दिएको र दिदीसँग कुरा गर्नुपर्ने बताएँ।

उनले दिदीलाई १० मिनेटपछि फोनमा कुरा गर्न सक्ने बताए। करिब १५ मिनेटपछि मैले सोही नम्बरमा फोन लगाएँ। योपटक दिदीले उठाउनुभयो। दिदीलाई आफ्नो परिचय दिएर मैले सुनेको कुराका बारेमा बताउन आग्राह गरें। दिदीले यो कुरा साँचो हो। अहिले कान्छी बहिनीलाई त्यहाँबाट छुटाएर घर फर्काइसकेको बताउनुभयो।

उहाँले फागुन महिनामा कालिमाटी प्रहरी वृत्तमा गुम्बाका सञ्चालक र बहिनीलाई झिकाई आपसी सहमतिमा कागज गर्दै गुम्बाबाट छुटाएर घर फर्काइएको बताउनुभयो। सहमतीमै घर फर्काइसकेपछि अप्ठ्यारो हुन्छ भन्दै यो कुरालाई मिडियामा नल्याऔं भाइ भन्नुभयो।

उहाँले बहिनी १० वर्षदेखि गुम्बामा रहेको र अरू युवती र महिलाहरू पनि रहेको सुइँको दिनुभयो। मलाई झन् खुल्दुली बढेर आयो। तर, गुम्बा कहाँनिर छ ? को-को बन्धक छन् ? कहिलेदेखि छन् ? के गर्न भनेर गएका र तिनीहरू कसरी फसे ? बन्धक बनाउने मुख्य मान्छे को हो ? भन्ने कुरा मलाई थाहा थिएन, यसबारे मैले दिदीसँग जिज्ञासा राखें तर उहाँले जवाफ दिन मान्नुभएन।

दिदीले उनीहरू गुम्बाबाट बाध्यताले नै आउन नमान्ने कुरा बताउनुभयो। त्यहाँ गुरुले उनीहरूलाई गुम्बाबाट भागेमा अकाल मृत्यु हुने, परिवार नष्ट हुने, अप्रिय घटना घट्ने भन्दै डर धम्की दिएर राखेको रहेछन्। मैले सम्झाउन थालें तर दिदी थप कुरा खोल्न राजी हुनुभएन। दिदीले यतिकैमा पछि केही भो भने भाइलाई खबर गर्छु ल भन्दै फोनबाटै बिदाइ गर्नुभयो। मैले पनि जुनसुकै बेला तपाईंलाई अप्ठ्यारो परेको बेला सम्झनुस् सहयोग गर्छु भनें।

यसै क्रममा भदौ ३० गते शुक्रबार बेलुकातिरको समय हो। मेरो मोबाइलमा त्यही ठूली दिदीको नम्बरबाट फोन आयो। उहाँले भाइ फेरि समस्या भो तपाईंसँग भेट्नुपर्‍यो भन्नुभयो। भोलि समय भए स्वयम्भु आउनु भन्नुभयो। मैले हुन्छ भनें। भोलिपल्टको भेटमा उहाँले मलाई बहिनी फेरि घरबाट भागेर गुम्बा पुगेकी बताउनुभयो।

उहाँले त्यस बेला गुम्बाको बारेमा सबै कुरा खुलाएर भन्नुभयो। गुम्बा करिब १० वर्षदेखि सञ्चालनमा रहेको, दक्षिणकाली नगरपालिका-१ चाल्नाखेल बोसोनमा कासुङ गुम्बा रहेको, त्यहाँ ५/६ जना कलिला युवती २/३ जना महिलालाई बन्धक बनाई युवतीहरूलाई यौन हिंसा गरिरहेको, दैवी शक्तिमार्फत सबै रोगको उपचार गर्ने नाममा बन्द कोठामा लगेर निस्वस्त्र बनाई जबरजस्ती करणी गर्ने, यसबारे बाहिर हल्ला गरे अकाल मृत्यु हुने, परिवार नष्ट हुने भन्दै डर देखाएर राख्ने, लामाले आफूलाई १० औं अवतारी लामा भन्दै आफू नै साक्षात भगवान् भन्ने गरेको, प्राय:जसो त्यहाँ एलर्जी, छारेका रोगी जाने गरेको, त्यहाँ सिन्धुली-९ कुशेश्वर दुम्जा मलङ्गा देउरालीका गुरु रिम्पोर्छे छुल्ठिम दोर्जे योन्तान (योञ्जन) टुल्कु लामा नाम गरेको गाउँमा उनलाई माइला नामले चिनिने, उनी पहिला टुरिस्ट गाइड काम गरेको, करिब १५ वर्षअघि सो पेसा छोडेर भारतमा गई तान्त्रिक विद्या सिकेको तर लामाको धार्मिक पुस्तक पढ्नसमेत नजान्नेलगायतका कुराहरू सुनाउनुभयो।

यो कुरा उहाँकी कान्छी बहिनीले १ वर्षअघि मात्रै आफू नर्कमा फसेको, आफूलाई झारफुकको नाममा जबरजस्ती यौन सम्पर्क गर्ने गरिरहेको, आफूलाई गुम्बाबाट निकाल्न भन्दै दिदीलाई फोन गरेकी थिइन्। 'तर, परिवारका सदस्यले धेरै प्रयास गर्दा पनि बहिनीलाई त्यहाँबाट निकाल्न सकिएन। यो वर्ष उनको बिहे गर्नुपर्ने थियो। केटा जापानबाट बिहे गर्न आउने पक्कापक्की भइसकेको थियो। परिवार पूरै चिन्तित थियो। केटो आफ्नै फुपूको छोरा हुन्। उनलाई यस विषयमा सबै थाहा छ तर पनि आफू स्वीकार्न तयार छु भन्छन्', उहाँले सुनाउनुभयो- तर, उनी लामाको उही डर धम्कीले गर्दा गुम्बामै बस्न बाध्य भएको कुरा पटक-पटक मलाई भन्ने गरेकी थिइन्।' अब चिन्ता लिनुपर्दैन मेरो साथ सहयोग निरन्तर हुन्छ भन्दै सान्त्वना दिएर म त्यहाँबाट छुट्टिएँ।

त्यहाँबाट छुट्टिएपछि म सीधै बोसोनतिर गएँ। दिदीले सुनाउनुभएको साँचो हो कि होइन भन्दै चेक गर्न गुम्बा रहेको ठाउँमा पुगें। गुम्बा हेरें। वरपर रहेको गाउँलेसँग गुम्बाका बारेमा कुरा बुझें। गाउँलेसँग ४ वर्षअघि गुम्बाको परेवा मारेको निहुँमा झगडा भएको रहेछ।

त्यही दिनदेखि गुम्बामा आवत-जावत, बोलचाल बन्द भएको रहेछ। गाउँलेले लामालाई आफ्नो गाउँमा सत्कारका साथ स्वागत गरेको तर पछि आएर ढोंगी व्यवहार देखाउने, पढ्नै नआउने, केटीहरू गुम्बामा थुपारेर मोजमस्ती गर्न थालेको कुराहरू मलाई सुनाए। यस विषय धर्म र समाजसँग जोडिएकाले संवेदनशील ठहर गरी यत्तिले मात्रै समाचार नबनाउने र गहिरो खोज गरेर मात्रै अगाडि बढ्ने निर्णय गरें।

यस विषयलाई केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) सँग मिलेर काम गर्दा थप प्रमाणहरू भेटिन सक्छन् भन्ने सोचेर असोज २ गते सीआईबीका तत्कालीन प्रवक्ता एसपी मीरा चौधरीसँग भेटी यसको फेहरिस्त सुनाएँ। उहाँले पीडितका परिवारलाई बोलाउन भन्नुभयो।

मैले पनि ढिलो नगरी पीडितका जेठी दिदी र भाइलाई बोलाइदिएँ। यस विषयमा हेर्ने पिलर-३ का अधिकारीहरूसँगै राखेर लामो समय छलफल भयो। सो पिलरका अधिकारीले पीडितका परिवारको ठाडो उजुरी उतार्‍यो तर दर्ता भने भएन। सीआईबीले मास भिक्टिमको केसमा मात्रै हेर्ने भनेर अरू पीडित पनि खोज्न परिवारलाई भने। सीआईबीका अधिकारीहरूले हाम्रोतर्फबाट

> पीडित युवतीलाई गुम्बाबाट निकालेको ७ घण्टापछि गुरूले पीडित युवतीको व्यक्तिगत फेसबुकमा अँगालो हालेको, किस खाएको जस्ता अश्लील तस्वीर राखे। युवतीलाई तिम्रो फेसबुकमा त अश्लील फोटो हालेको रहेछ हेर त भनेर देखाउँदा युवतीले यो त सिम्पल हो भन्ने जवाफ दिइन्।

गर्नुपर्ने कार्य गर्दै जान्छौं तपाईंहरू पनि आ-आफ्नो हिसाबले थप सूचना, पीडित संकलन गर्नु भने।

हुन्छ भन्दै हामी आफ्नो बाटो लाग्यौं। बाटोमा गफ चल्यो। अर्को आपत् पनि आइलाग्यो। पीडितहरू कहाँबाट ल्याउने ? सबै गुम्बामा छन्, गुम्बामा गयो भने अनेक लाञ्छाना लगाउँदै प्रहरी लगाएर दु:ख दिने गरेको रहेछ। त्यही भएर पीडितका परिवार त्यहाँ जान नमान्ने रहेछन्। पीडितका परिवारलाई आफ्नो छोरी चेलीलाई भेटघाट गर्न पनि नदिने रहेछन्। फोन सम्पर्क गर्न पनि नदिने। पूरै बन्धक जीवन जस्तै।

गैह्रीधारामा बोसोनमा गुम्बा बन्नुअघि भाडामा लिएको फ्ल्याट नै रहेछ। पछि त्यो धर्म गुरुले सेफ हाउसको रूपमा प्रयोग गरेको भन्ने बुझियो। त्यहाँ अहिले गुरुको छोरी हेर्न भन्दै गुरुले गुम्बाको २ जना युवतीलाई राखेका रहेछन्। त्यसमध्ये एउटी युवतीलाई १७ वर्षको उमेरमा गुरुले जबरजस्ती यौन सम्बन्ध राखेका रहेछन्। उनले आफूलाई गुरुले जबरजस्ती गरेको भिडियोसमेत रहेको भन्ने कुरा भएपछि उनलाई उजुरी दिन लगाउने कुरा भयो।

हामीले योजना बनायौं।

योजनाअनुसार नै असोज ८ गते सीआईबीका प्रहरी निरीक्षक, प्रहरी नायव निरीक्षक महिला र म गैह्रीधाराको सो फ्ल्याटतिर लाग्यौं। त्यहाँ हामीले १७ वर्षको उमेरमा पीडित बनेको भनिएकी युवतीलाई भेटेर वास्तविकता पत्ता लगाई उजुरीका लागि सहयोग गर्नु थियो।

त्यहाँ पुगेर पीडितको नाम लिँदै उनलाई एकछिन भेट्नुपर्ने छ भनें। उनी बाहिर आइन्। महिला प्रहरीलाई छुट्टै ठाउँमा लिएर गफ गर्न लगायौं। हामी भने बाहिरै बस्यौं।

करिब १५ मिनेटपछि महिला प्रहरी निस्कनुभयो। हामीसँगै निस्केर एकसुरमा कुरा गर्दै सडकतर्फ निस्किरहेका थियौं। यत्तिकैमा एक किशोर जंगिँदै हामीतर्फ आएर भन्यो- '२ जना केटा र १ जना केटी मान्छे घरभित्र बसिरहेको तपाईंहरू नै हो ? किन आउनुभएको ? को हो तपाईंहरू ?'

थाहा छैन खोई को हो भन्दै हामी त यहाँ गर्मी भएर शीतलमा बसिरहेको भन्यौं। ए ए होइन भनेर ऊ फनक्क फर्क्यो। उसलाई हामीले प्रतिप्रश्न गर्‍यौं- 'किन सोध्नुभएको ?' 'त्यसै हो।' -उसले भन्यो। उसले त्यो बेला गुम्बाको बा८छ ३५४९ को गाडीसमेत लिएर आएको थियो। गाडीभित्र ३ जना महिला १ पुरुष देखियो। हामी गाडी लिएर बालुवाटारको बाटो हुँदै गुम्बा पुग्यौं।

हामी सोही घरमा हुँदा त्यही फ्ल्याटमा बस्ने अर्की युवती गेटबाहिर निस्किन्। ती युवती पसल गइन् होली भन्ने सोचेका थियौं तर होइन रहेछ। केही मान्छे बोलाइएका रहेछिन् उनीहरूलाई नै लिन गएकी रहिछन्।

यसै क्रममा महिला प्रहरीले हामीलाई त्यहाँभित्र भएको संवाद सुनाइन्। त्यहाँ ती युवतीले आफूलाई गुरुले त्यस्तो जबरजस्ती नगरेको, आफू छारेरोगी भएकाले यहाँ उपचारका लागि बसेको लगायतका कुरा सुनाएकी रहिछन्।

असोज २२ गते आइतबार बिहानै सीआईबीकै योजनामा उही पीडितलाई परिवारले सीआईबी कार्यालयमा ल्याए। सीआईबीले केरकार गरे। सम्झाउने बुझाउने गरे तर पीडितले आफू पीडित नभएको बताइरहिन्। बिहानदेखि बेलुकीसम्म पटक-पटक सम्झाइयो । तर, उनी आफू पीडित भएको कुरा खुलाउन सहमत भइनन्।

पीडितका परिवारले गुरुले उनलाई टुनामुना लगाएको, विभिन्न डर त्रास देखाएकाले गर्दा कुराहरू ओकल्न नसकिएको बताए। तर, सीआईबी अधिकारीहरूले पीडितले मुख नखोले कारबाही अगाडि नबढ्ने बताए।

पीडित फर्केर गुम्बा जाने भनिरहिन्। पीडित युवतीलाई गुम्बाबाट निकालेको ७ घण्टापछि गुरुले पीडित युवतीको व्यक्तिगत फेसबुकमा अँगालो हालेको, किस खाएको जस्ता अश्लील तस्वीर राखे। युवतीलाई तिम्रो फेसबुकमा त अश्लील फोटो हालेको रहेछ हेर त भनेर देखाउँदा युवतीले यो त सिम्पल हो भन्ने जवाफ दिइन्।

जे-जस्तो गरे पनि फकाउन सकिएन। उनी जहिले पनि गुम्बा र गुरुको गुनगान मात्रै गाउन थालिन्। परिवारका सदस्य सबै उनले दुस्मन ठान्थिन्। परिवारको सदस्यलाई देख्यो कि उनी रिसाइहाल्थिन्।

छोरीको व्यवहारले पूरै परिवार हायलकायल भइसकेका थिए। बेला-बेला म पनि उहाँहरूसँग भेटघाट, टेलिफोनमार्फत सम्पर्कमा रहन्थे। म सान्त्वना दिन्थें। काम भइरहेको छ, भन्थे म। मैले त्यस बेलासम्म गुम्बा आसपासका केही मानिससँग पनि गुम्बाका बारेमा राम्रै सूचना लिइरहेको थिएँ।

यसै क्रममा एकदिन पाटन उच्च अदालतले छलफलका लागि उपस्थिति हुन भन्दै पीडित युवतीका ५ जना परिवारलाई पत्र काटेछ।

छोरी उद्धार गर्न गुम्बा जाँदा गुम्बा तोडफोड गरेको, हातहतियार देखाएको, पेट्रोल बम हानेको लगायत आरोप लगाउँदै क्षतिपूर्ति भराउने मागसहित निषेधाज्ञाको समेत माग गर्दै अदालतमा रिट हालिएको रहेछ। रिटमा पीडितकी दिदी, भिनाजु, बाबा, आमा, भाइलगायतलाई विपक्षी बनाइएको थियो।

यही कुरालाई लिएर पीडित युवतीलाई तिम्रो बुबा, आमा, दिदी सबैलाई मुद्दा हालेर गुरुले जेल हाल्ने भयो। तिमी एक्लै भोज खाएर बस भनेपछि मात्रै बल्ल उनले मुख खोलिन्। उनले भनिन्- 'आजसम्म गुरुको पक्षमा बोलियो। अब बोल्दिनँ। मेरो जोवन नै गुरुका लागि भनियो। अहिले आएर धोका भयो। उल्टै मेरा आमाबुबालाई जेल हाल्न खोज्ने ? म अब पर्दाफास गर्छु।'

नभन्दै उनले सीआईबी कार्यालयमा सबै फेहरिस्ट सुनाइन्, धर्म गुरुको कालो कर्तुत छताछुल्ला भयो। र, नरकको दलदलमा फसेका युवती तथा महिलाहरूलाई उद्धार गर्न सफल भइन्।



# हेमन्तले ल्याए बिहे गीत



लोकप्रिय युवा गायक हेमन्त शर्मा एउटा पृथक शैलीको गीतको म्युजिक भिडियो सार्वजनिक गरेका छन्। बिहेबारी सम्बन्धि विषयका गीतको संख्या कम रहेको अवस्थामा शर्माले यसैबारेको गीत *डम डम डम बज्यो* तयार पारेका हुन्। गीतमा गायक शर्माकै शब्द तथा संगीत छ। श्यामश्वेत रसाइलीले यो गीतमा संगीत संयोजन गरेका छन्।

*बिहे गरौं कि नगरौं* भन्ने युवाको कथा बोकेको यो गीतको म्युजिक भिडियो आकर्षक बनेको छ। गायक शर्माले आफ्नै निर्देशनमा म्युजिक भिडियो तयार पारेका हुन्। गायक शर्माका अनुसार म्युजिक भिडियोमा झन्डै ६५ जनाभन्दा बढिको सहभागिता छ। भिडियोमा नायिका प्रियंका कार्की, दुर्गेश थापा तथा केशव ज्ञवालीले अभिनय गरेका छन्। ज्ञवाली बुटवलतिरका अधिकांश मेला-महोत्सवमा नृत्य गरिरहने कलाकार हुन्। म्युजिक भिडियोमा एक जोडी जर्मन नागरिकले पनि अभिनय गरेका छन्। भिडियोमा शिव बिकको कोरियोग्राफी छ। धीरजजंग शाहद्वारा छायांकन गरिएको भिडियोलाई प्रकाश तुलाधरले सम्पादन गरेका छन्। यो भिडियोलाई गायक शर्माले आफ्नै यँट्युब च्यानलबाट सार्वजनिक गरेका हुन्।

# निल भारतमा फैलँदै



हेयर स्टाइलिष्ट निल डेभिड कटुवालको लोकप्रियता नेपालसँगै भारतमा पनि बढ्न थालेको छ। यसै क्रममा हालैमात्र मुम्बईको स्वस्तिक फ्रेन्चाइजी म्यानेजमेन्टसँग भारतका विभिन्न शहरमा १ शय वटा सलुन सञ्चालन गर्ने सम्झौता गरेका कटुवालले मुम्बई म्यानेजमेन्टको तर्फबाट पहिलो फ्रेन्चाइजीस्वरुप आसामको राजधानी गुहाटीस्थित जीएस रोडमा निल डेभिड युनिसेक्स सलुन सञ्चालनमा ल्याएका छन्।

सलुनको शुभारम्भ निलका साथमा आसामी अभिनेत्री निसिता गोस्वामीले गरेकी थिइन्। निसिता आसामबाट पहिलो राष्ट्रिय पुरस्कार पाउने अभिनेत्री मोलोया गोस्वामीकी अभिनेत्री छोरी हुन्। ११ शय स्क्वायरमा फैलिएको निल डेभिड्स इन्टरनेशनल युनिसेक्स सलुन महाराष्ट्रका व्यापारी अभिनन्दन रोयले झण्डै ४० लाख भारतिय रुपियाँमा सञ्चालनमा ल्याएका हुन्।

झापाको लक्ष्मीपुरका निलले काठमाडौं र जिल्लाबाहिरका शहरसँगै भारतका विभिन्न शहरमा अत्याधुनिक सुविधायुक्त सलुन विस्तार गर्दै आएका छन्। ४९ सलुन र एकेडेमीबाट ४ शयभन्दा बढीलाई राजेगार दिएका निलको फ्रेन्चाईजी सन् २०१८ मुम्बई मेनेजमेन्टको अर्को प्रोजेक्टस्वरुप अलाहबादकी व्यापारी अर्चना अग्रवालले झण्डै १ करोडको लगानीमा अलाहबादमै निल डेभिडस इन्टरनेशनल सलुन एण्ड एकेडेमी सञ्चालनमा ल्याउने भएकी छिन्। यसका साथै अब वनारस, लखनउ, नोडिया र दिल्लीमा पनि फ्रेन्चाइजी सञ्चालनमा ल्याउने तयारी भईरहेको निलले जानकारी गराएका छन्। नेपालमा समेत फ्रेन्चाइजी ब्राण्ड विस्तार गर्दै आएका निलले काठमाडौंमा ५ फ्रेन्चाइजीका साथमा विर्तामोड, धरात, काकडभित्ता, पथरी, नेपालगञ्ज र भैरहवामा पनि फ्रेन्चाइजी सञ्चालनमा ल्याउने तयारी भईरहेको बताए। यसका लागि निल थप नयाँ शैलीको हेयर स्टाइल अध्ययनका लागि एक साता लण्डन जाने भएका छन्। उनी केहीअघि मात्र अहमदाबाद गुजरातकोका हेयर एण्ड व्युटी प्रोडक्टस ब्रिलारे साइन्सको नेपालका लागि ब्राण्ड एम्बेसडर भएका छन्।

# लोकगीतमा रमाए लमजुङबासी



लमजङ, (नेस)। लोकगायक चोलेन्द्र पौडेल, तुलसी केसी र माण्डवी त्रिपाठीको सांगीतिक प्रस्तुतिका साथमा लमजुङबासीहरू रमाउँदै नाचेका छन्। लमजुङको रागिनास नगरपालिका ८ को तार्कुघाटस्थित वीरभक्ति आमाविको स्वर्ण महोत्सवका अवसरमा आयोजित कार्यक्रममा राष्ट्रिय कलाकारहरूले आफ्नो कला र गलाका माध्यमले जिल्लाबासीलाई नचाएका हुन्।

क्षेत्रीय शिक्षा निर्देशक विष्णुप्रसाद अधिकारीद्वारा शुभारम्भ गरिएको कार्यक्रम सोही विद्यालयको हातामा आयोजना गरिएको थियो। समारोहमा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका केन्द्रीय सहमहासचिव समेत रहेका चोलेन्द्र पौडेलले रतेली, तीजमा गाइने गीतदेखि आफ्नो एकल र तुलसा केसीसँग दोहोरी गाएर सहभागीहरुलाई नचाएका थिए। उनको भरखरै बजारमा आएको *सालैजो* दोहोरी गीत धेरैले मन पराएका थिए। रत्यौली गाउँदै आफँले कास्कीपछि लमजुङको जुठो खाएको स्मरण गर्दा दर्शकहरूले कर्तल ध्वनीले पौडेलेको सम्मान गरेका थिए।

लोकगायिका तुलसा केसीले *कति राम्रो लमजुङको गाउँ छ, सम्झी सम्झी आउन मन लाग्छ, दाइ दाइ नभन मलाई, मोहनी लाग्यो मलाई*सहितका गीत गाएर मनोरञ्जन दिलाएकी थिइन्।

यसैगरी सोही विद्यालयको कार्यक्रमबाट गायन कलाको थालनी गरी राष्ट्रिय लोकगायिका बन्न सफल माण्डवी त्रिवाठीले स्मरण गरिन्। उनले २०५१ सालको त्यो कार्यक्रममा आफँ र आफ्नो भाइ राजेन्द्रले *कुन मन्दिरमा जान्छौ यात्री* गाएर यो स्थानमा आउन पाएकोले त्यसको श्रेय यसै विद्यालय र त्यस समयका आयोजक तथा अतिथिहरूलाई जान्छ भनिन्। त्योसँगै उनले आफ्नो बहुचर्चित गीत *सिम्पल सिम्पल कान्छी*को *डिम्पल पर्ने गाला* बोलको गीतमा धेरैलाई नचाइन्। *गुरु ब्रह्मा गुरु विष्णु* भजनबाट गायन थालेकी माण्डवीले भरखरै बजारमा आएको *हातमा रुमाल हल्लाउँदै, ढल्क्यो ढल्क्यो जोवन मेरो तिमी तिरै ढल्क्यो, टाकन टुकन टक्क*सहितका गीत गाएकी थिइन्।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सफी मियाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सोही विद्यालयका सहायक प्रधानाध्यापक नुरमोहमद मिया र शिक्षक सिताराम अधिकारीले गरेका थिए।



**नयाँ जोडी** | *जात्रा* निर्देशक प्रदीप भट्टराईको निर्देशन र मह जोडीको निर्माणमा निर्माणाधिन फिल्म *शत्रु गते*को एक गीतमा नृत्य गर्दै हरिवंश आचार्य र दीपाश्री निरौला।





सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४

मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR:
NIC ASIA एन आई सी एशिया बैंक लि.
IME International Money Express Fast, Reliable And Secure Remittance
KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
छक्का पञ्जा – Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल – Type KFA space 1B & send to 32722
गाजलु – Type KFA space 1C & send to 32722
जात्रा – Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र – Type KFA space 1E & send to 32722

**विधाः सर्वोत्कृष्ट निर्देशक**
सुवर्ण थापा - बाटोमुनिको फूल-२ – Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२ – Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु – Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र – Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२ – Type KFA space 2E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दयाहाङ राई - वीरविक्रम – Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु – Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा – Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय – Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द – Type KFA space 3E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेतृ**
प्रियंका कार्की - छक्का पञ्जा – Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल – Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा – Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा – Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय – Type KFA space 4E & send to 32722

**विधाः सर्वोत्कृष्ट खलपात्र**
ध्रुव कोइराला - बाजिगर – Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम – Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा – Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा – Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस – Type KFA space 5E & send to 32722

**विधाः सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे - छक्का पञ्जा – Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा – Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२ – Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु – Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा – Type KFA space 6E & send to 32722

**विधाः सर्वोत्कृष्ट संगीतकार**
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें – Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल – Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार – Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ – Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै – Type KFA space 7E & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायक**
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें – Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल – Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा – Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल – Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा – Type KFA space 11E & send to 32722
स्वस्प्रराज आचार्य - शब्द/हरपल – Type KFA space 11F & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायिका**
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम – Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो – Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ – Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार – Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै – Type KFA space 10E & send to 32722

**विधाः लक्स पपुलर च्वाइस अवार्ड**
वर्षा राउत – Type KFA space 8A & send to 32722
केकी अधिकारी – Type KFA space 8B & send to 32722
प्रियंका कार्की – Type KFA space 8C & send to 32722
ऋचा शर्मा – Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ – Type KFA space 8E & send to 32722

2017, DEC Wednesday 20

घाउलाई दबाएर राख्दा कुनै फाइदा हुँदैन, त्यसलाई फुट्नै दिनुपर्छ।
- महात्मा गान्धी

केही ज्ञान लिनका लागि शुरुमै आफूलाई अज्ञानी सम्झने गर।
- डिजरायाली

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# राष्ट्रपतिलाई विवादमुक्त बनाऊ

नयाँ संरचनाअनुसार मंसिरमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मत परिणाम सार्वजनिक भैसकेको छ । निर्वाचन आयोगले आधिकारिकरुपमा घोषणा गर्न भने बाँकी छ। निर्वाचनपछि अहिले राष्ट्रिय राजनीति राष्ट्रिय सभा गठन पहिला कि सरकार गठन पहिला भन्ने विवादमा अल्झिएको छ। निर्वाचनमा आफ्नो स्पष्ट बहुमत आएपछि नेकपा एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले काग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा रहेको काम चलाउ सरकारलाई नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गरिदिन दबाब दिइरहेको छ। वर्तमान सरकार भने राष्ट्रिय सभा गठन नभई नयाँ सरकार गठन गर्न नमिल्ने भएकोले राष्ट्रिय सभाको गठनपछि मात्र नयाँ सरकार निर्माणको लागि बाटो खुल्ने जनाइरहेको छ। प्रमुख दलहरुबीच राष्ट्रिय सभाको गठन बहुमतीय प्रणालीबाट हुने कि एकल संक्रमणीय चुनाव प्रणालीअनुसार गर्ने भन्ने विवाद बढेपछि अहिले राष्ट्रपतिसमेत विवादमा तानिने सम्भावना बढेर गएको छ ।

सरकारले एकल संक्रमणीय चुनाव प्रणाली राखेर राष्ट्रिय सभा गठनसम्बन्धी अध्यादेश कात्तिक ७ गते राष्ट्रपति कार्यालयमा पठाए पनि राष्ट्रपति कार्यालयले यसलाई जारी गरेको छैन। प्रमुख वाम घटक दल एमाले र माओवादीले संविधानले बहुमतीय र समानुपातिक गरी दुईवटा मात्र निर्वाचन प्रणालीको व्यवस्था गरेको भन्दै सरकारले पठाएको अध्यादेशमा संविधानमै नभएको एकल संक्रमणीय प्रणाली उल्लेख गरिएकाले राष्ट्रपतिले यो अध्यादेश जारी गर्न नमिल्ने बताइरहेको र राष्ट्रपतिले समेत दुई महिनासम्म अध्यादेश रोकेर राखेपछि राष्ट्रिपति विवादमा तानिदै गएको आभास हुन थालेको हो । संविधानको धारा ११३ को उपधारा (२)मा प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस भएको विधेयक १५ दिनभित्र प्रमाणीकरण गरी त्यसको सूचना यथासम्भव चाँडो दुवै सदनलाई दिनुपर्ने उल्लेख छ । राष्ट्रपतिलाई चित्त नबुझे विधेयक पेस भएको १५ दिनभित्र सन्देशसहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सक्ने संवैधानिक व्यवस्था भए पनि राष्ट्रपतिले सो विधेयक दुई महिनासम्म रोकेर गल्ती गरेको आरोप पनि लागिरहेको छ । कार्यकारी अधिकार प्रधानमन्त्रीमा निहित हुने भएकाले मन्त्रिपरिषद्बाट पास गरेर पठाएका अध्यादेश राष्ट्रपतिले जारी गर्नुपर्छ भन्दै त्यो अध्यादेश ठीक वा बेठिक, संवैधानिक वा असंवैधानिक जे भए पनि त्यसको जश–अपजश मन्त्रिपरिषद्लाई जाने वर्तमान सरकार पक्षको भनाइ छ ।

यो अध्यादेशसँगै दलहरुबीच सरकार गठनको विवाद पनि बढ्दै गएको छ । कांग्रेसले राष्ट्रिय सभाको गठन नभई प्रधानमन्त्री नियुक्त हुन नसक्ने भनिरहेको छ भने निर्वाचनपछि ठूलो दल बनेको एमालेले संवैधानिक व्यवस्थाअनुसार प्रधानमन्त्री नियुक्त गर्न राष्ट्रिय सभाको गठन आवश्यक नपर्ने बताइरहेको छ। निर्वाचन आयोगले समेत राष्ट्रिय सभामा दलको प्रतिनिधित्व एकिन नभई अन्तिम मत परिणाम सार्वजनिक गर्न नसकिने जनाएकोले पनि राष्ट्रिय सभा गठन नभई नयाँ सरकार गठनको बाटो नखुल्ने देखिएको छ। संविधानको धारा ८४ को उपधारा ८ अनुसार संघीय संसद्मा प्रत्येक दलले आफ्नो प्रतिनिधित्वको एक तिहाइ महिला सांसद पठाउनै पर्ने उल्लेख छ। प्रत्यक्षतर्फ राष्ट्रिय सभामा प्रत्येक दलका कति महिला निर्वाचित भए भन्ने एकिन नभई आफूले दलहरुलाई समानुपातिकतर्फ कति महिला पठाउनुपर्छ भनेर भन्न नसक्ने भन्दै निर्वाचन आयोगले राष्ट्रिय सभाको गठनपछि मात्र दलहरुलाई समानुपातिकमा उनीहरुले प्राप्त गरेको सिट संख्या र उनीहरुले पठाउनुपर्ने महिला, दलित, जनजाति आदिको संख्या तोकेर पठाउन सकिने बताउँदै आएको छ ।

निर्वाचन आयोगले अन्तिम परिणाम राष्ट्रपति कार्यालयमा नपठाई राष्ट्रपतिले कुनै दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्न नसक्ने भएकोले पनि राष्ट्रिय सभा गठनमा दलहरुले विवाद तत्काल टुंग्याउनुपर्ने देखिन्छ। अध्यादेश रोकेको विषयमा राष्ट्रपतिको पक्ष–विपक्षमा कानुनविद्हरुको समेत फरक–फरक धारणा आइरहेको बेला यो विवादलाई प्रमुख दलहरुले सहमति गरी राष्ट्रपतिलाई विवादमुक्त बनाएर सहज निकास निकाल्नु नै बुद्धिमानी हुने देखिन्छ ।

# काठमाडौंको प्रदूषण विकराल समस्या



डा. माधव अधिकारी

राजधानी काठमाडौंमा शहरीकरण तीव्र छ। शहरीकरणको तीव्र चापले गर्दा नै प्रकृतिले सिर्जना गरेको हावा, पानी, पहाड, नदीनाला, वन जंगल आदिको ह्रास हुँदै गएको छ। फलस्वरुप आदिम कालदेखि मानवसहित पर्यावरण सम्पूर्ण सजीव तथा निर्जीव वस्तुहरुको सन्तुलन खलबलिएको छ। यही कारण लाखौं नागरिकहरु आकस्मिक समस्या भोग्न बाध्य भएका छन्। नेपालको प्रमुख शहर काठमाडौंको सन्दर्भमा वातावरण प्रदूषण यहाँको मुख्य समस्याको रुपमा रहेको छ। काठमाडौंमा वायु प्रदूषणको मुख्य कारकको रुपमा भन्नुपर्दा सवारीसाधनको बढ्दो चाप, जनसंख्या वृद्धि, प्राकृतिक स्रोतको दोहन, आधुनिक प्रविधिको जथाभावी प्रयोग, वनजंगल विनाशलाई लिन सकिन्छ। यसका अतिरिक्त अव्यवस्थित शहरीकरण, औद्योगिकीकरण, अव्यवस्थित फोहोरमैला, अनुगमनको अभाव, ऐन-कानुनको कार्यान्वयन नहुनु, समन्वयको अभाव, जनचेतनाको कमी, अवैज्ञानिक सडक विस्तार, भौतिक संरचनाहरुको निर्माण तथा मर्मतले गर्दा काठमाडौंमा धूलो र धुवाँको प्रदूषण उच्च विन्दुमा छ। यसै करणले दुर्भाग्यवश काठमाडौं एसियाको प्रदूषित शहरमध्ये एक भएको छ। यसले गर्दा नेपालीको शिर निहुँरिएको छ।

वायु प्रदूषणका कारण हामीले श्वास लिने हावामा शुद्ध अक्सिजन मात्र नभई यसमा अन्य हानिकारक ग्यास, धुवाँजन्य तत्व नाइट्रस अक्साइड, सल्फरडाइ अक्साइड, मिथेन, क्लोरोफ्ल्युरो कार्बन इत्यादि तत्वहरुको मिश्रण भएको पाइन्छ। यसले हावालाई विषाक्त तुल्याई मानव स्वास्थ्यलाई नै असर पुऱ्याउँछ। नेपालमा प्रतिलाख २६ जना अर्थात् वर्षमा १० हजार ८० जनाको मृत्यु वायु प्रदूषणजन्य रोगका कारण हुने गरेको तथ्याङ्क छ। हावामा मिसिएको १० पार्टिकुलर म्याटरका धूलोका कण नाक तथा घाँटीसम्म पुग्ने प्रकृतिका हुने र २.५ पी.एम.सम्मका मसिना धूलोका कण सीधै रगतमा मिसिई मुटुरोग, दम, फोक्सोको क्यान्सर तथा अन्य रोगहरु लाग्न सक्ने देखिन्छ। यसबाहेक वायु प्रदूषणका कारण वातावरणलाई प्रत्यक्ष असर पारी ओजोन तह विनाश, जलवायु परिवर्तन, अम्लीय वर्षाजस्ता दीर्घकालीन प्रभावहरु पार्दछन्। नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई सफा तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गर्नुका साथसाथै पीडितले प्रदूषकबाट क्षतिपूर्ति भराई लिन पाउने व्यवस्थासमेत गरेको छ।

सरकारी तथा अर्धसरकारी निकायको लापरबाहीका कारण झन्-झन् प्रदूषित बन्दै गइरहेको काठमाडौं उपत्यकाको हावामा सास फेर्न नै असहज भएको छ। सरकारी तथा गैरसरकारी निकायले केही समयपहिले उपत्यकाका केही स्थानमा स्टेसन राखी प्रदूषण मापन गर्दा राजधानीको हावा सास फेर्न अयोग्य रहेको जनाएको छ। सो अनुसार काठमाडौंले केही महिनादेखि पर्टिकुलेट म्याटर २.५ को धूलोको मापन गरी अनलाइनमार्फत २४ घन्टाकै प्रदूषणको रिपोर्ट दिँदै आएको पाइन्छ। सो रिपोर्टअनुसार धूलोका कणहरु सोझै फोक्सोमा पुगी रक्तनलीमार्फत शरीरभरि फैलिने देखिछ। पर्टिकुलेट म्याटर २.५ का धूलोका कण १५६ देखि १८६ माइक्रोग्राम घनमिटरसम्म पुगेको जनाएको छ। पर्टिकुलेट म्याटर २.५ का धूलोका कण श्वासका माध्यमबाट फोक्सो हुँदै रक्तनलीसम्म पुग्ने गर्छ। यो अवस्था शरीरका लागि अति संवेदनशील मानिन्छ। यो अवस्थाबाट जोगिन विशेषज्ञहरूले सल्लाह दिएका छन्। आँखाले देख्न नसकिने यस्ता धूलोका कण शरीरका बाहिरी अंग आँखा र छालाका लागि पनि अति हानिकारक हुने विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले उल्लेख गरेको छ। डब्लुएचओको मापदण्डले पीएम २.५ को मात्रा २५ माइक्रोग्राम घनमिटरसम्म तोकेको छ। नेपालको राष्ट्रिय मापदण्डले भने ४० माइक्रोग्राम घनमिटरसम्म तय गरेको छ। तर, २४ घन्टाको हरेक समयमा उपत्यकाको वायुमण्डलमा पीएम २.५ को मात्रा योभन्दा धेरै बढी हुन्छ।

सरकारी तथा गैरसरकारी संस्थाले केही समयअगाडि उपत्यकाको रत्नपार्क, पुल्चोक, धुलिखेलमा प्रदूषण मापकयन्त्र राखेर प्रदूषण मापन गर्दै आएको छ। एक गैरसरकारी संस्थाले बल्खु, बौद्ध, बूढानीलकण्ठ, एकान्तकुना, गल्कोपाखा, हात्तीसार, कलंकी, कालिमाटी, कोटेश्वर, नयाँबानेश्वर, पुतलीसडक, सानेपा, सातदोबाटो र थापाथलीमा प्रदूषण मापन गर्दै आएको जनाएको छ। विभागले रत्नपार्कमा राखेको प्यारोमिटरले पीएम २.५ को मात्रा १ सय ९२ माइक्रोग्राम घनमिटरसम्म नापेको छ। डब्लुएचओले सामान्यतः पीएम २.५ को धूलो १० माइक्रोग्राम घनमिटरसम्म हुनु स्वास्थ्यका लागि योग्य मानेको छ। ११ देखि २५ सम्म उसले दैनिक मापदण्डभित्र राखेको छ। डब्लुएचओले २६ देखि ४० हल्का, ४१ देखि ७५ सम्म प्रदूषित, ७६ देखि १५० अति प्रदूषित र त्यसभन्दा माथि खतराजनक भनेको छ। बिहान, दिउँसो, साँझ र रातिको पीएम २.५ को तथ्यांकअनुसार उपत्यकाको हावा पूर्ण समय सास फेर्न स्वास्थ्यको लागि खराब हुने भएकोले वायु प्रदूषण तुरुन्त हटाउनुपर्दछ।

काठमाडौं उपत्यकाका विभिन्न स्थानको वायु प्रदूषण नापजाँचको क्रममा काठमाडौंलाई सबैभन्दा न्यूनस्तरका शहरमा सूचीकृत गरेको पाइएको छ। तथ्यांक विश्लेषण, उपलब्धता, प्रदूषण इभेन्ट्री र वायु गुणस्तर व्यवस्थापन पनि कमजोर रहेको उल्लेख गरिएको छ। काठमाडौं प्रदूषित शहर बन्नुको कारक तत्वमा बनोटलाई पनि लिन सकिन्छ। उपत्यकाको बनोटअनुसार यहाँ भएको प्रदूषित हावा वा अन्य प्रदूषित पदार्थ कठमाडौं उपत्यकाबाहिर न्यून एकाइमा निष्कासन हुन्छ, जुन कारणले काठमाडौं उपत्यका वायु प्रदूषणको सिकार भई गुणस्तरीय स्वास्थ्यको ह्रास भएको छ।

वायु प्रदूषण हुनुको प्रमुख कारणको रुपमा अन्तरसरकारी निकायको समन्वयको अभाव पनि प्रमुख हो। एउटा निकायले गरेको कार्यप्रति अर्को निकाय पूर्ण अनभिज्ञ हुनु जस्तै- सडक विभागले भर्खर बाटो निर्माण गरेको हुन्छ, त्यहाँ निर्माणपश्चात् खानेपानीको पाइप बिछ्याउन सडक खन्ने भनेर भत्काउने, त्यो काम सिद्धिन्छ पुनः ढल निकासले ढल राख्नलाई सडक बिगार्ने आदि। यी उदाहरणको रुपमा प्रतिनिधि घटना मात्र हुन्, यस्ता यहाँ हजारौं कार्य भइरहेको छ। एक-आपसमा समन्वय छैन, त्यसले गर्दा अर्बौं रुपियाँ ह्रास भएको छ। खनिएको सडकबाट निस्किएको माटो लामो समयसम्म पनि सडकमै छोडिनु र न्यूनतम आधारभूत प्रक्रियासमेत पूरा नगरी गरिएको क्रियाकलापको फलस्वरुप उक्त माटो धूलोमा परिणत भइरहेको छ। सोही धूलोका स-साना कण सवारीसाधनका घर्षण तथा गतिले गर्दा हावामा मिसिन गई वर्तमान अवस्थामा चरम वायु प्रदूषण हुन गएको छ। अर्कातिर सवारीसाधनबाट निस्किने धूलो-धुवाँले वायु प्रदूषण भएको छ। सवारीसाधनबाट निस्कने धूलोमा पाइने लिड तथा बेन्जिन, कार्बन मोनोअक्साइडलगायतको तत्वको समिश्रणले गर्दा श्वास-प्रश्वासका माध्यमबाट मानवशरीरमा प्रवेश गरी विभिन्न रोगको सिकार भइन्छ। विकास र वातावरण दुवै अपरिहार्य छन्। वातावरण र विकासबीच सन्तुलन कायम गर्न सक्नुपर्छ। विभिन्न क्रियाकलाप गर्दा वातावरणलाई हानि, नोक्सानी पुऱ्याउनुहुँदैन। वातावरणलाई जस्ताको तस्तै भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्छ।

उल्लिखित कारक तत्वको कारणले राजधानी काठमाडौंमा वातावरणीय प्रदूषणसँगै देखा परेका समस्याको सुधार नहुँदा अम्लीय वर्षाको गम्भीर समस्याको चापमा काठमाडौं उपत्यका नपर्ला भन्न सकिँदैन। आकाशमा चर्को घाम लागिरहेकै बेला अचानक वर्षा हुने गरेको दृश्य हिजोआज सामान्य बन्दै गएको छ। कहिलेकाहीं त आकाशे पानीको रंग पनि छुट्टै देखिने गरेको छ। जो-कोहीको मनमा पनि यसले खुल्दली पैदा गर्न सक्छ, यस्तो किन भयो ? वर्षाको पानी आफैं रंगीन हुनुको कारण धेरैलाई थाहा नहुन सक्छ। वैज्ञानिकका अनुसार यो अम्ल वर्षा (एसिड रेन) हो। बढ्दो प्रदूषणका कारण अम्ल वर्षा आमसमस्या बनिसकेको छ। यसको असर अत्यन्तै खतरनाक हुन्छ। बोटबिरुवालाई मात्रै होइन, ऐतिहासिक धरोहरलाई पनि क्षति पुऱ्याउँछ। चुनढुंगाले बनाइएका धरोहरहरु र त्यसमा प्रयोग गरिएका धातुहरुलाई अम्ल वर्षाले कुरुप बनाउने गरेको छ।

> बढ्दो प्रदूषणका कारण अम्ल वर्षा आमसमस्या बनिसकेको छ। यसको असर अत्यन्तै खतरनाक हुन्छ। बोटबिरुवालाई मात्रै होइन, ऐतिहासिक धरोहरलाई पनि क्षति पुऱ्याउँछ। चुनढुंगाले बनाइएका धरोहरहरु र त्यसमा प्रयोग गरिएका धातुहरुलाई अम्ल वर्षाले कुरुप बनाउने गरेको छ।

वायू प्रदूषण हुनुको कारण पत्ता लगाई त्यसको रोकथाम तथा नियन्त्रणतर्फ विशेष ध्यान दिनु जरुरी छ। सडकमा गुड्ने सवारी तथा यातायातका सधानहरुको चाप कम गर्ने, ग्रिन स्टिकरको व्यवस्था गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ। अन्तरसरकारी निकायबीच समन्वय नहुनु पनि वायु प्रदूषणको एक सशक्त कारण भएकोले ती निकायबीच समन्वय हुनु अति आवश्यक छ। साथै प्राकृतिक दोहनप्रति नागरिक चेतना वृद्धि गर्नु, राजनीतिक स्वार्थ त्याग्नु, योग्य तथा दक्ष जनशक्ति परिचालन गर्नु, जिम्मेवारी एवं कर्तव्यबोध हुनु पनि उत्तिकै जरुरी छ। उचित कानुन, पूर्वाधार विकास, गैरसरकारी सञ्जाल, फोहोरलाई मोहोरमा परिणत, मानव स्रोत-साधनको उचित प्रयोग, दीर्घकालीन योजना, आर्थिक क्रान्तिलाई पनि प्राथमिकतामा राखिनुपर्छ। यसका अतिरिक्त सक्षम जनशक्ति विदेश पलायन हुन नदिने, द्वन्द्व घटाई पूर्ण शान्ति कायम गर्ने, शहरीकरण विकेन्द्रित गर्ने आदि कार्य भएमा पक्कै वातावरणीय समस्याहरु समाधान भई गुणस्तरीय जीवनमा टेवा मिल्नेछ।

## पाठक पत्र

### के गरेमा लाइसेन्स रद्द हुन्छ ?

लाइसेन्सको कुन-कुन प्रकारले दुरुपयोग गरेमा खारेज हुन्छ भन्ने कुरा हामी सबैले जान्नुपर्ने हुन्छ। सार्वजनिक यातायातलाई सुरक्षित र व्यवस्थित पार्न बनेको नियमावलीले विभिन्न कुराहरुलाई उल्लेख गरेर लाइसेन्स रद्द हुन सक्ने अवस्था उल्लेख गरेको छ। नेपाल समाचारपत्रको पाठकपत्रमार्फत मैले यो जानकारीका लागि उल्लेख गरेको हुँ।

**निम्न अवस्थामा सवारीचालक अनुमति पत्र रद्द हुन्छ :**

- तोकिएभन्दा बढी यात्रु राखेर सञ्चालन गरेमा
- मालवाहक सार्वजनिक सवारीसाधनमा तोकिएभन्दा बढी तौलको मालवस्तु राखेर सवारीसाधन चलाएमा
- मादक पदार्थ वा कानुनले निषेध गरेको लागूऔषधको प्रयोग गरी सवारीसाधन चलाएमा
- चालक अनुमतिपत्र अरूलाई प्रयोग गर्न दिएमा
- तोकिएभन्दा बढी गतिमा सवारीसाधन चलाएमा
- अर्को सवारीसाधानमा चढ्न लागेका वा चढ्ने तयारीमा रहेकालाई हस्तक्षेप गरेमा
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग गरेमा
- तोकिएकै समयमा वा नतोकिए पनि उपयुक्त समयमा यात्रा नटुंगिने गरी ढिलाइ गरेमा वा समयमा यात्रा टुंग्याउन लापरबाही गरेमा
- जाँच नभएको सार्वजनिक सवारी चलाएमा
- रुट इजाजत नभएको ठाउँमा यात्रु वा मालवस्तु ओसारपसार गर्न सवारीसाधन सञ्चालन गरेमा
- सार्वजनिक सवारीसाधनमा चाहिने ब्लुबुक, चालक अनुमतिपत्र, बिमा र सवारी जाँचको प्रमाणपत्र साथमा नराखी सवारीसाधन सञ्चालन गरेमा

*- सुमित कंशाकार, एलएलबी प्रथम वर्ष*

### सरकारले नदेखेको कर छली




नेपाल सकारको कर छली विभिन्न किसिमले हुँदै आएको छ। विज्ञापनका लागि राखिने होर्डिङ बोर्ड व्यक्तिगत घरमा राख्दा घरधनीले वार्षिक ५० हजारसम्म लिँदा सार्वजनिक स्थानमा राख्दा सरकारलाई केही नबुझाएको पाइएको छ। सरकारी जमिनको आसपास, खोलाको छेउमा राखेका त्यस्ता होर्डिङ बोर्डहरुको पैसा कसले लिन्छ ? नगरपालिका या अन्य निकाय, अनि सरकारी नीतिमा होर्डिङ बोर्ड राख्न नपाउने नियम हुँदाहुँदै पनि विभिन्न जिल्लाका सबै क्षेत्रमा व्यापक मात्रामा होर्डिङ बोर्डहरु राखेर विज्ञापन भइरहेको छ।

यस विषयमा सरकारको ध्यान नगएको पाइएको छ। विभिन्न कम्पनीले राखेका यस्ता बोर्डबाट सरकारलाई राजस्व उठ्नु जरुरी छ। यस विषयमा कानुन नै बनाएर काम गर्न नेपाल सरकारका सम्बन्धित अधिकारीलाई मेरो सुझाव छ।

*- दीपिका प्रसाईं, रोल्पा*

### योमरी पुन्हीप्रतिको आकर्षण

मार्ग शुक्ल पूर्णिमालाई नेवार समुदायले योमरी पुन्हीको रूपमा हर्षोल्लासका साथ मनाएका छन्। चामलको पीठोबाट बनेको विशेष परिकारलाई चाकुसँगै खाँदा चिसो सहन गर्ने क्षमता बढ्ने विश्वास नेवार समुदायमा छ। ज्यापू दिवसको समेत मान्यता पाएपछि झन् धुमधाम हुन थालेको योमरी पुन्ही पछिल्लो समयमा अन्य समुदायको पनि आकर्षण बन्दै गएको छ। योमरी पुन्ही नेवार समुदायको विशेष पर्वको रुपमा प्रसिद्ध छ। केही वर्षयता ज्यापू दिवसको रूपमा पनि मनाइँदै आएको छ। काठमाडौं उपत्यकाका नेवार समुदायले ४ सय वर्षअगाडि सूर्य उत्तरायण हुने दिन माघ १ गतेबाट मार्ग शुक्ल पूर्णिमामा सारेर योमरी पुन्ही मनाउन थालेको बताइन्छ।

चामलको पीठोबाट बनेको विशेष परिकारमा चाकु राखेर बनाइन्छ, योमरी। मार्ग शुक्ल पूर्णिमाको दिन योमरी खाए शरीरमा जाडो सहन गर्ने शक्ति बढ्ने विश्वास पनि गरिँदै आएको छ। योमरी पुन्हीका दिन नयाँ अन्न राखिएको भकारी एवम् भण्डारमा योमरीलगायत लक्ष्मी, गणेश, कुवेर, नाङ्लो, सुकुन्दा, कुचो समातेको मान्छे, पानस, कछुवा आदिको मूर्तिसहित चेप्टो स-सानो पात आकारको ल्होँचामरी बनाई पूजा गरी चढाउने प्रचलन रहिआएको छ। योमरीलाई भकारीलगायत अन्नका भण्डारमा चढाउँदा धनसम्पत्ति र अन्न लाभ हुने जनविश्वास रहेको छ।

योमरी पुन्हीका दिन परम्परागत नेवारी भेषभूषामा सजिएर युवायुवतीहरूले रमाइलो गर्ने चलनसमेत विकास हुन थालेको छ। योमरी बनाउँदा चामलको पीठोमा तातोपानी हालेर मुछेपछि डल्लो बनाई एकछेउ चुच्चो हुने गरी औंलाको सहायताले खाल्डो पारिन्छ। अण्डाकारको स्वरूपमा आइसकेपछि पीठोभित्र विशेष प्रकारले बनाइएको चाकु र तिलको मिश्रण राखिन्छ। यसरी बनाइएको योमरी बाफले मात्रै पकाइन्छ। आजकल योमरी खाने र हेर्नेहरूको भीड पनि उत्तिकै देखिन थालेको छ।

तिहारमा देउसी-भैलो खेलेझैं टोल-टोलका घर-घरमा गएर युवायुवतीले गीत गाउँदै योमरी माग्ने प्रचलनसमेत छ। योमरी मास, खुवा आदि राखेर पनि बनाउने गरिन्छ। चामलको पीठोबाट बनाई बाफले मात्रै पकाइने भएकाले योमरी स्वादिलो र स्वास्थ्यका हिसाबले पनि उपयुक्त मानिन्छ। किंवदन्तीअनुसार पाञ्चाल देशका सुचन्द्र नाम गरेका दानी र धर्मात्मा महर्जनको श्रीमतीले ब्राह्मणरूपी कुवेरलाई श्रद्धापूर्वक आफूले तयार पारेर राखेको योमरी खुवाएपछि धनसम्पत्ति वृद्धि भएको र योमरी खाएका कारण शरीरसमेत हृष्टपुष्ट भएकाले त्यही बेलादेखि नेवार समुदायमा योमरी पुन्ही संस्कृतिको विकास भएको बताइन्छ।

नेवार संस्कृतिमा योमरीको विशेष महत्व छ। धनसम्पत्ति वृद्धि र धनधान्यले भरिपूर्ण हुने जनविश्वासले नेवार समुदायमा योमरी पुन्हीका दिन सबैले योमरीसहित विभिन्न देवी-देवताको पूजा गरी दान गर्ने चलन छ। बच्चाहरूको जन्मदिन मनाउँदा १२ वर्षसम्म योमरीको माला बनाई पूजा गर्नुपर्ने र माला लगाइदिने चलन छ। जन्मदिनमा बच्चालाई वर्षअनुसार योमरीको माला लगाइदिने चलन छ। योमरी पुन्हीका दिन विभिन्न मठमन्दिरमा मेला लाग्ने गर्छ। यस दिन बनेपाको धनेश्वर मन्दिरमा ठूलो मेला लाग्ने गर्छ। त्यस्तै बौद्धमार्गीहरूले पनि स्वयम्भू, बौद्धलगायतका विभिन्न चैत्य वा विहारमा गएर बुद्धको प्रार्थना गर्ने चलन छ।

*- राज श्रेष्ठ, भक्तपुर*

## सामाजिक सञ्जाल



दुई दिनको जिन्दगीमा रिस, इर्ष्या, घमण्ड, खुट्टा तानातान, आखिर यो सबै केका लागि ? अभावमा पनि हाँसेरै जिउनुको मज्जा नै बेग्लै हुन्छ हनुमान जी। मात्र सन्तोष चाहियो।

**Nirmal khadka**
**@khadkanirmal97**



अरूलाई पीडा दिनेले सबैभन्दा पहिला सझायँ भोग्नुपर्छ। त्यसैले त चुरोट र मैनबत्तीभन्दा पहिला सलाई निभ्छ`।

**अधुरो प्रेम**
**@arjunbhandari70**



ज्ञानीले सम्झन्छ, अज्ञानिलाई सम्झाउन सकिन्छ तर बेइमानीलाई कहिल्यै सम्झाउन सकिँदैन। लाज मान्नेलाई मात्र लाज हुँदोरहेछ।

**Rabindra Adhikari**
**@RabindraADH**

उपत्यकावासीमा मेलम्चीको पानी कहिले आउँछ र धुवाँ- धुलोबाट कहिले मुक्त होइन्छ भन्ने चासो बढ्दै गएकाले यसतर्फ विशेष ध्यान दिन सरोकारवालाहरूलाई निर्देशन दिनुभएको हो।

# मेलम्चीको काममा अख्तियारको चासो

नेपाल समाचारपत्र
काठमाडौं

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त दीप बस्न्यातले मेलम्ची खानेपानी आयोजनाको कामको विषयमा आम चासोलाई विशेष ध्यान दिन सरोकारवालाहरूलाई निर्देशन दिनुभएको छ।

मेलम्ची आयोजनाको कार्यप्रगति र काठमाडौंमा बढ्दै गरेको खानेपानीको अभाव र धुवाँ- धुलोले पारेको नकारात्मक प्रभावका बारेमा सम्बन्धित सरोकार निकायका प्रमुखहरूसँग जानकारी लिन आयोगको कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा प्रमुख आयुक्त बस्न्यातले उक्त निर्देशन दिनुभएको हो। उहाँले उपत्यकावासीमा मेलम्चीको पानी कहिले आउँछ र धुवाँ- धुलोबाट कहिले मुक्त होइन्छ भन्ने चासो बढ्दै गएकाले यसतर्फ विशेष ध्यान दिन सरोकारवालाहरूलाई निर्देशन दिनुभएको हो।

सो कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उहाँले सम्बन्धित निकायले व्यवस्थापन गर्न नसक्दा नै उपत्यकामा धेरै मानिस बिरामी भइरहेको तर्फ सचेत गराउँदै यसबाट मुक्त गराउन सबैले आफूलाई तोकिएको दायित्व र जिम्मेवारी इमानदारीपूर्वक समयमै निर्वाह गर्न सक्नुपर्ने धारणा राख्नुभयो।

प्रमुख आयुक्त बस्न्यातले व्यवस्थापनको कमजोरीका कारण काठमाडौंवासीलाई रोगी बनाउने काम मात्र भएको छैन यसले विदेशीहरूको पहिलो आँखा पर्ने ठाउँ काठमाडौंको यस किसिमको अस्त व्यस्त अवस्थाले कस्तो प्रभाव पर्ला भन्नेतर्फ सचेत हुन पनि सम्बन्धित सरोकारवालाहरूलाई निर्देशन दिनुभएको छ।

उहाँले सम्बन्धित निकायबीच समन्वयको अभावमा धेरै ठाउँमा कमजोरी देखिएको उल्लेख गर्दै काठमाडौं उपत्यका खानेपानी आयोजनाको वितरण प्रणालीसमेत ठीक नभएको औंल्याउनुभयो। प्रमुख आयुक्त बस्न्यातले यस्ता विषयमा ध्यान दिई आम नागरिकलाई छिटोछरितो सेवा उपलब्ध गराउनेतर्फ सरोकारवालाहरूलाई निर्देशन दिनुभयो।

कार्यक्रममा आयुक्त नवीनकुमार घिमिरेले मेलम्ची आयोजनाले जुन गतिमा काम गर्नुपर्ने हो त्यसअनुरूप भएको उल्लेख गर्दै जनताको चासोको विषयलाई छिटो समाधान गर्न सम्बन्धित निकायसँग आग्रह गर्नुभयो। उहाँले जनतामा मेलम्ची आयोजना कहिले सम्पन्न हुन्छ भन्दा पनि धारामा पानी कहिले आउँछ भन्ने चासो रहेको बताउनुभयो।

त्यसै गरी आयुक्त डा. गणेशराज जोशीले राष्ट्रिय गौरवका आयोजना भन्ने तर कामचाहिँ ढिलो गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्दछ भन्दै जिम्मेवारी बोधका साथ काम गर्न सरोकारवालाहरूसँग आग्रह गर्नुभयो। आयोगका अर्का आयुक्त डा. सावित्री थापा गुरुङले समस्या देखाउनुभन्दा समन्वय गरेर कार्य सम्पादन गर्न सक्नु व्यवस्थापकीय कुशलता हो भन्दै सर्वसाधारणले अनुभव गर्न सक्ने गरी मेलम्ची आयोजनाको काम सम्पन्न हुनुपर्ने बताउनुभयो।

आयोगका सचिव राजन खनालले मेलम्ची खानेपानी आयोजना कार्यमा देखिएका कमजोरीलाई सुधार गरेर काठमाडौंको आवश्यकता पूरा गर्न सक्ने गरी आयोजनाको काम सम्पन्न हुनुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा मेलम्ची खानेपानी विकास आयोजनाका कार्यकारी निर्देशक रामचन्द्र देवकोटा र परियोजना कार्यान्वयन निर्देशनालयका आयोजना निर्देशक तिरेशप्रसाद खत्रीले यस आयोजनाले हालसम्म गरेका प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो।

त्यस्तै खानेपानी तथा सरसफाई मन्त्रालयका सचिव कृष्णराज बीसीले आयोजनाको समग्र प्रगतिबारे जानकारी गराउनुभयो। त्यसै गरी सो कार्यक्रममा मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालयका प्रमुख शिवहरि सापकोटाले उपत्यकाको सडक अवस्थाको बारेमा जानकारी गराउनुभएको थियो।

## नेसनल कलेजका गेलाल उत्कृष्ट



काठमाडौं, (नेस)

धुमबाराहीस्थित नेसनल कलेजका अर्पण गेलाल काठमाडौं विश्वविद्यालयका उत्कृष्ट विद्यार्थी घोषित भएका छन्। काठमाडौं विश्वविद्यालयको २३औं दीक्षान्त समारोहमा गेलाललाई उपकुलपति स्वर्ण पदकद्वारा विभूषित गरिएको हो।

गेलालले नेसनल कजेजबाट ब्याचलर इन डेभलपमेन्ट स्टडिजमा कुल ३ दशमलव ९९ सीजीपीए हासिल गरेका हुन्। गेलालले प्राप्त गरेको विश्वविद्यालयअन्तर्गतका सबै स्नातक कार्यक्रममध्ये सबैभन्दा धेरै सीजीपीए हो। दीक्षान्त समारोहमा उत्कृष्ट विद्यार्थी घोषित भएसँगै गेलालले नेपालका कलेजहरूमा पढाइ हुने स्नातक तहको पढाइ विदेशी विश्वविद्यालयभन्दा कमजोर नभएको बताए। उनले भने -'यहाँको शिक्षण पद्धति विश्वस्तरीय छ। मिहिनेत गरे नेपालकै उच्चशिक्षाले एक कुशल व्यक्तित्व बन्न पर्याप्त छ।'

यस वर्ष काठमाडौं विश्वविद्यालयबाट १ हजार बढी स्नातक विद्यार्थी दीक्षित भएका छन्।

## तत्काल पार्टी एकता गर्न प्रचण्डलाई आग्रह



नेपाल समाचारपत्र
काठमाडौं

पार्टी एकीकरणका लागि नेकपा एमाले र नकेपा माओवादी केन्द्रबीच परामर्श भइरहेका बेला दुई पार्टी युवा संगठनले तत्काल पार्टी एकीकरणको प्रक्रिया अगाडि बढाउन नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग माग गरेका छन्। युवसंघ नेपाल र वाईसीएल नेपालले तत्काल पार्टी एकताको प्रक्रियालाई सार्थक निष्कर्षमा पुर्‍याउन प्रचण्डसँग माग गरेका हुन्।

प्रचण्ड निवास लाजिम्पाटमा बधाई तथा धन्यवाद ज्ञापनका लागि पुगेका दुवै युवा संगठनको संयुक्त टोलीले राष्ट्रिय आवश्यकता र जनचाहनाका आधारमा निर्माण भएको वाम गठबन्धनले राम्रो परिणाम ल्याएकाले पार्टी एकतालाई टुंगो लगाउनुपर्नेमा जोड दिएको हो।

वाईसीएलका अध्यक्ष रामप्रसाद सापकोटाले नेपाली जनताले जनमतबाट वाम गठबन्धनलाई अनुमोदन गरेकाले दुई पार्टीको एकताका लागि सार्थक संवाद गर्न र त्यसलाई निष्कर्षमा पुर्‍याउन आग्रह गर्नुभयो। युवा संघ नेपालका अध्यक्ष राजीव पहाडीले जनताको माग र भावनालाई सम्बोधन गर्दै सार्थक एकताको पहल गर्न अध्यक्ष दाहाललाई आग्रह गर्नुभएको थियो।

जवाफमा अध्यक्ष प्रचण्डले बामगठबन्धनका लागि एमाले अध्यक्ष केपी ओली र आफूले गरेको प्रयास सफल भएको बताउनुभएको थियो। 'एकता प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउन सबैको साथ र सहयोग जरुरी छ', उहाँले भन्नुभयो- 'जनताले शान्ति, राजनीतिक स्थिरता, आर्थिक समृद्धिका लागि वाम गठबन्धनलाई मत दिएकाले जनताको अपेक्षालाई पूरा गरेर जान कुनै पनि कसरत बाँकी राखिँदैन।'

## सुन संकलक पक्राउ

काठमाडौं, (नेस)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पार्किङ एरियामा कतारबाट आएका यात्रुसँग सुन संकलन गर्न लागेका बाराको निजगढ नगरपालिका घर भई भक्तपुरको लोकन्थली बस्ने विष्णु पण्डितलाई प्रहरीले ५ थान सुनको बाला गरी जम्मा २४९.५० ग्राम सुनसहित पक्राउ गरेको छ। पण्डितलाई प्रहरीले आवश्यक कारबाहीका लागि भन्सार कार्यालय सिनामंगलमा पठाएको छ।

नेपाल सरकार
उधोग मन्त्रालय
उधोग विभाग
त्रिपुरेश्वर, काठमाडौं

सूचना

यस विभागको परिसर भित्र निर्माणको क्रममा रहेको उद्योग विभागको नयाँ भवन सँगैको घरेलु तथा साना उद्योग विकास समितिले प्रयोग गरेको साविकको भवनमा २०७२ सालको भूकम्पको कारण क्षति पुग्न गएको हाल प्रयोगमा नरहेको क्षतिग्रस्त सो समितिको भवनको कारण नयाँ भवन निर्माण कार्यमा अवरोध पुग्ने भएकोले उक्त समितिको पुरै भवन हटाई/भत्काई लैजानको लागि यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र आफुले के कसरी हटाई/भत्काई लैजान सकिन्छ, सो को प्रस्ताव पेश गर्न सम्बन्धित व्यक्ति, संघ, संस्था, फर्मलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्ने मध्ये सबैभन्दा बढी रकम प्रस्ताव गरी हटाई/भत्काई लाने व्यक्ति, संघ, संस्था, फर्मलाई उक्त कार्यको सम्झौता गरिने हुँदा प्रस्ताव गरे अनुरुप १०% रकम नगदै जम्मा गर्नुपर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। विस्तृत जानकारीको लागि यस विभागको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ।

## कोन्ज्योसोममा गुणस्तरहीन कालोपत्रे

सुरेश तामाङ, ललितपुर

जिल्लाको कोन्ज्योसोम गाउँपालिकाको सडकको मर्मतसम्भार गर्दा ठेकेदार पक्षले गुणस्तरहीन सामग्रीको प्रयोग गरेको फेला परेको छ। गाउँपालिकाका अध्यक्ष गोपीलाल स्याङ्तानले गुणस्तरहीन सामग्रीको प्रयोग गर्दा सडक कालोपत्रे गरेको भोलिपल्टै बिग्रिएको बताउनुभयो।

यो सडकखण्ड टीकाभैरव-लेले-भारदेउ-मानिखेल हुँदै गोटिखेलसम्म ५ वर्षअघि मात्रै ग्रामीण पुनर्निर्माण तथा पुनर्बास क्षेत्र विकास कार्यक्रम (त्रिपल आरएसडीपी) ले बनाइदिएको थियो।

ठेकेदार पक्षले सडकखण्डअन्तर्गतको गाउँपालिकाका १ र ५ वडाको सीमामा पर्ने सडकमा खाल्डाखुल्डी परेको सडक टाल्न ठेक्का लिएको हो। खाल्डाखुल्डी टाल्न गरिएको कालोपत्रे धेरै पातलो गरिएकाले पनि चाँडै बिग्रिने गरेको गाउँपालिका अध्यक्ष स्याङ्तानले बताउनुभयो। 'पातलोमा पनि अति नै पातालो पिच गरेको छ। 'पिचको मोटाइ १ इन्च पनि देखिँदैन', उहाँले भन्नुभयो- 'दिउँसो पिच गरिँदैन, बेलुका मात्रै पिच गर्ने गरिएको छ।' उहाँले सडकको अवस्थाका बारेमा अनुगमन गर्न डिभिजन सडक कार्यालयलाई जानकारी गराएको बताउनुभयो। डिभिजन सडक कार्यालय, ललितपुरका प्रमुख प्रकाशचन्द्र भण्डारीले अनुगमन गरेर वस्तुस्थिति बुझ्ने नेपाल समाचारपत्रलाई बताउनुभयो।

'मलाई त्यस सडकखण्डमा गुणस्तरहीन सामग्रीको प्रयोगले कालोपत्रे बिग्रियो भन्ने मौखिक उजुरी आएको छ', उहाँले भन्नुभयो- 'म त्यस सडकखण्डको वस्तुस्थितिका बारेमा अनुगमन गरेर बुझ्छु।' उक्त सडकखण्डका खाल्डाखुल्डी टाल्न ठेक्का देउपुर निर्माण सेवाले लिएको बताइएको छ। उक्त निर्माण कम्पनी वद्री ढकालको रहेको र यस विषयमा पटक-पटक सम्पर्क गर्न खोज्दा पनि उनि सम्पर्क आउन चाहेनन्।



यस सडकखण्ड हुँदै जिल्लाको दक्षिणी भेगबाट कृषिजन्य सामग्रीहरू ललितपुर र काठमाडौं आउने गरेको छ। कृषिजन्य सामग्रीमा काउली, साग, कोभी, आलु, चिया, कफि, दही, दूध, खसीबोका लगायतका सामग्री यस सडक हुँदै आउँछन्। सडक बिग्रिएर खाल्डाखुल्डी बन्दा जिल्लाको दक्षिणी भेगका कृषकले सास्ती व्यहोर्नुपरेको छ।

चिलिमे ईन्जिनियरिङ एण्ड सर्भिसेस कम्पनी लिमिटेड
वाँसवारी, काठमाडौं।

प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना।

यस कम्पनीको संचालक समितिको मिति २०७४/०९/०४ गते बसेको १७ औ संचालक समितिको बैठकको निर्णयानुसार निम्न मिति, स्थान र समयमा निम्न विषय-सूचीमा छलफल एवं निर्णय गर्न कम्पनीको प्रथम वार्षिक साधारण सभा बस्ने भएकाले सेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन सबै सेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, समय र स्थान:
स्थान : चिलिमे ईन्जिनियरिङ एण्ड सर्भिसेस कम्पनी लि. को कार्यालय, वाँसवारी, काठमाडौं।
मिति : २०७४/०९/२६ गते बुधबार (तदानुसार जनवरी १०, २०१८)
समय : वेलुकी ४:०० बजे।

साधारण सभामा छलफल हुने विषय-सूची:
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूवाट आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदनको प्रस्तुति।
२. लेखापरीक्षण प्रतिवेदन सहित २०७४ साल असार मसान्तको वासलात र आर्थिक वर्ष २०७३/०७४ को नाफा/(नोक्सान) हिसाव तथा नगद-प्रवाह विवरण सहितका अनुसूचीहरुको वारेमा छलफल गरी पारित गर्ने।
३. आर्थिक वर्ष २०७३/०७४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने बारे।
४. आर्थिक वर्ष २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण।
५. विविध।

विशेष प्रस्ताव.
१. कम्पनीको कर्पोरेट कार्यालय रहने ठेगाना परिवर्तन सम्वन्धमा।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

## सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राजनीतिमा सफलता, मान-सम्मान, फलदायी यात्रा।
**वृष** : रोगव्याधि, गर्न लागेको काममा बाधा, आर्थिक समस्या।
**मिथुन** : धन प्राप्ति, विपरीतलिंगीबाट सहयोग, शुभ यात्रा।
**कर्कट** : धनलाभ, खेलकुद-परीक्षामा विजय, सुख-सन्तोष।
**सिंह** : गरेका काममा सफलता, आर्थिक लाभ, सुख-सन्तोष, स्फूर्ति।
**कन्या** : अपच, विनाकाममा दौडधुप, विभिन्न अल्झन आइलाग्दा तनाव।
**तुला** : आर्थिक उन्नति, पराक्रम वृद्धि, आवश्यक वस्तु वा सेवा प्राप्ति।
**वृश्चिक** : बौद्धिकता वृद्धि, कूटनीतिमा सफलता, धनलाभ, शुभ समाचार।
**धनु** : मिष्ठान्न भोजन, पेसा-व्यवसायबाट आम्दानी, गरेका कार्य सफल।
**मकर** : धन हानि, स्वास्थ्य समस्या, विवाद, नैराश्यता एवम् चिन्ता।
**कुम्भ** : धन-सम्पत्ति-खाद्यान्न प्राप्ति, आर्थिक लाभ, पारिवारिक सुख।
**मीन** : काममा सफलता, हर्षोल्लास, नवीन कार्यमा जोश-जाँगर।

# नेपाल

'हाम्रो भिसाको म्याद सकियो थप गरिदिनु भन्दा पनि कम्पनीले मान्दैन, बिदा दे भन्दा पनि दिँदैन', सोही कम्पनीमा कार्यरत घिमिरेले भने- 'तीन महिनाको तलब पनि दिएको छैन।'

## टेन्डर दर्ताको विषयमा विवाद

### जोगबुडा तनावग्रस्त

**राम धामी, जोगबुडा**

परशुराम नगरपालिका कार्यालयले आह्वान गरेको टेन्डर दर्ताका क्रममा जोगबुडामा निर्माण व्यवसायीबीच केही समय तनाव उत्पन्न भएको छ।

गत मंसिर ३ गते परशुराम नगरपालिका कार्यालयले आह्वान गरेको टेन्डर दर्ता गर्न गएका व्यवसायीबीच विवाद उत्पन्न भएपछि मंगलबार जोगबुडा बजार केहीबेर तनावग्रस्त बनेको हो। सार्वजनिक सूचना जारी गरी टेन्डर आह्वान गरेको परशुराम नगरपालिकाको कार्यालयमा अन्तिम दिन टेन्डर दर्ता गर्न गएका व्यवसायीबीच झडपको स्थिति उत्पन्न भएको थियो।

डडेल्धुरा निर्माण व्यवसायी संघ र भित्रीमधेस निर्माण व्यवसायी संघबीच टेन्डर फारम दर्ताको क्रममा झडपको स्थिति सिर्जना भएको हो। भागेश्वर निर्माण सेवाका प्रोपराईटर सन्तोष भट्ट टेन्डर फारम दर्ताका लागि नगरपालिका कार्यालय जानेक्रममा केही व्यक्तिले भट्टको हातबाट कागजपत्र खोसेर टेन्डर दर्ता गर्न नदिएपछि विवाद उत्पन्न भएको थियो। भित्रीमधेस निर्माण व्यवसायी संघ सम्बद्ध केही ठेकेदारले आफ्नो पक्षमा टेन्डर पार्न भट्टको हातबाट टन्डर फारम खोसेपछि विवाद उत्पन्न भएको इलाका प्रहरी कार्यालय जोगबुडाले जनाएको छ।

निर्माण व्यवसायीहरूले स्वच्छ प्रतिस्प्रर्धाको वातावरण नभएको र टेन्डर दर्ता गर्ने काममा अवरोध उत्पन्न भएको भन्दै प्रहरीलाई गुहारेपछि समयमै घटनास्थल पुगेको प्रहरीले टेन्डर दर्तामा अवरोध गर्ने व्यक्तिहरूलाई घटनास्थलबाट हटाएको इलाका प्रहरी कार्यालय जोगबुडाका प्रहरी निरीक्षक शैलेन्द्र भट्टले जानकारी दिए। 'प्रहरीले समयमै पुगेर वातावरण बनाएपछि सबै निर्माण व्यवसायीको टेन्डर दर्ता भएको छ' -स्थानीय निर्माण व्यवसायी कमलसिंह धामीले भने।

टेन्डर दर्ताका क्रममा भित्रीमधेस क्षेत्रमा रहेका कार्यालयको टेन्डर भित्रीमधेस निर्माण व्यवसायी संघले मात्रै दर्ता गर्न पाउनुपर्ने अडान स्थानीय निर्माण व्यवसायीले राखेका थिए। तर, डडेल्धुरा सदरमुकामबाट टन्डर फारम दर्ता गर्न गएका निर्माण व्यवसायीले जिल्लाभरिका टेन्डरमा सबै निर्माण व्यवसायीले दर्ता गर्न पाउनुपर्ने अडान राखेका थिए। विवाद समाधान भएपछि १५ ओटा टेन्डर फारम दर्ता भएको परशुराम नगरपालिकाले जनाएको छ।

## भरुवा बन्दुकसहित २ पक्राउ

हेटौंडा, (नेस)

एक सय केजी गाँजा र भरुवा बन्दुकसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ। मंगलबार दिउँसो करिब ४ बजे इलाका प्रहरी कार्यालय मनहरिबाट प्रनि चित्रबहादुर घलेको कमान्डमा खटिएको प्रहरीले मनहरी गापा-६, रुपाचुरीमा सोही ठाउँ बस्ने वर्ष ३९ का सेतेलाल थिङलाई पक्राउ गरेको हो।

उनको घरमा गाँजा रहेको सूचनाका आधारमा घर खानतलासी गर्दा ४ वटा बोरामा लुकाइराखेको गाँजा एक सय किलो तथा १ नाले भरुवा भन्दुक १ थान फेला परेपछि थिङलाई पक्राउ गरिएको हो। उनलाई मकवानपुर जिल्ला अदालतबाट ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

मकवानपुरगढी गाउँपालिका-४ मा शिकार खेल्न गएका एक जना भरुवा बन्दुकसहित पक्राउ परेका छन्। मकवानपुरगढी-४, मनकामना बस्ने ६३ वर्षीय रामबहादुर गोलेलाई प्रहरीले सोमबार पक्राउ गरेको हो। उनलाई जंगलमा शिकार खेल्न भरुवा बन्दुक बोकी हिँडिरहेको अवस्थामा फेला पारी पक्राउ गरिएको हो।

## टुंग्याइयो प्रादेशिक मन्त्रालय

**धन बस्नेत, पोखरा**

एकहप्ताको अध्ययनपछि प्रादेशिक कार्यालय खोजी कार्यलाई टुंग्याइएको छ। पोखरामा रहेका सरकारी कार्यालयलाई प्रादेशिक कार्यालय बनाउने निष्कर्ष निकालिएको हो। ४ नम्बर प्रदेशमा अधिकतम १२ वटा मन्त्रालय हुने अनुमानसहित विभिन्न १२ वटै कार्यालयलाई मन्त्रालय बनाउन सिफारिस गरिएको क्षेत्रीय प्रशासक लक्ष्मण अर्यालले बताए। उनका अनुसार प्रदेशसभा गठन भएपछि क्षेत्रीय कार्यालयहरू प्रयोगविहीन भएकाले पनि यिनै कार्यालयलाई प्राथमिकतामा राखी अघि सारिएको हो।

मुख्यमन्त्रीको कार्यालयमा मन्त्रालय, महाशाखा, क्याविनेट, मुख्य सचिव र सचिवसमेत हुने भएपछि केही फराकिलो र प्रशस्त संरचना भएको ठाउँ खोज्नुपर्छ। बढी विवादित भएको मुख्यमन्त्रीको क्वार्टर (निवास) चाहिँ क्षेत्रीय सिँचाईको आवासलाई बनाउने सहमति भएको छ। यसअघि हिमागृहलाई मुख्यमन्त्रीको आवास बनाउने सिफारिस भएकोमा सरोकारवालाको व्यापक विरोध भएपछि सिफारिस फेरिएको हो।

प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारीका अनुसार ४ नम्बर प्रदेशको मुख्यमन्त्री, प्रदेश प्रमुख, प्रदेशसभा, सचिवालयलगायत आवासका लागि उपयुक्त भवनहरू सरकारलाई सिफारिस गरि पठाइएको छ। सिफारिसअनुसार मुख्यमन्त्रीको कार्यालय सीप विकासको भवन राख्ने सिफारिस गरिएको छ।

क्षेत्रीय वन, क्षेत्रीय शिक्षा, क्षेत्रीय खानेपानी, सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालय, हुलाक निर्देशनालय, क्षेत्रीय र सडक डिभिजन, सिँचाई निर्देशनालय, स्वास्थ्य निर्देशनालय, कृषि निर्देशनालय, जिल्ला कृषि विकास कार्यालय र सहरी विकास कार्यालय मन्त्रालयका लागि सिफारिस गरिएको छ। प्रदेशसभा पोखराको नदिपुरस्थित नगर प्रशिक्षण केन्द्रलाई बनाउन लागिएको छ। सभा सञ्चालनका लागि आवश्यक संरचना र प्रशस्त खुला ठाउँ भएकाले पनि प्रशिक्षण केन्द्र सबैको रोजाइमा परेको हो।

प्रदेश सचिवालय पनि नगर प्रशिक्षण भित्रै रहनेछ। प्रदेश सभामुखको कार्यालय पर्यटन कार्यालय पोखरामा राखिने भएको छ। प्रदेशप्रमुखचाहिँ क्षेत्रीय प्रशासन कार्यालय र नजिकै रहेको अध्यागमन कार्यालयमा रहने छन्। सरकारले क्षेत्रीय प्रशासकहरूलाई मुख्य सचिवको समेत भूमिकामा अघि सारेपछि यो कार्यालय व्यवस्थापन गर्न केही सहज हुने अनुमान छ।

'मन्त्रालयको टुंगो नलागेका कारण १२ वटासम्म अधिकतम मानेर कार्यालय सिफारिस गरिएको छ', प्रजिअ अधिकारीले भने- 'हामीले सिफारिस मात्रै गरेर पठाएका हौं। अन्तिम निर्णय सरकारले टुंग्याउने छ।' समितिले कार्यालय सिफारिस गरे पनि कुन ठाउँमा कुन मन्त्रालय राख्ने भन्ने विषयमा खुलाएको छैन। संघीय प्रशासनिक पुन:संरचना समितिले विभिन्न ७ मन्त्रालय रहनेगरी सरकारलाई प्रस्ताव गरेको थियो।

प्रस्तावका आधारमा प्रदेशमा प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय, प्रदेश गृह मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, प्रदेश पूर्वाधार विकास मन्त्रालय, प्रदेश कृषि तथा भूमि व्यवस्थापन मन्त्रालय, प्रदेश वन, विज्ञान तथा वातावरण मन्त्रालय र प्रदेश शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय रहनेछन्। यद्यपि प्रदेशसभा निर्वाचनपछि निर्वाचित प्रतिनिधिले आवश्यकताअनुसार यसलाई थपघट गर्न सक्नेछन्। यसैबीच, कार्यालयको व्यवस्थापन र मर्मतसम्भारका लागि २८ करोड खर्च लाग्ने अनुमान गरिएको छ। सिफारिस समितिले मर्मत खर्चसमेत जोडेर २८ करोड रुपियाँ तत्काल उपलब्ध गराउन माग गरेको छ।

## दिगो व्यवस्थापनमा जोड

काभ्रे, (नेस)

'प्रारम्भिक बाल विकासमा लगानी नयाँ नेपालको थालनी' भन्ने अभियानका साथ शुरू भएको प्रारम्भिक साक्षरता र गणित परियोजनाका लागि स्थानीय सरकारहरूले दिगो व्यवस्थापन र गुणस्तरीय अभिवृद्धिमा जोड दिएका छन्।

नाङसाल एसोसिएसन नेपाल धुलिखेल काभ्रेले आयोजना गरेको प्रारम्भिक साक्षरता र गणित परियोजनासम्बन्धी अन्तर्क्रिया कार्यक्रममा बोल्दै स्थानीय सरकारका प्रमुख तथा उपप्रमुखहरूले उक्त धारणा राख्दै आगामी दिनमा स्थानीय सरकारले बालविकासमा लगानी गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन्। नाङसाल एसोसिएसनले सेभ द चिल्ड्रेनको सहयोगमा सञ्चालन गरेका २० वटा बाल विकास केन्द्रमा भइरहेका क्रियाकलाप र त्यसका अनुभवका बारेमा जानकारी गराइएको थियो। पाइलट प्रोजेक्टका रूपमा सञ्चालन गरिएको उक्त कार्यक्रमलाई स्थानीय सरकारहरूले आफ्नै कार्यक्रमका रूपमा लिई बजेटसमेत व्यवस्थापन गरिसकेको नाङसालका कार्यकारी निर्देशक गुणराज मोक्तानले बताए।

धुलिखेल नगरपालिकाले पहिलो चरणमा १२ वटा बालबालिका केन्द्रका लागि रकम विनियोजन गरेको छ भने रोशी गाउँपालिकाले १५ वटा बाल विकास केन्द्रका लागि बजेट विनियोजन गरिसकेको अध्यक्ष दिनेश लामाले बताए। बालबालिकाहरूको उमेरअनुसारको विकासक्रममै प्रदान गरिने शिक्षा प्रणालीलाई व्यवस्थित र गुणस्तरीय बनाउन स्थानीय सरकारले खेल्नुपर्ने भूमिकाका बारेमा सरोकारवाला निकायहरूले नीति निर्माणमै ध्यान दिनुपर्ने बताइएको छ।

कार्यक्रम देशका सबै विद्यालयहरूमा शुरू गर्न आवश्यक रहेको सरोकारवाला निकायहरूले औंल्याएका छन्। कार्यक्रममा परियोजनाका उपलब्धिका बारेमा सेभ द चिल्ड्रेनका कर्ण दैरेले जानकारी गराएका थिए भने वर्तमान सन्दर्भमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रारम्भिक साक्षरता र गणितको आवश्यकतासम्बन्धी सेतो गुँरास राष्ट्रिय बालविकास सेवाका मधु राजभण्डारीले कार्यपत्र प्रस्तुत गरेकी थिइन्। शिक्षाविद् डा. विद्यानाथ कोइरालाले प्रारम्भिक बालविकास केन्द्रसँग सम्बन्धित नीतिगत सवालहरू र प्रारम्भिक बालविकास केन्द्रको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि स्थानीय सरकारको भूमिकाका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए।

## कतारमा अलपत्र नेपाली
## न तलब न घर बिदा

**सन्तोष अधिकारी, गोरखा**

वैदेशिक रोजगारीको लागि कतार पुगेका नेपालीहरू अलपत्र परेका छन्। कतारको इजिबेल भन्ने कम्पनीमा कार्यरत १० जना नेपाली अलपत्र परेका हुन। अलपत्र पर्नेमध्ये ६ जना नेपाली, २ जना भारतीय, २ जना श्रीलंकाली रहेका छन्।

भिसा सकिए पनि कम्पनीले बिदा स्वीकृत नगर्दा र थप नगरिदिँदा समस्यामा परेको कतारमा रहेका गोरखाका कृष्णहरि घिमिरेले जानकारी दिए।

'हाम्रो भिसाको म्याद सकियो थप गरिदिनु भन्दा पनि कम्पनीले मान्दैन, बिदा दे भन्दा पनि दिँदैन', सोही कम्पनीमा कार्यरत घिमिरेले भने- 'तीन महिनाको तलब पनि दिएको छैन।'

कम्पनीले तलब र बिदा दुवै नदिएको उनको गुनासो छ। 'अहिले त काम पनि गर्न दिएको छैन। १८ दिन भयो हामीले काम नगरेको। बेहाल भइयो। कहीं कतै जान पाइँदैन। कोठाको कोठा भइएको छ' - उनले भने ।कतारस्थित तल्लो श्रम अदालतमा मुद्दासमेत हालेका छन्। मुद्दा नहाल भनेर धम्कीसमेत कम्पनीको मालिकले दिएको उनले सुनाए।

नेपाली दुतावाससम्म जाने पहुँच नै नभएको उनले सुनाए। 'नेपाली दुतावाससम्म जान हाम्रो पहुँच पुग्दो रहेनछ', उनले दु:ख मान्दै भने- 'दुतावासमा कुरा पुगे पनि वास्ता नै गरिन्न रे, अरू दु:ख पाएर त्यहाँ पुगेका साथीहरूले भनेको। देशमा केही उपाउ नलाएर आएको यहाँ झन् फसियो।'

उनीहरूले आफूलाई कतार पठाउने रोलेक्स रिक्युमेन्ट एजेन्सी म्यानपावरका सञ्चालक तोया ढकाललाई सम्पर्क गर्दा पनि बेवास्ता गर्ने गरेको बताए। सो विषयमा ढकालसँग कुरा गर्दा कम्पनी बन्द भएको र श्रमिकहरूको उद्धारका लागि कुनै पहल नचालेको स्वीकार गरे।

## 'शिक्षामा संक्रमणकाल छ'

लमजङ, (नेस)

क्षेत्रीय शिक्षा निर्देशक विष्णुप्रसाद अधिकारीले यतिबेला शिक्षामा संक्रमणकाल रहेको बताउनुभएको छ। लमजुङको रागिनास नगरपालिका-८ को तार्कुघाटस्थित वीरभक्ति आमाविको स्वर्ण महोत्सवको उद्घाटन गर्दै उहाँले सो धारणा व्यक्त गर्नुभएको हो।

उहाँले भन्नुभयो- 'मुलुकको बदलिँदो परिस्थितिमा संविधानको भावनाअनुसार हालै जारी ऐनले मावि तहसम्मको शिक्षालाई स्थानीय तहले सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ। यस्तो स्थितिमा शिक्षाका कर्मचारी तथा शिक्षकहरूमा आफ्नो सेवा सुविधा र आवश्यकता के कस्तो हुने भन्ने अन्योल बढेको पाइन्छ। तर अब यसबारेमा स्थानीय तहले सोच्न जरुरी छ।' उहाँले एक माविको स्वर्ण महोत्सव समारोहमा नगरपालिकाका मेयरको अनुपस्थितिमा भित्री कारण केही छ कि ? भन्ने आशंका उब्जाएको छ र त्यसले कतै उहाँको यस विद्यालयलाई असहयोग हुने त हैन ? भन्ने आशंका गर्ने ठाउँ दिएको छ, त्यस्तो नहोस् भन्ने कामना गर्नुभयो।

उहाँले ठूला सडकले मात्र विकास हुँदैन, शिक्षाले बहुआयामिक विकासको ढोका खोल्छ त्यसैले अत: यसतर्फ पाइला चाल्नु आवश्यक भएको बताउनुभयो। 'गुणस्तरीय शिक्षा र कानुनको असली पालना गर्ने पद्धतिको विकास गर्न सकेको खण्डमा मात्रै परिवर्तनको आशा र सन्ततिका सपना पूरा गर्न सकिन्छ', उहाँले जोड दिँदै भन्नुभयो- 'आजको शिक्षा २१औं शताब्दीको युग सुहाउँदो र बालबालिकाहरूको खोजेको गति अनुसारे गुणस्तरीय, सीपमूलक छैन, त्यस्तो शिक्षा दिन तयार हुनुपर्ने स्थिति रहेको छ, शिक्षा यस्तो क्षेत्रको हो जसमा जति धेरै काम गर्दा पनि सुधारका पाटाहरू बाँकी नै रहन्छन् तर मैले यहाँहरूले गर्नु भएको योगदानको अवमूल्यन गर्न खोजेको होइन, शिक्षाको गुणस्तरका लागि निरन्तर लागि रहनुपर्ने हुन्छ त्यसतर्फ ध्यानाकर्षणमात्र गर्न खोजेको हुँ।'

जिल्ला शिक्षा अधिकारी गोपालप्रसाद कँडेलले यस विद्यलयका उपज पूर्वविद्यार्थी समाज, अक्षयकोषका दाताहरू, बुद्धिजीवी, संघसंस्था तथा राजनीतिक दलहरूले विद्यालयलाई गरेको सहयोग तथा देखाएको सद्भावको सराहना गर्नुभयो। उहाँले विद्यालयको योजनाबद्ध कार्य र व्यवस्थापन पक्षमा सुधार गर्नुपर्ने खाँचो औंल्याउनुहुँदै थप गुणस्तरीय शिक्षाको उपलब्धि प्राप्त गर्न ध्यान दिन आग्रह गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सफी मियाको अध्यक्षतामा भएको कार्यक्रममा सो विद्यालयका प्रधानाध्यापक श्यामचरण कुर्मीले विद्यालयको भौतिक, शैक्षिक एवं आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। उहाँले विद्यालयको स्तरोन्नतिका लागि सहयोग गर्नुहुने सबै महानुभावप्रति विद्यालय ऋणी रहेको बताउनुभयो।

## ५ हजार क्याडेट सैन्य तालिमबाट दीक्षित

**नेपाल समाचारपत्र**

हेटौंडा



युवावर्गमा व्यक्तित्व विकास तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित हेटौंडा एकेडेमीको कक्षा-८ र ९ मा अध्ययनरत विद्यार्थीका लागि नेपाली सेनाले राष्ट्रिय सेवा दल तालिम प्रदान गरेको छ। १८ छात्र र १८ छात्रालाई नेपाली सेनाको राष्ट्रिय सेवा दलले तालिम प्रदान गरेको हो। असारदेखि सञ्चालन भएको तालिमको मंगलबार मध्यपृतना हेडक्वार्टरका पृतनापति उपरथी प्रभुराम शर्मालगायतले निरीक्षण गर्नुभएको छ। तालिम निरीक्षणपश्चात् आयोजित कार्यक्रममा शर्माले विद्यार्थीले लिएको तालिमबाट व्यक्तित्व विकास र स्वयंसेवी कार्यका लागि महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो। उहाँले हालसम्म ५ हजार क्याडेटलाई यस्ता तालिमबाट दीक्षित गराइसकिएको र आगामी वर्ष यसको संख्या बढाइने बताउनुभयो।

नयाँ सबुज गणका गणपति प्रमुख सेनानी अमरसिंह थापाले युवालाई अनुशासित बनाउन तालिमले सिकाउने बताउनुभयो। हेटौंडा एकेडेमीका सञ्चालक अरुणराज समार्गीले नेपाली सेनाले निजी विद्यालयका तर्फबाट हेटौंडा एकेडेमीलाई छनोट गरी अध्ययनरत विद्यार्थीलाई तालिम प्रदान गरेकोमा आभार प्रकट गर्दै यस्ता गतिविधिले विद्यार्थीमा अनुशासन तथा शारीरिक अभ्यासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

सुमार्गीले राष्ट्रका दक्ष एवं विवेकशील नागरिक उत्पादनमा टेवा पुऱ्याउने उद्देश्यसाथ आफ्नो विद्यालयले राष्ट्रिय सेवादलको सहकार्यमा यस्ता कार्यक्रम गरेको बताउनुभयो।

हेटौंडा-१ न अध्यक्ष सविन न्यौपानेले विद्यालयको पढाइसँगै गरिएका यस्ता अतिरिक्त क्रियाकलापले विद्यार्थीको भविष्यमा बफादारिता तथा इमानदारिताको भावना विकास गर्न भूमिका खेल्ने बताउनुभयो।

एकेडेमी सञ्चालक समिति सदस्य अंकिता सुमार्गीले विद्यार्थीमा तालिम महत्त्वपूर्ण रहेको बताउँदै युवामा राष्ट्रिय एकताको भावना विकास हुने बताउनुभयो। विद्यालयका प्राचार्य श्री कार्कीले राष्ट्रिय सेवादलले विद्यालयमा आएर गरेको तालिमप्रति आभार व्यक्त गर्दै यसले विपद् व्यवस्थापनका लागि स्वयंसेवक दस्ता उत्पादनमा भूमिका खेल्ने बताउनुभयो।

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**बालकल्याण गृह**
विराटनगर, मोरङ

**राशन ठेक्का सम्बन्धी सिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७४।०९।०५**

यस गृहको संरक्षणमा रहेका आश्रित संख्या २७ जना (पछि थपघट हुन सक्ने) लाई २०७४ माघ १ गतेदेखि २०७५ पौष मसान्तसम्मका लागि आवश्यक पर्ने राशन सिलवन्दी दरभाउपत्रद्वारा बन्दोबस्त गर्नुपर्ने भएकाले यस कार्यालयमा मिति २०७४।९।५ मा टाँस गरिएको सूचनाद्वारा विस्तृत जानकारी हुने गरी यो १५ दिने सूचना प्रकाशन गरिएको छ।

## म्यादी प्रहरी पक्राउ

बाँके, (नेस)

बाँकेको नरैनापुर-५ मा बालिकालाई अनैतिक सम्बन्ध कायम गर्न गएका म्यादीलाई गाउँलेले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका छन्।

तीन जनाको समूहमा सोमबार राति ८ बजेतिर गाउँमा गएका म्यादीले स्थानीय १४ वर्षकी बालिकालाई बोलाएर एकान्त ठाउँमा लगेका थिए। अन्टीको घरमा साइकल पुऱ्याउन गएकी बालिका ढिलासम्म किन आइनन् भनेर घरपरिवारले खोज्दा म्यादीसँग एकान्तमा भेटिएकी थिइन्। घरपरिवार र स्थानीय पुग्दा दुई जना म्यादी भागेका थिए भने एकजना टेकबहादुर विकलाई नियन्त्रणमा लिइएको थियो। गाउँलेले सामान्य पिटपाटपछि म्यादीलाई प्रहरीको जिम्मा लगाएका थिए।

बाँकेका प्रहरी प्रमुख एसपी टेकबहादुर तामाङले म्यादी रक्सी खाना गाउँमा गएपछि गाउँलेले समातेर बुझाएको बताउनुभयो। 'म्यादी रातिमा गाउँमा गएछन्। उसलाई गाउँलेले समातेर राखेका छन् भनेर मलाई खबर आएको थियो, मैले गएर ल्याऊ र राख भनेको थिएँ' -एसपी तामाङले भन्नुभयो।

## कालाजार पुष्टि गर्न बाँकेबाट दुई सय जनाको स्याम्पल लगियो

**कुमार श्रेष्ठ, बाँके**

बाँके र बर्दियामा कालाजारको सर्वे गरिएको छ। वर्षेनी कालाजारका बिरामी बढ्दै गएपछि स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले टोली नै पठाएर यी दुई जिल्लाको सर्वे गरेको हो।

महाशाखाका भेक्टर कन्ट्रोल अधिकृत उत्तम प्याकुरेल र जनस्वास्थ्य अधिकृत रेशम लामिछानेको टोलीले दुई जिल्लाबाट कालाजारका बिरामीका 'स्याम्पल' लिएर गएका छन्। 'बाँके र बर्दियाका कालाजारका बिरामीको स्याम्पल काठमाडौं लगिएको छ, रिपोर्ट आइसकेको छैन' -जिल्ला जनस्वास्थ्य कार्यालय, बाँकेका भेक्टर कन्ट्रोल अधिकृत रत्नलाल शर्माले भन्नुभयो।

बाँकेको पुरैना र कचनापुरबाट सय/सय जनाको स्याम्पल लगिएको छ। जिल्लामा यो वर्ष ६ जनामा कालाजार देखिएको थियो। पछिल्लो तीन वर्षमा बाँकेमा २० बढी केस आएका छन्। कचनापुर, पुरैना, वनकटवा, नौवस्तामा बिरामी देखिए पनि टोलीले वनकटवा र नौवस्ताका बिरामीको घर पत्ता लगाउन नसकेपछि दुई ठाउँको मात्रै स्याम्पल लगेको हो।

जिल्लामा धेरैजसो भारतमा काम गर्न जाने-आउने व्यक्तिमा कालाजार देखिएको छ। एउटै घरका फरक-फरक व्यक्ति बिरामी भएका छन्। 'चेन्ड फ्लाइ' नामक भुसुनाले टोक्दा लाग्ने कालाजार ६ महिना/एक वर्षपछि देखिने गर्दछ। टोलीले कालाजारका बिरामीको वरिपरिका व्यक्तिको पनि नमुना संकलन गरेको छ।

पूर्वी तराईका १२ जिल्लामा मात्रै देखिँदै आएको कालाजार पश्चिमका तराई र पहाडसम्म देखिन थालेपछि महाशाखाले टोली नै पठाएर अनुसन्धान थालेको हो। स्वास्थ्य टोली गाउँमा पुग्दा कालाजार सार्ने भुसुना प्रशस्त देखिएको जिल्ला जनस्वास्थ्य कार्यालय, बाँकेका भेक्टर कन्ट्रोल अधिकृत शर्माले बताउनुभयो।

कालाजार भारतबाट काम गरेर आएकाले सारेका हुन् या यही भुसुनाले टोकेर भएको हो भन्ने स्याम्पल देखाउने सम्बद्धले बताएका छन्। बाँकेमै कालाजार सार्ने भुसुना रहेको र यहींबाट सरेको पुष्टि भएमा नेपाल सरकारले पूर्वी तराईका १२ जिल्लामा सञ्चालन गरेको कालाजारविरुद्धको कार्यक्रम बाँकेमा पनि सञ्चालन हुने शर्माले जानकारी दिनुभयो। 'प्रभावित क्षेत्रमा स्प्रे गर्ने, निगरानी गर्नेलगायतका कार्यक्रमहरू सञ्चालन हुन्छन्' -शर्माले भन्नुभयो।

बाँके र बर्दियाका ग्रामीण भेगका धेरै मानिस भारतमा काम गर्न जाने गर्दछन्। भारतमा महामारीकै रूपमा रहने गरेको कालाजार फर्किंदा नेपालीले सारेर आउने गरेको पाइन्छ। भुसुनाले टोकेको ६ महिनापछि बिरामी हुने भएकाले नेपालीहरू घर आइसकेपछि बिरामी हुने गर्दछन्।

एकथरीले वीरगन्ज र अर्काथरीले जनकपुर भनेपछि यी दुवै स्थानको विकल्प खोज्नेहरूको समूह पनि मधेसमा देखिएको छ। यहाँका युवाहरूले संघर्ष समिति नै बनाएर वीरगन्ज राजधानी हुनुपर्ने माग राखेका छन्, जसलाई नागरिक अगुवाहरूले पनि साथ दिएका छन्।

# मधेसमा राजधानी र मुख्य मन्त्रीको बहस

नेपाल समाचारपत्र

वीरगन्ज

मंसिर २१ गते सम्पन्न भएको प्रतिनिधिसभा र प्रदेशसभाका निर्वाचनको परिणाम आएसँगै अहिले २ नम्बर प्रदेशको राजधानी बनाउने र मुख्यमन्त्री बनाउने विषयमा चर्चासँगै सकस शुरू भएको छ।

२ नम्बर प्रदेशमा मधेस केन्द्रित दलको बहुमत आएसँगै प्रान्तीय राजधानी र मुख्यमन्त्री पदका लागि बहस शुरु भएको हो ।प्रदेश राजधानीको विषयलाई लिएर विभिन्न सामाजिक सञ्जालदेखि लिएर वीरगन्जमा दबाब समूह नै बनाएर छलफल र बहससहित वीरगन्ज २ नम्बर प्रदेशको राजधानीका लागि मागसमेत गरिएको छ। प्रदेश नं २ का ८ जिल्लामध्ये मधेस आन्दोलनताका पर्साका नागरिकले बढी साथ दिएको र प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पनि पर्सामा मधेसी दलले जितेकाले राजधानी वीरगन्जमा राख्नुपर्ने एकथरीको मत छ भने अर्काथरीले वीरगन्ज मधेसको केन्द्र भाग नभएका कारण राजमार्ग छुने स्थानहरू मात्रै राजधानीका लागि उचित हुने तर्क पेश गरेका छन्।

एकथरीले वीरगन्ज र अर्काथरीले जनकपुर भनेपछि यी दुवै स्थानको विकल्प खोज्नेहरूको समूह पनि मधेसमा देखिएको छ। यहाँका युवाहरूले संघर्ष समिति नै बनाएर वीरगन्ज राजधानी हुनुपर्ने माग राखेका छन्, जसलाई नागरिक अगुवाहरूले पनि साथ दिएका छन्। नागरिक सामाजका अगुवा पन्नालाल गुप्ताले राजधानीका लागि आवश्यक सबै पूर्वाधार वीरगन्जमा भएकाले स्वभाविक रूपमा वीरगन्जलाई राजधानी बनाउनुपर्ने बताए। यद्यपि नेपाल पत्रकार महासंघ पर्साका उपाध्यक्ष अनुप तिवारीले मधेस केन्द्रित दलले स्पष्ट धारण सार्वजनिक गर्नुपर्ने बताउँदै वीरगन्जलाई प्रान्तीय राजधानी नबनाए पनि न्यायिक र आर्थिक राजधानी बनाएर समस्या समाधान गर्नुपर्ने बताए।

वीरगन्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष गोपाल केडियाले वीरगन्जलाई प्रशासनिकभन्दा पनि आर्थिक राजधानी बनाउनुपर्ने सुझाव दिदै प्रदेशको विशेष आर्थिक तथा औद्योगिक क्षेत्र बनाउनुपर्नेमा जोड दिएका छन्। नेपाली कांग्रेसको जिल्ला समितिले वीरगन्जलाई राजधानी बनाउनुपर्ने निर्णय गरी सरकारलाई ज्ञापनपत्र नै बुझाएको छ। जिल्ला सभापति अजय द्विवेदीले नेपालको आर्थिक नगरी भनेर चिनिने वीरगन्जमा सबै पूर्वाधार भएकाले राजधानी कायम गर्नुपर्ने बताए।

उनले वीरगन्जलाई प्रदेश राजधानी नबनाए चरणवद्ध आन्दोलनमा उत्रिने चेतावनीसमेत दिए। संघीय समाजवादी फोरम नेपालका पर्सा अध्यक्ष तथा क्षेत्र नं.१ बाट निर्वाचित सांसद प्रदीप यादवले भने वीरगन्ज राजधानीका लागि पहल गर्ने बताउँदै अन्य दलको पनि साथको आवश्यकता रहेको बताए। यता मधेस केन्द्रित दलका समर्थकहरूले भने प्रदेश नं. २ को राजधानी वीरगन्ज भए मुख्यमन्त्री वीरगन्जबाट हुनुपर्ने माग राखेका छन्। मुख्यमन्त्रीका लागि बारा र पर्साका राजपा र फोरमका नेताहरूले पनि आकांक्षा देखाएका छन्।

बारा क्षेत्र नम्बर ४ बाट २०६४ सालको संविधानसभाको निर्वाचनमा नै सांसद बनेका र अहिले प्रदेशसभामा निर्वाचित जीतेन्द्र सोनलले आफू मुख्य मन्त्रीको दौडाहामा रहेको बताएका छन् । २ नम्बर प्रदेश हाँक्न सक्ने क्षमता आफूमा भएको उनको जिकिर छ। यद्यपि पर्साकै पहिला सांसद रहेको र अहिले प्रदेशमा जितेका लालबाबु राउतको पनि यस्तै तर्क छ। यद्यपि राजपाका मनिष सुमनलगायतले मधेसको पूर्वी भागबाट मुख्यमन्त्रीमा दाबी गरेका कारण सहमतिमा मुख्यमन्त्री छानिने सम्भावना कम देखिएको स्वयम् मधेसवादी दलका नेताहरूले नै बताएका छन्। प्रतिनिधिसभाका ४ र प्रदेशसभाका ८ निर्वाचन क्षेत्र रहेको पर्सामा ४ वटै प्रतिनिधिसभा र ८ मध्ये ६ वटा प्रदेशसभा सदस्यमा मधेसकेन्द्रित दलले जित हासिल गरेका छन्।

# सर्वपक्षीय निर्णय कार्यान्वयन भएन

हिक्मत नेपाली, दैलेख



दैलेख सदरमुकामको साँधुरो सडक। स्थानीय व्यापारीहरूको लापरवाही र सडक छेउमै निर्माण सामग्रीहरू राख्नाले अस्तव्यस्त सडकमा ओहोरदोहार गर्ने सावारी साधनहरू बीचसडकमै तमासे बनेका हुन्छन्। जसका कारण पटक-पटक साना दुर्घटनाहरू भइरहेका छन् । साँधुरो सडकमा २ तर्फी यातायात सञ्चालनले दैलेख सदरमुकामको बीचसडकमा बेला-बेला जामसमेत हुने गरेको छ।

दैलेख सदरमुकाम प्रवेश गर्ने र सदरमुकामबाट बाहिरिने सावारी साधनहरू एकतर्फी बनाउन पटक-पटक सर्वपक्षीय निर्णय पनि भएका छन्। गत भदौ २३ गते दैलेखका प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपानेको संयोजकत्वमा बसेको सर्वपक्षीय बैठकले यातायात सञ्चालनमा कडाइ गर्ने निर्णय गरेको थियो। त्यसको २ महिना नबित्दै सोमबार पुन: यातायात सञ्चालनसम्बन्धी निर्णय गरिएको छ। २ महिनाको बीचमा २ पटक गरिएका निर्णय कार्यान्वयनमा भने आउन सकेको छैन। गत भदौमा बसेको बैठकले यातायात सञ्चालनसम्बन्धी १४ बुँदे निर्णय गरेको थियो। उक्त निर्णयमा भनिएको थियो- 'दैलेख सदरमुकाममा एकतर्फी यातायातका साधन सञ्चालनमा ल्याइनेछ।'

यस्तै निजी सवारी साधनले यात्रु ओसारपसार गर्न नपाउने, दैलेख सदरमुकामबाट छुट्ने सबै यात्रु वाहक सवारी साधनहरू काँडाचौर बसपार्कबाट मात्र छुट्नुपर्ने निर्णय गरिएको थियो। दैलेखको काँडाचौर बसपार्कबाट छुटेका सवारी साधन नारायण क्याम्पस रामपुर, जिल्ला वन कार्यालय, जिल्ला प्रहरी कार्यालय हुँदै तल्लो सडकबाट बाहिरिनुपर्ने निर्णय गरिएको भए पनि कार्यान्वयन भने हुन सकेन।

यस्तै यातायातका साधनमा बालबालिकाको प्रयोग गर्न नपाइने, सवारी साधनले सडक अबरुद्ध हुने गरी यात्रु चढाउन र ओराल्न नपाइने तथा यात्रु ओराल्दा र चढाउँदा खुल्ला ठाउँमा रोक्नुपर्ने, यातायातका साधानले अत्यावश्यक परेमा मात्र हर्न बजाउन पाउनेलगायतका निर्णय कागजमै सीमित भए।

यस्तै कानुनले तोकेबमोजिम आरक्षण सिटको व्यवस्था गर्नुका साथै आरक्षण सिटको अनिवार्य कार्यान्वयन गर्नुपर्नेलगायतका निर्णयहरू गरिएको भए पनि उक्त निर्णय कायान्वयन नहुँदै फेरि अर्को निर्णय गरिएको छ। सोमबार बसेको सर्वपक्षीय बैठकले पहिलाकै निर्णयलाई कार्यान्वयन गर्ने गरी निर्णय गरेको सहायक प्रमुख जिल्ला अधिकारी हरि देवकोटाले जानकारी दिएका छन्। उनका अनुसार बजार क्षेत्रमा व्यापारिक तथा निर्माण सामग्री राख्न नपाइने राखेको पाइएमा सामान जफत गर्ने निर्णय गरिएको छ। यस्तै सदरमुकामका बीच सडकमा सडक अबरुद्ध हुने गरी सावरी साधन राख्न नपाइने निर्णय गरिएको देवकोटाले जानकारी दिए। उक्त बैठकको निर्णयअनुसार अब दैलेख बजार क्षेत्रमा मनोमानी ढंगबाट हर्न बजाउन पाइने छैन। सहायक प्रजिअ देवकोटाका अनुसार उक्त निर्णय आउँदो १५ गतेदेखि लागू हुनेछ। दैलेख सदरमुकामको बजार क्षेत्रमा यातायात सञ्चालनसम्बन्धी यसअघि गरिएका निर्णय ठोस रूपमा कार्यान्वयन भने आउन सकेको छैन।

# नवनिर्वाचित सांसद बधाई थाप्न घरदैलोमा

नेपाल समाचारपत्र

कालिकोट




मंसिर १० र २१ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाका विजयी सांसदहरू मतदातालाई धन्यवादका साथै बधाई थाप्न घरदैलो अभियानमा जुटेका हुन्। प्रतिनिधिसभा सांसद दुर्गबहादुर रावत र प्रदेशसभा सांसद कुर्मराज शाहीले खाडाचक्र नगरपालिकाको सेरावडा, दशला हुँदै पाँखा गाउँका घरघरमा पुगेर बधाई तथा सम्मान थापिरहेका छन्। निर्वाचित भएलगत्तै तिलागुफा नगरपालिका चिल्खाया गाउँबाट शुरु गरिएको घरदैलो अभियान निरन्तर चलिरहेको छ।

प्रदेश नंम्बर ६ को मुख्यमन्त्री दाबी गरिरहेका महेन्द्रबहादुर शाही निर्वाचित भएलगत्तै पचालझरना गाउँपालिका, रास्कोट नगरपालिका र पलाता गाउँपालिकामा ३ ठाउँमा मतदातासँग कार्यक्रम गरेर काठमाडौं लागेका छन्।

निर्वाचनअघि घरदैलो सकेका उनीहरूले अहिले पनि कार्यतालिका नै बनाएर मतदाताको घरदैलोमा पुगिरहेका स्थानीयसँग राय सल्लाह सुझाव लिन लागेको नवनिर्वाचित प्रदेशसभाका सांसद कुर्मराज शाहीले बताए। 'हामी जनताबाट चुनिएर आएका छौं।' उनले भने-'वहाँहरूको आवश्यकता राय सल्लाह र सुझाव लिन ब्यस्त रहेका छौं।'

आफूलाई मत दिएर विजयी गराउने मतदातालाई धन्यवाद दिन गाउँगाउँमा गएर वहाँहरूलाई धन्यवाद दिने र मतदाता आर्शिवाद लिने काम भइरहेको प्रतिनिधिसभाका सांसद दुर्गबहादुर रावतले बताए। 'चुनावभन्दा अगाडिका दिनमा मत माग्दै जहाँ-जहाँ गइयो। अहिले त्यही ठाउँका मतदातासँग पुगेर आर्शीवाद लिने धन्यवाद दिने कार्यक्रममा व्यस्त छु।' उनले भने- 'निर्वाचनमा मैले गरेको वाचा पूरा गर्न जनताबाट सल्लाह लिने काम गरिरहेको छु।'

# सेनाले बाँड्यो दाउरा र चिया

नेपाल समाचारपत्र

महोत्तरी



महोत्तरीमा विगत ४ दिनदेखि चिसो बढेपछि मंगलबार बिहानै नेपाली सेनाले जलेश्वरमा दाउरा तथा चिया वितरण गरेका छन्।

महोत्तरीमा एक्कासि आएको मौसममा परिवर्तन तथा लगातार हुस्सु र कुहिरोले गर्दा यहाँका स्थानीयहरूमा जाडो काट्न मुस्किलको स्थिति सृजना भएपछि महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर परिकौलीस्थित फस्ट राइफल गणका नेपाली सेनाले जलेश्वरको ४ सार्वजनिक स्थलहरूमा दाउरा बाल्नुका साथै चिया वितरण गरेर न्यानो बाँडेको छ।

नेपाली सेनाले सर्वसाधारणहरूलाई आगो ताप्न जलेश्वरको दुर्गा चौक, नगरपालिका चौक, बुद्धिजीवी चौक र खैरा चौकमा दाउरा बाल्नुका साथै त्यहाँ चियासमेत वितरण गरेको नेपाली सेनाका गणपति कृष्ण खडकाले बताए। उनले जाडो बढेपछि खास गरी रिक्सा, ठेला चलाउने, मजदुरी गर्ने मिस्त्रीहरू, असहायलगायत स्थानीय सर्वसाधारणहरूले आगो तापेर तथा चिया खाएर राहतको महशुस् गरेका छन्। यता जाडो बढेपछि यहाँका जनजीवन निकै प्रभावित भएको छ।

# म्याग्दीका सात जना उम्मेदवारले धरौटी जोगाउन सकेनन्

नेपाल समाचारपत्र

म्याग्दी

गएको मंसिर १० गते पहिलो चरणमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिएका म्याग्दीका ७ जना उम्मेदवारहरूको धरौटी जफत भएको छ। प्रतिनिधिसभामा एक र प्रदेशसभातर्फ २ वटा निर्वाचन क्षेत्र रहेको म्याग्दीमा विभिन्न दलका ७ जना उम्मेदवारले धरौटी जोगाउन पनि सकेनन्।

धरौटी जफत हुने उम्मेदवारहरूमध्ये प्रतिनिधिसभातर्फ ५ र प्रदेशसभामा २ जना उम्मेदवार रहेको जिल्ला निर्वाचन कार्यालय म्याग्दीले जनाएको छ। कार्यालयका अनुसार धरौटी जफत हुनेहरूमा राष्ट्रिय जनमोर्चाका उम्मेदवार फौजबहादुर कार्की, नयाँ शक्ति पार्टी नेपालका नारायण शर्मा, एकीकृत राप्रपा (राष्ट्रवादी)का रामबहादुर शाही, मंगोल नेसनल अर्गनाइजेसनका रनबहादुर फगामी र राष्ट्रिय जनमुक्ति पार्टीका तिलकबहादुर थापा मगर रहेका छन्।

यसैगरी प्रदेशसभा (ख)तर्फ राष्ट्रिय जनमोर्चाका उम्मेदवार रमेशकुमार पुन र राष्ट्रिय जनमुक्ति पार्टीका छमबहादुर रोकाको धरौटी जफत भएको जिल्ला निर्वाचन अधिकारी केदारनाथ पौडेलले जानकारी दिनुभयो। उम्मेदवारले धरौटी जोगाउनका लागि कम्तिमा पनि सदर मतको १० प्रतिशत मत ल्याउनैपर्ने कानुनी प्रावधान रहेको उहाँले बताउनुभयो। हालै सम्पन्न निर्वाचनमा प्रतिनिधिसभा उम्मेदवारका लागि १० हजार र प्रदेशसभा उम्मेदवारले ५ हजार रुपियाँ धरौटी रकम बुझाउनुपर्ने व्यवस्था रहेको निर्वाचन अधिकारी पौडेलको भनाइ छ।

प्रतिनिधिसभामा उम्मेदवार बनेका एकीकृत राप्रपा (राष्ट्रवादी)का उम्मेदवार रामबहादुर शाहीले ३०६, नयाँ शक्ति पार्टी नेपालका नारायण शर्माले १४२, मंगोल नेसनल अर्गनाइजेसनका रनबहादुर फगामीले ११२, राष्ट्रिय जनमोर्चाका फौजबहादुर कार्कीले ९७ र राष्ट्रिय जनमुक्ति पार्टीका तिलकबहादुर थापाले ३० मत पाउनुभएको थियो। त्यस्तै प्रदेशसभा (ख)मा राष्ट्रिय जनमोर्चाबाट उम्मेदवार बनेका रमेशकुमार पुनले ५७ र राष्ट्रिय जनमुक्ति पार्टीका छमबहादुर रोकामगरले ३५ मत मात्रै पाउनुभएको थियो।

भावपूर्ण श्रद्धाञ्जली



जन्म:
१९९४/०८/२४

स्वर्गारोहण
२०७४/८/२२

स्व. ज्ञान माया महर्जन

यस संस्थाका अध्यक्ष श्री हरि गोविन्द महर्जनका ममतामयी माता ज्ञानमाया महर्जनको असामयिक स्वर्गारोहण भएको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस शोक सन्तप्त परिवारजनमा भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

श्री भृङ्गेश्वर महादेव साकोस परिवार
सुनाकोठी, ललितपुर

Government of Nepal (GoN)
Ministry of Federal Affairs and Local Development
Department of Local Infrastructure Development and Agricultural Roads
**Suspension Bridge Division**
Shreemahal, Pulchowk, Lalitpur

**Invitation for Quotations**

**Invitation for Quotations for the Protection work at Uttarayani Trail Bridge, Siraha/ Dhanusha**

**Date of publication: 2074-9-5**
Contract Identification No: MM:SQ-01/074/75

1. The Suspension Bridge Division invites sealed quotation for the construction of **Protection work at Uttarayani Trail Bridge, Siraha/ Dhanusha.** The estimated amount for the works is **NRS 16,33,521.85 (Excl VAT)**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Suspension Bridge Division, Shree Mahal, Pulchowk, Lalitpur, telephone no. 01-5524682 and 01-5524681, facsimile number 01-5527944 .
3. A complete set of Bidding Documents may be purchased from the office of Suspension Bridge Division, Shreemahal, Pulchowk, Lalitpur by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, Business registration certificate and upon payment of a non-refundable fee of NRs 1,000/- till 2073/9/19 within office hours .
4. Sealed bids must be submitted to the above mentioned office on or before 12:00 hrs on 2073-9-20. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2073-9-20, 13:00 hrs** at the above mentioned office . Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs 55,000/-** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2074-12-6).
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# विश्व

### प्रतिरक्षा
यमनको हौथी लडाकूसँग संघर्षरत साउदी नेतृत्वको फौजले रियादनजिक एउटा क्षेप्यास्त्र खसालेको दाबी गरेको छ ।



### पक्राउ
अधिनस्थ पश्चिम किनारमा प्रदर्शनको क्रममा इजरायली सैनिकलाई थप्पड हान्ने एक प्यालेस्टाइनी बालिकालाई इजरायली फौजले पक्राउ गरेको छ ।



2017, DEC
Wednesday
20

## विश्व २ मिनेट

**बेलायत**

### लिंग गोप्य
लन्डन, (एजेन्सी)

बेलायतका राजकुमार विलियमकी पत्नी केट मिडल्टन, डचेस अफ क्याक्ब्रिज तेस्रो सन्तानको गर्भवती छिन्। अर्को वर्ष अप्रिलमा उक्त शिशु जन्मिने बताइएको छ। तर राजकुमार विलियम र उनकी पत्नी दुबैले उनीहरूको तेस्रो सन्तान छोरा वा छोरी के हुने भन्ने विषयमा खुलाएका छैन। ती जोडीले ४ वर्षीय राजकुमार जर्ज र २ वर्षीया राजकुमारी केर्लोटसहित परिवारको क्रिसमस कार्ड सार्वजनिक गरेको छ। सान्ड्रिङ्ममा महारानीसँग ३३ वर्षीय ह्यारी र ३६ वर्षीय मेगन मार्कलको क्रिसमसमा डचेस अफ क्याम्ब्रिज पनि सहभागी हुनेछिन्। ह्यारी र मार्कलबीच अर्को वर्ष विवाह हुने घोषणा भइसकेको छ।

**दक्षिण कोरिया**

### इन्चार्जलाई मृत्युदण्ड
सोल, (एजेन्सी)

परमाणु केन्द्रको निर्माण स्थलका एक वरिष्ठ उत्तर कोरियाली इन्चार्जको हत्या भएको हुन सक्ने आसाही सिम्बुनले मंगलबार जनाएको छ।१ जना पूर्वउत्तर कोरियाली सैनिकले उक्त जापानी दैनिकीलाई ब्युरो १३१ का निर्देशकलाई सैन्य गोप्यता भंग गरेको आरोपमा पदबाट हटाइएको र त्यसपछि मृत्युदण्ड दिएको अपुष्ट समाचारका बारेमा बताएका थिए। ब्युरो १३१ उत्तरको प्रमुख आणविक तथा क्षेप्यास्त्र केन्द्रको संरचना निर्माणका लागि जिम्मेवार मानिन्छ। उक्त निकाय सत्तारुढ वर्कर्स पार्टीको एक शाखा हो। उनलाई छैंठो परमाणु परीक्षण सारिएको र सुरूङ भत्केको सूचना चुहावट गरेको आरोप लगाइएको आसाहीले जनाएको छ।

**दक्षिण कोरिया**

### अझै गरिबी
सोल, (एजेन्सी)

विगत ५ वर्ष यता सन् २०१६ मा उत्तर कोरियाको आय आर्जनमा तीव्र गतिमा सुधार आएको तर अझै पनि किम जोङ उनका जनता दक्षिण कोरियालीहरूका तुलनामा २० गुणाभन्दा बढी गरिब रहेको बताइएको छ। किमको आणविक हतियार विकास कार्यक्रमका कारण प्योङयाङमाथि अन्तर्राष्ट्रिय नाकाबन्दी लगाइए तापनि गत वर्ष उत्तर कोरियाको प्रतिव्यक्ति आय ५ प्रतिशतले वृद्धि भएर करिब १ हजार ३ सय ४० अमेरिकी डलर पुगेको हालै सोलको तथ्यांक निकायले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

**चीन**

### अमेरिकी नीति आलोचित
बेइजिङ, (एजेन्सी)

संयुक्त राज्य अमेरिकाले नयाँ राष्ट्रिय सुरक्षा नीति सार्वजनिक गरेपछि मंगलबार चीनले ह्वाइट हाउसको शीत युद्धकालीन मानसिकताको आलोचना गरेको छ। उक्त दस्तावेजमा चीन र रसियालाई प्रतिद्वन्द्वी शक्तिको संज्ञा दिँदै तिनीहरूबाट थुप्रै सम्भावित खतरा रहेको उल्लेख गरिएको छ। उक्त नयाँ नीतिमा बेइजिङ र अन्य सरकारहरूले अमेरिकी शक्तिलाई चुनौती दिन दृढ रहेको बताइएको छ। तर चीनको विदेश मन्त्रालयले उक्त प्रतिवेदनको आलोचना गर्दै वासिंगटनले पुरानो धारणा त्याग्नुपर्ने जनाएको छ। रसियाले पनि अमेरिकी नीतिको आलोचना गरेको छ।

### सुरक्षा परिषद्मा जेरुसेलमको दर्जाबारे मतदानमा

# थप एक्लिएका अमेरिकाद्वारा विशेषाधिकार प्रयोग



वासिंगटन, (एजेन्सी)

राष्ट्रपति डोनाल्ड ट्रम्पको जेरुसेलमलाई इजरायलको राजधानीको मान्यता दिने निर्णयलाई लिएर सोमबार संयुक्त राज्य अमेरिकी अन्तर्राष्ट्रिय जगत्मा अझै एक्लिएको छ। राष्ट्रसंघीय सुरक्षा परिषद्ले जेरुसेलमलाई राजधानी मान्नका लागि अमेरिकाले गरेको यो निर्णयको फिर्ता लिइनुपर्ने जनाएको छ ।

सुरक्षा परिषद्का बाँकी १४ वटा सदस्य राष्ट्रले इजिप्टले तयार पारेको प्रस्तावनाको मस्यौदा बारे पक्षमा मतदान गर्दै अमेरिका वा ट्रम्पको नाम उल्लेख नगरिकन हालै जेरुसेलमको दर्जाबारे गरिएको निर्णयप्रति गहिरो दु:ख प्रकट गरेका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जेरुसेलमलाई इजरायलको राजधानीका रूपमा मान्यता दिने भनी गरेको निर्णयका विरुद्धमा विश्वका इस्लाम समुदायले व्यापक विरोध प्रदर्शन गरिरहेका बेला यस विषयमा राष्ट्रसंघमा यस सम्बन्धमा मतदान भएको हो।

तर संयुक्त राष्ट्रसंघका लागि अमेरिकी स्थायी प्रतिनिधि निकि ह्यालीले उक्त मतदानपछि भनेकी छिन्,- 'हामीले यहाँ सुरक्षा परिषद्मा अपमान देख्यौं यसलाई कहिले बिर्सिनेछैन।' अमेरिकाले छ वर्षभन्दा लामो समयपछि पहिलोपटक विशेषाधिकार प्रयोग गरेको हो।

अमेरिकाको सार्वभौमको प्रतिरक्षाका लागि यो विशेषाधिकार प्रयोग गरिएको हो। मध्यपूर्वी शान्ति प्रक्रियामा अमेरिकाको भूमिकाप्रति हामीलाई लज्जा महशुस भएको छैन बरु सुरक्षा परिषद्का अन्य सदस्यहरूलाई यस सम्बन्धमा लाज लाग्नुपर्ने हो।' मध्यपूर्वका लागि संयुक्त राष्ट्रसंघका लागि संयुक्त राष्ट्रसंघीय विशेष प्रतिनिधि निकोली माल्देनोभोले यसबारे ब्रिफिङ गरेको थिए। गत ६ डिसेम्बरमा अमेरिकी ट्रम्प सरकारले जेरुसेलबारे उक्त निर्णय गरेको थियो। तर इजरायललाई मान्यता दिने भनी गरिएको यस निर्णयको भने विश्वका इस्लाम समुदायले एकै स्वरमा विरोध गरेका छन्। प्यालेस्टिनीहरूले स्वतन्त्र राज्य माग गर्दै लामो समयदेखि सङ्घर्षरत इस्लामिक हमास समूहद्वारा उक्त निर्णयका विरुद्धमा आन्दोलन गर्न आह्वान पनि भएको थियो। यो विरोधको क्रम अझै रोकिएको छैन।

यस निर्णय र अमेरिकाका विरुद्ध विश्वका विभिन्न देशमा प्रदर्शन जारी रहेको बताइएको छ। यसैक्रममा आइतबार मात्र इन्डोनेसियाको राजधानी जकार्तामा गरिएको अमेरिका विरुद्धको प्रदर्शनमा करिब ८० हजार मुस्लिम जनताको सहभागिता रहेको समाचारमा जनाइएको छ।

यसैबीच इजरायली प्रधानमन्त्री बेन्जमिन नेतान्याहुले भने अमेरिकी राष्ट्रपति ट्रम्पको प्रशंसा गर्दै उनले जेरुसलेमको इतिहासको सम्मान गरेको बताएका छन्।

# पितामाथि आक्रमण गरेको आरोपमा सराह पलिनका छोरा हिरासतमा

वासिङटन, (एजेन्सी)

पूर्वरिपब्लिकन उपराष्ट्रपति उम्मेदवार सराह पलिनका छोरालाई उनका पितासँग भएको झगडाको मामिलामा आक्रमण तथा तोडफोड गरेको आरोपमा पक्राउ गरेको छ। उनले झगडामा गोलीसमेत चलाएको बताइएको छ।

ट्र्याक पलिनमाथि शनिबार राति अलस्कास्थित उनका मातापिताको घरमा झ्यालबाट छिरेर तोडफोड मच्चाएको आरोप लगाइएको प्रहरीले जानकारी दिएको छ। २८ वर्षीय पलिनले आफूले दुखाइको औषधी लिइरहेको र रक्सी पनि पिएको बताएको अमेरिकी सञ्चार माध्यमले जनाएको छ। यसअघि उनलाई सन् २०१६ मा प्रेमिकालाई मुक्का हानेको आरोपमा पक्राउ गरिएको थियो। प्रहरीलाई दिएको उजुरीमा पलिन दम्पत्तीले प्रहरीलाई राति फोन गरी आफ्नो छोराले केही औषधी लिएको र अराजक बनेको आरोप लगाइएको एलए टाइम्स अखबारले जनाएको छ।

उक्त घटनाको छानविन गरिरहेका एक अधिकारीले पूर्वअलास्काका गभर्नर उनीहरूको घरमा दुखित देखिएकी थिइन्। पलिन आवासमा प्रहरी पुग्दा उनीहरूको ट्र्याक पलिनसँग मुठभडको स्थिति रहेको र उनी घरवरपर घुमिरहेको र यस क्रममा उनी ग्यारेजको छतमा पुगेका थिए। उनले प्रहरीलाई हतियार बिसाउन र आफूहरूलाई पनि 'किसान' भनेको उनीहरले बताए।


ट्र्याक पलिन

आफ्ना मातापिताको घरमा एउटा गाडी लिन आएका पलिनले आफ्नो पितालाई पिट्ने चेतावनी दिएपछि उनीबीच झगडा भएको प्रहरीले बताए। पलिनका पति टोड पलिनले उनको छोरा आएपछि आफूले एउटा पिस्तोल आफूसँग राखेको तर पछि आफू निशस्त्र बनेको र रक्ताम्य भएको प्रहरीलाई बयान दिएका थिए।


पलिन दम्पति

प्रहरीले ट्र्याक पलिनलाई पहिलो डिग्रीको लुटपात, चौथो दर्जाको आक्रमण र आपराधिक दुर्व्यवहार गरेको आरोप लगाउँदै प्रहरी हिरासतमा राखेको छ।

# परमाणु युद्धको सम्भावना नकार्न सकिँदैन : *पाकिस्तान*

इस्लामावाद (एजेन्सी)

पाकिस्तानका राष्ट्रिय सुरक्षा सल्लाहकार नसिर खान जाजुआले पछिल्लो स्थितिलाई हेरेर परमाणु युद्धको सम्भावना नकार्न नसकिने बताएको छ।

जांजुआले दक्षिण एसियामा परमाणु युद्धको सम्भावनालाई अस्वीकार गर्न नसक्ने बताउँदै यस क्षेत्रमा जुन रूपमा परिस्थिति बन्दै गइरहेको छ, त्यसले युद्धको खतरा उत्पन्न भइरहेको बताए।

दक्षिण एसियाली क्षेत्रको स्थिरता अत्यन्त नाजुक स्थितिमा रहेकाले परमाणु युद्धको सम्भावनालाई अस्वीकार गर्न नसक्ने दाबी उनले गरे।

पाकिस्तानको राष्ट्रिय सुरक्षाका विषयमा भइरहेको एक सेमिनारमा जांजुआले उक्त कुरा राखेका थिए। भारतले लगातार खतरनाक हतियार जम्मा गरिरहेको र पाकिस्तानलाई पारम्पारिक युद्धको धम्की दिने गरेको उनले बताए। अमेरिका विरुद्ध टिप्पणी गर्दै जांजुआले अमेरिका र भारत मिलेर चीन-पाकिस्तान इकोनोमिक कोरिडोर विरुद्ध षड्यन्त्र रचिरहेको आरोप लगाए। अमेरिकाले पाकिस्तानलाई नजरअन्दाज गर्दै भारतलाई समर्थन गरिरहेको बताए।

पाकिस्तानको एनएसएको परमाणु युद्धको धम्कीलाई लिएर कांग्रेस नेता प्रमोद तिवारीले पाकिस्तानसँग लडन आफ्ना सेना तयार रहेको प्रतिक्रिया दिएका छन्। त्यसैगरी भाजपा नेता विनय कटियारले पाकिस्तानले यदि कुनै त्यस्तो गतिविधि गरेमा उसको कयौं पुर्खाले त्यसको नतिजा भोग्नुपर्ने चेतावनी दिए।



### कट्टरपन्थी हमला योजना असफल

# पुटिनद्वारा सीआईएको सहयोगका लागि ट्रम्पलाई धन्यवाद



मस्को, (एजेन्सी)

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई फोन गरी रुसी शहर सेन्ट पिटर्सबर्गको प्रमुख गिर्जाघरमा हमलाको योजना असफल पार्नमा अमेरिकी गुप्तचर एजेन्सी सीआईएको सहयोगका लागि धन्यवाद दिएका छन्।

रुसी सञ्चार माध्यमहरूले अमेरिकी गुप्तचर एजेन्सी सीआईले दिएको सूचनाका आधारामा रुसी सुरक्षा एजेन्सीले उक्त ऐतिहासिक सहरको प्रमुख गिर्जाघरमा हुन लागेको आक्रमणको योजनालाई असफल पारेको जनाएको थियो।

उक्त आक्रमण शनिबार हुन लागेको अधिकारीहरूले बताएका छन्। पुटिनले अमेरिकासँग जोडिएका यस प्रकारका गोप्य जानकारी प्राप्त भएमा अमेरिकी अधिकारीहरूलाई अवगत गराउने बचन दिएको रुसी समाचार एजेन्सी इन्टरफ्याक्सले जनाएको छ।

रुसको सुरक्षा सेवा एफएसबीले शुक्रबार एक बयानमा उसले इस्लामिक स्टेट समर्थक समुहका ७ सदस्यलार्य हिरासतमा लिएको उल्खेख गरेको छ। उनीहरूबाट विस्फोटक, हितयार तथा कट्टरपन्थी साहित्य बरामद गरिएको बताइएको छ।

उक्त समूहले शनिबार एक धार्मिक संस्थामा आत्मघाती हमला गरी नागरिकहरूको हत्या गर्ने योजना बताएको एफएसबीले जनाएको छ। क्रेमलिनलाई उद्धृत गर्दै उक्र समूहले कजान क्याथेड्रल र रुसको अन्य ठूला शहरको भिडभाड हुने इलाकामा शक्तिशाली विस्फोट गर्ने तयारी गरिरहेको इन्टरफ्याक्सले जनाएको छ।

# वासिंगटनमा भयावह ट्रेन दुर्घटना

वासिंगटन, (एजेन्सी)

अमेरिकाको वासिंगटन राज्यमा ३ जना व्यक्तिको ज्यान जाने गरी एउटा यात्रुवाहक ट्रेन दुर्घटना भएको छ। सोमबार सो ट्रेन एउटा घुम्तिमा लिकबाट उछिटिँदा सो स्थानमा गति सिमा ३० माइल प्रतिघन्टा रहनुपर्नेमा उक्त ट्रेन ८० माइल प्रतिघन्टाको गतिमा गइरहेको ट्रेनको इन्जिन डाटा रेकर्डले देखाएको छ।

अति व्यस्त समयमा भएको उक्त दुर्घटनामा घाइतेहुन पुगेका ७२ जनालाई अस्पतालमा भर्ना गरिएको सरकारी अधिकारीहरूले जनाएका छन्। घाइते मध्ये १० जनाको स्थिति चिन्ताजनक रहेको बताइएको छ।

स्थानीय प्रशासनले सम्पूर्ण डिब्बाहरूमा छानबिन गरिसके तापनि मृतकको संख्या बढ्ने सम्भावना रहेको जनाएको छ। राष्ट्रिय पारवहन सुरक्षा बोर्डका प्रवक्ताले स्थानीय समयअनुसार सोमबार राति घटनास्थल पुगेका अनुसन्धानकर्ताहरू संभवत: त्यहाँ १० दिन बस्ने बताएको छ। उक्त ट्रेन लिकबाट उछिट्टिएर थुप्रै सवारी साधन रहेको मोटरबाटोमा पुगेको थियो।



चीनसँगको २ वटा खुला नाका रसुवाको केरुङ र सिन्धुपाल्चोकको तातोपानी ३ नम्बर प्रदेशमै छ। दोलखाको लामाबगर नाका खुला गरी उत्तर दक्षिण सडक खोल्न सके नेपाल भारत र चीन जोड्ने सबैभन्दा छोटो मार्ग बन्न सक्छ।

# सुनुवारविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौं, (नेस)

महानगरीय प्रहरी प्रभाग नयाँ बसपार्कमा कार्यरत प्रहरी निरीक्षक हरिहर सुनुवारविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रभागमा कार्यरत इन्सपेक्टर सुनुवारलाई मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

इन्सपेक्टर सुनुवारलाई अख्तियारको टोलीले ५० हजार घूस रकमसहित रंगेहात पक्राउ गरिएको थियो। प्रहरी निरीक्षक सुनुवारले आफ्नो कार्यक्षेत्रमा रहेका गेष्ट हाउस सञ्चालकहरूसँग डर त्रास देखाएर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १ बमोजिम कसुर गरेको पुष्टि हुन आएको अख्तियारले जारी वक्तव्यमा उल्लेख गरिएको छ।

आयोगले जारी गरेको वक्तव्यमा भनिएको छ- 'निजलाई ५० हजार विगो कायम गरी ऐनअनुसार जरिवाना र कैद सजाय हुन भागदाबी लिइएको छ।'

साथै उक्त घूस लेनदेन प्रक्रियामा रकम माग्ने र उठाउने प्रहरी जवान वीरेन्द्रबहादुर बमलाई समेत आयोगले ५० हजार विगो कायम गर्दै मुद्दा दायर गरेको छ।

त्यस्तै गरी, जिल्ला प्राविधिक कार्यालय सिराहामा कार्यरत इन्जिनियर रामबहादुर यादवलाई ८ हजार घूससहित पक्राउ गरेको छ। उनले इन्टरनेसनल कन्ट्रक्सन कम्पनीको अनुमतिपत्र बनाउनका लागि आवश्यक पर्ने इन्जिनियरको प्राविधिक प्रतिवेदन बनाउने प्रयोजनको लागि विभिन्न बहानामा घूस मागेको अख्तियारको दाबी छ।

घूस मागेको विशेष उजुरीका आधारमा उनलाई अख्तियारको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले पक्राउ गरी अनुसन्धान गरिरहेको अख्तियारले जनाएको छ।

# महानिर्देशक पाण्डेसहित दुईविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौं, (नेस)

वैदेशिक रोगजार विभागका महानिर्देशक विश्वराज पाण्डेसहित शाखा अधिकृत कृति वल्लभ पौडेल र नासु खड्गबहादुर केसीलाई भ्रष्टाचार मुद्दा दायर भएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मंगलबार विभागका महानिर्देशक सहित दुई जनाविरुद्ध विशेष अदालतमा दश लाख विगोसहित भ्रष्टाचारको मुद्दा दायर गरेको हो।

उनीहरूले म्यानपावर कम्पनीको कामकाज तथा बैंक खातासमेत विभागबाट रोक्का राखेको सम्बन्धमा कम्पनीको तर्फबाट सर्वोच्च अदालतमा मुद्दा दायर भई अदालतबाट रोक्का फुकुवा गरी नियमानुसार काम गर्न दिनु भनी आदेश भइसकेको अवस्थामा समेत रोक्का फुकुवा नगरी विभिन्न बहानामा घूस माग गरेको थियो।

अख्तियारले शाखा अधिकृत पौडेल र नासु केसीलाई १० लाख रुपियाँ घूस लिइसकेको अवस्थामा र महानिर्देशक पाण्डेलाई अनुसन्धानका क्रममा नियन्त्रणमा लिई अनुसन्धान हुँदा भ्रष्टाचार कसूर गरेको ठहर भएको अख्तियारले जनाएको छ।

अख्तियारले उनीहरूविरुद्ध सो रकम बराबर विगो दाबी गर्दै विशेष अदालतमा कैद सजायको माग दाबी गरेको छ।

# २ प्रतिशत मत ल्याउने नै तेस्रो

**नानीराम नेपाल**
सिन्धुपाल्चोक

जनसमाजवादी पार्टी नेपालका तर्फबाट प्रतिनिधिसभा १ नम्बर क्षेत्रमा उम्मेदवार बनेका हस्तबहादुर विश्वकर्मा निर्वाचनको ४ दिनअघि वाम गठबन्धनमा प्रवेश गरेका थिए। ठोकर्पामा वाम गठबन्धनद्वारा आयोजित कार्यक्रममा बोल्दै उनले प्रतिनिधिसभामा वाम उम्मेदवार अग्निप्रसाद सापकोटाका लागि मतदान गर्न खुला अपिल गरेका थिए। तर उनै विश्वकर्मा १ हजार ७ सय २ मत प्राप्त गरी तेस्रो भएका छन्। कुल सदर मतको २ प्रतिशत मतका साथ उनी तेस्रो भएका हुन्। कुल सदर ७३ हजार २ सय ४८ मतमध्ये उनले १ हजार ७ सय ४७ मत प्राप्त गरे। १ नम्बर क्षेत्रको दुई प्रदेशसभामा पनि जनसमाजवादी पार्टी नेपाल तेस्रो भयो। दुवै प्रदेशमा जनसमाजवादीका उमेदवारले पाएको मत २ प्रतिशत मात्रै छ। १ नम्बर क्षेत्रको प्रदेश १ मा सो पार्टीका उम्मेदवार मोहनलाल विश्वकर्माले ६ सय ५२ मत पाए भने प्रदेश २ मा बुद्धकुमार श्रेष्ठले ८ सय ५२ मत पाए।

प्रतिनिधिसभा २ नम्बर क्षेत्रमा एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार चन्द्रदत्त खतिवडा पनि कुल सदर मतको २ प्रतिशत मत प्राप्त गरी तेस्रो भए। २ नम्बर क्षेत्रमा खसेको कुल ७१ हजार ८ सय ३४ सदर मतमध्ये १ हजार ३ सय ४१ मत ल्याएका छन्। २ नम्बर क्षेत्रको प्रदेश १ मा जनसमाजवादीकै उम्मेदवार कालीबहादुर माझी तेस्रो स्थानमा रहे। कुल सदर मतमध्ये उनले ८ सय ९२ मत प्राप्त गरी तेस्रो भएका हुन्। २ को प्रदेश २ मा पनि जनसमाजवादीका चेतनाथ गिरीले ७ सय ४६ मत ल्याई तेस्रो भए।

**४३ उम्मेदवारः जसले जमानत जोगाउन सकेनन्**

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि उम्मेदवार बनेकामध्ये विजयी र निकटतम प्रतिस्पर्धीबाहेक सबैको जमानत जफत भएको छ। सिन्धुपाल्चोकबाट प्रतिनिधिसभा र प्रदेशसभाका लागि उम्मेदवार बनेकामध्ये विजयी उम्मेदवार र निकटतम प्रतिस्पर्धीबाहेक अरू सबैको जमानत जफत भएको छ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन ऐनअनुसार जम्मा सदर मतको दश प्रतिशतभन्दा कम मत ल्याउने उम्मेदवारको जमानत जफत हुने व्यवस्था रहेको छ। सो व्यवस्थाअनुसार ४३ जना उम्मेदवारले दश प्रतिशत मत ल्याउन नसक्दा जमानत जफत भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ। 'दश प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारको जमानत जफत हुने व्यवस्था छ', मुख्य निर्वाचन अधिकृत दीपक खनालले भने- 'विजयी उम्मेदवार र निकटतम प्रतिसपर्धीभन्दा बाहेकले जमानत जोगाउन सकेनन्।'

जमानत जफत हुनेमा प्रतिनिधिसभा सदस्यतर्फ १८, प्रदेशसभातर्फ २५ जना उम्मेदवार रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार प्रतिनिधिसभा १ को प्रदेश 'क' र प्रदेश 'ख'मा गरी १५ जनाको जमानत जफत भयो। त्यस्तै २ नम्बर क्षेत्रको प्रदेश 'क' र प्रदेश 'ख'मा गरी १० जनाको जमानत जफत भएको छ।

**जसले एक सय मत पनि पाएनन्**

हरेक उम्मेदवारी जित्नका लागि मात्र हुँदैनन्। कतिपयले आफ्नो राजनीतिक अस्तित्व रक्षाका लागि उम्मेदवारी दर्ता गराए भने कतिपयले त रहरमै उमेदवारी दर्ता गराए। यसपटकको निर्वाचनमा प्रतिनिधिसभा तथा प्रदेशसभामा कतिपय उम्मेदवारले एक सय मत पनि पाएनन्। प्रतिनिधिसभा क्षेत्र नमबर १ मा उम्मेदवार बनेका नेपा संघीय समाजवादी पार्टीका उम्मेदवार पूर्णबहादुर श्रेष्ठले जम्मा २२ मत पाए। त्यस्तै देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका उम्मेदवार टेकबहादुर जोशीले ३७ मत पाए भने ताम्सालिङ लोकतानित्रक पार्टीका उम्मेदवार लाक्पा दोर्जे लामाले ७७ मत र नेपाल मजदूर किसान पार्टीका किरण शाक्यले ८३ मत पाए।

प्रतिनिधिसभा २ नम्बर क्षेत्रमा राष्ट्रिय जनमोर्चाका बालकृष्ण तिमल्सिनाले जम्मा ३८ मत पाएका छन्। देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका कुमार बोगटीले ५५ र स्वतन्त्र उम्मेदवार चन्द्रबहादुर तामाङले ६८ मत पाए। प्रदेशसभामा पनि धेरै उम्मेदवारले एक सय मत पनि कटाउन सकेनन्। क्षेत्र नम्बर १ को प्रदेश १ मा राष्ट्रिय जनमोर्चाका झुलराज खरेल, ताम्सालिङ लोकतानित्रक पार्टीका मनोजकुमार तामाङ, नेमकिपाका सुमन श्रेष्ठ, देशभक्त जनगणतान्त्रिक मोर्चाका खड्गबहादुर थापा, जनप्रजातान्त्रिक पार्टीका सुदीप तामाङ, संघीय खुम्बुवान लोकतान्त्रिक पार्टीकी एलिना तामाङ र स्वतन्त्र उम्मेदवार नयन्द्रबहादुर बोहोराले एक सय मत पनि पाएनन्।

# ४५२ घरधुरीमा शौचालय नै छैन

पुष्कर बुढाथोकी, भक्तपुर

भक्तपुर जिल्लाअन्तर्गत चाँगुनारायण नगरपालिकाको घरधुरी तथ्यांक तथा भौगोलिक सूचना प्रणाली तयार पारिएको छ। फ्रेन्ड्स सर्भिस काउन्सिल नेपालले तयार पारेको डिजिटल तथ्यांकमा चाँगुनारायण नगरपालिका वडा नं. १ देखि ९ सम्मको क्षेत्रफलसँगै यहाँका ११ हजार ६ सय ७८ घरधुरीको डिजिटल तथ्यांक, जनसंख्या, शैक्षिक अवस्था, स्वास्थ्य अवस्था, पेसा, कृषि, धर्म, जातजातिको अवस्था, धर्मको अवस्था, आम्दानीको अवस्था, आम्दानीको स्रोत, सडकको अवस्थालगायत विभिन्न क्षेत्र समेटेको २ सय ३५ वटा प्रश्न राखेर सर्वेक्षण गरिएको छ।

तथ्यांकअनुसार चाँगुनारायण नगरपालिकाको जनसंख्या पुरुष २७ हजार ४ सय ६७ र महिला २६ हजार २ सय ८८ गरी कुल ५३ हजार ७ सय ६७ रहेको छ। जसमध्ये ८ सय २० जना अपांग रहेका छन्। १ सय ५ घरमा घरेलु कामदार रहेका छन्। यसमध्ये ४ सय ५२ घरधुरीको शौचालय नै छैन।

तथ्यांक संकलनमा प्राविधिक सहयोग पुऱ्याउने नेपाल भौगालिक सूचना प्रणाली समाजका अध्यक्ष प्राडा. कृष्ण पौडेलले चाँगुनारायण नगरपालिकाका घरधुरीको पारिवारिक, सामाजिक, आर्थिक अवस्थादेखि भूधरातलको अवस्था, शहरी विकासका क्षेत्रहरू, भवनहरू, जंगल, चउर, बाँझो खेत, पोखरा, खोला, नदी, खानीहरूको अवस्था, बाँझो जमिनको अवस्था, मानवबस्तीको अवस्था, उद्योग, महिलाको अवस्था, विपद्को अवस्था, विपद् पूर्वतयारीको अवस्थालगायतका बारेमा सर्वेक्षण गरी प्रतिवेदन तयार पारिएको बताउनुभयो।

जिल्ला समन्वय समितिका सूचना अधिकृत जोवन कोजूले तथ्यांक प्रस्तुतिकरण गर्दै यसमा चाँगुनारायण नगरपालिकामा बस्ने प्रत्येक घरधुरीको प्रत्येक सदस्यको पूर्ण विवरणसहित तथ्यांक समावेश गरिएको बताउनुभयो। काउन्सिलका अध्यक्ष सूर्यबहादुर थापाले ३९ दिन लगाएर ५५ जनाले प्रत्येक घरमा पुगेर सर्वेक्षण गरेर जीपीएस नक्सासहित तथ्यांक संकलन गरिएको बताउनुभयो।

तथ्यांक र पार्श्वचित्रसहितको प्रतिवेदन बुझ्दै नगरपालिकाका उपप्रमुख बिना बास्तोलाले नेपालमै पहिलो पटक नगरपालिकाले यसप्रकारको तथ्यांक संकलन गरेको बताउँदै यसले नगरपालिकालाई आगामी १५ वर्षसम्म कुनै पनि योजना बनाउन निकै सहज हुने बताउनुभयो। तथ्यांक संकलनमा प्राविधिक सहयोग पुऱ्याउने नेपाल भौगालिक सूचना प्रणाली समाजका अध्यक्ष प्राडा. कृष्ण पौडेलले चाँगुनारायण नगरपालिकाका घरधुरीको पारिवारिक, सामाजिक, आर्थिक अवस्थादेखि भूधरातलको अवस्थाका बारेमा सर्वेक्षण गरी प्रतिवेदन तयार पारिएको बताउनुभयो।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लोकनाथ भुसालले यो तथ्यांक नगरपालिकाका लागि निकै उपयोगी र प्रभावकारी हुने बताउँदै नगरपालिकाले गोपनीयता अपनाएको बताउनुभयो।

नगरपालिकाले कुनै पनि वडाको कुनै पनि नागरिकको कुनै पनि व्यक्तिको सम्पूर्ण विवरण तुरुन्तै हेर्न सक्ने गरी तयार पारिएको जानकारी दिँदै नगरपालिकाले थप तथ्यांक राख्न सक्ने गरी व्यवस्था गरिएको बताउनुभयो।

# 'मातृ पार्टीको प्रतिपक्षमा खोटाङका पत्रकार'

रामधन राई, खोटाङ

वाम गठबन्धनखोटाङबाट विजयी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यहरूलाई आफ्नै भातृ संगठनका पत्रकारहरूले प्रतिपक्षी भूमिकामा उभिने बताएका छन्। प्रेस चौतारी र प्रेस सेन्टर जिल्ला शाखाले मंगलबार संयुक्तरूपमा आयोजना गरेको बधाई तथा शुभकामना ज्ञापन कार्यक्रममा गठबन्धन निकट पत्रकारहरूले यस्तो बताएका हुन्।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य विशाल भट्टराई तथा प्रदेशसभातर्फका सदस्यद्वय राजन राई र रामकुमार राईलाई बधाई दिँदै आफूहरू पार्टीको भन्दा पनि जिल्लाको समृद्धिको पक्षमा लाग्ने बताएका हुन्। कार्यक्रममा बोल्दै प्रेस सेन्टरका केन्द्रीय सदस्य भीम राईले अफ्नो भातृ संगठनमा आबद्ध पत्रकारहरू सधैं पार्टी र नेताकै पक्षमा लाग्छन् भन्ने नबुझ्न चेतावनी दिनुभएको छ। केन्द्रीय सदस्य राईले आफूले आस्था राख्ने पार्टी तथा नेता भनेर भन्दा पनि जिल्लाको हितमा काम गर्ने नेता र नगर्ने नेता भनेर सदव पिछा गर्ने जनाउनुभयो। गठबन्धनका विजयी प्रतिनिधिहरूलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै आफू निकट पत्रकारहरू प्रतिपक्षमा छन् भन्ने बुझ्न अनुरोधसमेत गर्नुभयो।

पत्रकार महासंघ खोटाङका अध्यक्ष दमन राई, प्रेस चौतारीका केन्द्रीय सदस्य हरिबोल राई, पत्रकार डम्बरसिंह राईलगायतले कार्यक्रममा शुभकामना व्यक्त गर्दै जिल्लाको सञ्चार क्षेत्रलाई मजबुद बनाउनतर्फ अग्रसर बन्न आग्रह गर्नुभयो। कार्यक्रमका वक्ताहरूले अबका जनप्रतिनिधिले जिल्लामा ठूला तथा महत्त्वाकांक्षी भन्दा पनि सानै लाग्ने तर स्थानीयस्तरमा अति महत्त्व बोक्ने प्रकारका विकासे योजनामा जोड दिनुपर्ने धारणा राखेका थिए।

यसैबीच, विकासका रंग भर्दै जिल्लाको समृद्धिमा काम गर्नका लागि आह्वानस्वरूप प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यलाई खोटाङको सादा नक्सा अंकित बधाई तथा शुभकामनापत्र हस्तान्तरण गरेका छन्। खोटाङको भौतिक, आर्थिक र सामाजिक परिवर्तनको रंग भर्नका लागि प्रदेशसभा र प्रतिनिधिसभा सदस्यमा निर्वाचित उम्मेदवारलाई जिल्लाको सादा नक्सा प्रदान गरिएको प्रेस सेन्टरका जिल्ला अध्यक्ष तामाङले बताउनुभयो।

सादा नक्सा अंकित बधाई तथा शुभकामनापत्र बुझ्दै जनप्रतिनिधिले जिल्लाको समृद्धिको रंग भर्ने अवसरलाई सदुपयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

प्रमुख अतिथि विशाल भट्टराई तथा विशेष अतिथिद्वय राजन राई र रामकुमार राईले जिल्लाका सञ्चारमाध्यम र सञ्चारकर्मीको साझा हितमा सञ्चारकर्मीसँगकै सुझावबमोजिम अगाडि बढ्ने प्रतिबद्धता जनाएका छन्।

# सम्भावित मुख्य मन्त्रीको समृद्धि योजना

चिरञ्जीवी मास्के, दोलखा

नेकपा एमालेका पोलिटब्युरो सदस्य पशुपति चौलागाईं दोलखाको क्षेत्र नम्बर २ बाट प्रदेशसभामा निर्वाचित भएका छन्। नेकपा एमाले दोलखाको जिल्ला कमिटी सदस्य, सचिव, अञ्चल कमिटी सदस्य, अञ्चल इन्चार्ज, केन्द्रीय सदस्य हुँदै अहिले पोलिटब्युरो सदस्य रहेका चौलागाईं पार्टीको सहकारी विभाग प्रमुखसमेत रहेका छन्।

३ नम्बर प्रदेशको मुख्यमन्त्रीका रूपमा हेरिएका चौलागाईंले जनताको चाहना विकास र समृद्धि भएकाले त्यसैअनुरूप प्रदेश सरकारले योजना निर्माण गर्नुपर्ने बताउँछन्। निर्वाचनमा विजयी भएपछि अहिले मतदातालाई धन्यवाद दिन गाउँगाउँमा पुगिरहेका एमाले पोलिटब्युरो सदस्य पशुपति चौलागाईं जनताको पहिलो माग सडक निर्माण रहेको बताउछन्। त्यसपछि रोजगारी, सञ्चारको विकास र निर्वाचित जनप्रतिनिधि बेलाबेलामा गाउँ आउनुपर्ने मतदाताको माग रहेको चौलागाईंले सुनाए। दोलखा तथा ३ नम्बर प्रदेशको विकास र समृद्धिको लागि चौलागाईंले अघि सारेको योजना, त्यसको कार्यान्वयनका लागि आवश्यक तयारी र चुनौतीहरू

**तीन नम्बर प्रदेशमा समृद्धिको योजना**

३ नम्बर प्रदेशका सम्भावित मुख्यमन्त्री एमाले पोलिटब्युरो सदस्य पशुपति चौलागाईं जलश्रोत, पर्यटन, धार्मिक तथा जातीय पहिचान, कृषि उत्पादन, पशुपालन व्यवसाय, शिक्षा, स्वास्थ्य सबै हिसाबले ३ नम्बर प्रदेश अब्बल रहेकाले केन्द्र सरकार र स्थानीय तहसँग समन्वय गर्दै विकास र समृद्धिको योजना अगाडि



सार्न सकिए देशको सबैभन्दा धनी प्रदेश बन्न सक्ने बताउछन्।

चीनसँगको २ वटा खुला नाका रसुवाको केरुङ र सिन्धुपाल्चोकको तातोपानी ३ नम्बर प्रदेशमै छ। दोलखाको लामाबगर नाका खुला गरी उत्तर दक्षिण सडक खोल्न सके नेपाल भारत र चीन जोड्ने सबैभन्दा छोटो मार्ग बन्न सक्छ। बौद्ध धर्मको हिसाबले दोलखाको विगु र लप्ची गुम्बा, काठमाडौको बौद्ध, महाबौद्ध, अन्य विभिन्न ठाँउमा रहेका गुम्बाहरू तथा शेर्पा, तमाङ, नेवारजस्ता बुद्ध धर्म मान्ने समुदाय पनि ३ नम्बर प्रदेशमै रहेका छन्। हिन्दू धर्मको हिसाबले काठमाडौंको पशुपति नाथ, दोलखाको भीमेश्वर र कालिञ्चोक, रसुवाको गोसाईकुण्ड, सिन्धुपाल्चोकको गौरातेश्वर महादेवलगायतका प्रसिद्ध मठमन्दिर ३ नम्बर प्रदेशमै छन्। ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी आयोजना, ५ सय मेगावाटको ठोसे खिम्ति आयोजना, तामाकोसी ३ र ५ आयोजनालगायतका ठूलाठूला जलविद्युत् आयोजना, रामेछाप ठोसेको फलाम खानी, दोलखा खरीढुङ्गाको ओरियन्ट म्याग्नेसाइट, धादिङको सिसा खानीजस्ता खानीहरू पनि यही प्रदेशमा रहेका छन्। उल्लेखित कुरालाई प्राथामिकतामा राखेर विकासको योजना अगाडि सार्न सकिएको खण्डमा ३ नम्बर प्रदेश चाँडै समृद्ध बन्न सक्ने चौलागाईंको भनाइ छ।

**दोलखाको विकासका लागि**

दोलखाली जनताको पहिलो माग सडक निर्माण रहेकाले सबै राजनीतिक दल र स्थानीय तहका निर्वाचित जनप्रतिनिधिले यसलाई मुख्य लक्ष्य बनाउनुपर्ने चौलागाईंको भनाइ छ।

दोलखामा मुडे मेलुङ, चरङ्गे पवटी मेलुङ, सितली मेलुङ, भीरकोट हावा छौडे, नाम्दु मार्वु क्षेत्रपा जुँगु, चरिकोट कालिञ्चोक, सुनखानी सिंगटी साङ्वाजस्ता सडकहरूलाई प्राथामिकतामा राख्नुपर्ने, ग्रामीण सडकको स्तरोन्नति गरिनुपर्ने, लामोसाँगु जिरी, पुष्पलाल मार्गजस्ता सडकलाई स्तरोन्नति गरिनुपर्ने, जलविद्युत् आयोजनाहरूलाई प्राथामिकताका साथ अघि बढाउनुपर्ने, पर्यटन विकासका लागि धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, प्राकृतिक पर्यटन, साहसिक पर्यटन, कृषि र जैविक पर्यटन प्रवर्द्धनका लागि योजना निर्माण गर्ने।

विगु गुम्बालाई बौद्ध धर्मको अध्यन केन्द्र बनाउने, लप्ची गुम्बा, च्छो रोल्पा हिमताल, भीमेश्वर मन्दिर, कालिञ्चोक मन्दिर, देउलाङ्गेश्वर महादेव, गाईखुरा महादेव, महाङ्काल भगवती, देउढुङ्गा, जटापोखरी, पाँचपोखरीलगायतका पर्यटकीय स्थलहरूको विकासका लागि सडक, बिजुली, सञ्चारजस्ता पूर्वाधार पुऱ्याउने। फिल्मसिटी र साइन्सपार्क निर्माण, बुद्ध, महादेवको मूर्ति निर्माण, जिरी टेक्निकल स्कूल, कृषि फर्म बोच, काभ्रे कृषि फर्म, जिरी कृषि फर्मजस्ता कुरालाई प्राथामिकताका साथ शुरू गर्ने एमाले पोलिटब्युरो सदस्य तथा प्रदेशसभा सदस्य चौलागाईंको योजना रहेको छ।

**योजना कार्यान्वयनका लागि**

दोलखा र सिंगो ३ नम्बर प्रदेशको विकासका लागि मुख्य त स्वदेशी तथा विदेशी लगानीकर्ता भित्र्याउनुपर्ने चौलागाईंको भनाइ छ। ठूलाठूला जलविद्युत् आयोजना सञ्चालन, फलाम, सिसा, खरी खानीको सञ्चालन, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास आदिका लागि सम्भव भएसम्म स्वदेशी पुँजी आकर्षित गर्ने र त्यसले मात्र सम्भावना नरहे विदेशी पुँजीसमेत भित्र्याउनुपर्ने र त्यसका लागि आवश्यक भौतिक पूर्वाधार विकास, सुरक्षाको प्रत्याभूति, स्थानीयको सहयोगजस्ता कुरालाई ध्यान दिनुपर्ने चौलागाईंको भनाइ छ।

**चुनौतीहरू**

विकास र समृद्धिका लागि जति अवसरहरू छन् त्यति नै चुनौतीहरू पनि रहेका छन्। दोलखा तथा सिंगो ३ नम्बर प्रदेशमै छरिएर रहेको वस्तिहरूलाई भूकम्प पछि पनि एकीकृत रूपमा विकास गर्न नसकिएको, अझै पनि आम रूपमा मानसिक परिर्वतन भइ नसकेको, शैक्षिक प्रणालीमा सुधार गर्न नसकिएको, उत्पादनमा भन्दा जागिरमा रमाउने प्रवृद्धि अझै कायम रहेको, कर्मचारीतन्त्रमा अझै पनि आवश्यकताअनुसार सुधार हुन नसकेको जस्ता कुराले विकास र समृद्धिको मार्गमा केही समस्या ल्याउन सक्ने चौलागाईं बताउँछन्। यसका लागि राजनीतिबाट माथि उठेर सबै वाद र विचारमा आवद्ध जनता विकास र समृद्धिको मार्गमा अघि बढ्नुपर्ने उनी बताउँछन्।

## वनमाराबाट

व्यवसायीहरूका अनुसार धुपलाई सुगन्धित, कसिलो र बलियो बनाउन प्रयोग हुने 'जिकेट पाउडर' भारतबाट नेपाल आयात हुन्छ। त्यस्तो पाउडर बनाउन प्रयोग हुने काउलोको बोक्रा अवैध ढंगले भारत पुऱ्याएर वैधानिक बाटोबाट फेरि नेपाल भित्रिने गरेको उनीहरू बताउँछन्। त्यस्तो अवैधकार्य रोकथामका लागि सरकारले गम्भीर कदम चाल्नुपर्ने व्यवसायी खेतानले बताउनुभयो।

जानकारहरूका अनुसार ठूलो मात्रामा तयारी धुप र धुपमा प्रयोग हुने सिन्का र अन्य पदार्थ भियतनाम र केही मात्रामा भारतबाट नेपाल भित्रिन्छ र नेपाली उत्पादन झल्काउने गरी 'ब्रान्डिङ' गरिन्छ। तयारी धुप र यसका लागि प्रयोग हुने कच्चा पदार्थको भन्सार कोड 'एसएच ३३०७४१००' तोकिएको छ। तर भन्सार शुल्क व्यावहारिकरूपमा तय नगरिएकाले नेपाली व्यवसायीमाथि विभेद भएको उद्योग सञ्चालकहरूको तर्क छ।

नेपालबाट भारत निर्यात हुने धुपको कच्चा पदार्थलाई १० प्रतिशत र भारतबाट नेपाल आयात हुने तयारी धुपलाई समेत सोही दरको भन्सार शुल्क तोकिनु व्यावहारिक नभएको वीरगञ्जका अर्का एक व्यवसायीले बताए। 'अगरबत्तीमा प्रयोग हुने कागजको प्याकेट आयात गर्दा १५ र धुप प्याक गर्ने प्लास्टिकमा ३० प्रतिशत भन्सार शुल्क तोकिएको छ', उनले भने- 'त्यति मात्र होइन, नेपाली व्यवसायीलाई प्रत्यक्ष मारमा पार्ने गरी तयारी धुप १० प्रतिशत भन्सार शुल्कका साथ नेपाल भित्रिन्छ।'

## कमजोरी...

निर्वाचनमा अनपेक्षित हार व्यहोरेपछि कांग्रेस नेतृत्वको आलोचना भइरहेको छ। कतिपय नेताहरूले भने हारको जिम्मेवारी सबैले लिनुपर्ने प्रतिक्रिया दिइरहेका छन्। 'नेतृत्व भनेको सभापति एक जना मात्र हैन, सिंगो केन्द्रीय कार्य समिति हो', कांग्रेस केन्द्रीय सदस्य शंकर भण्डारी भन्नुहुन्छ- 'हारको जिम्मेवारी सबैले लिनुपर्छ र अत्यन्त सूक्ष्म तरिकाले हारको समीक्षा गर्दै कमीकमजोरी सुधार्नुपर्छ।

**नेपाल सरकार**
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**सिंहदरबार, काठमाडौं ।**

**पुनः मिनि बस भाडामा लिने सम्बन्धी १५ दिने सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**
**पुनः प्रकाशित मितिः २०७४/०९/०५**

आर्थिक वर्ष २०७४।०७५ मा यस मन्त्रालयका कर्मचारीहरुलाई मन्त्रालयले तोकेको उपत्यकाका विभिन्न रुटहरुबाट कार्यालयमा ल्याउने र कार्यालयबाट लैजानका लागि ३ ओटा मिनी बस भाडामा लिनुपर्ने भएकोले उपलब्ध गराउन ईच्छुक फर्म/कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपुर्वक पुनः सिलवन्दी दरभाउआव्हान गरिएको छ । सम्बन्धीत कम्पनीको नाममा ३ वटा मिनि बस भएको आ.व. २०७३/७४ को कर चुक्ता प्रमाणपत्र मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि समेत राखि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु. १०००।- (पछि फिर्ता नहुने गरी) तिरी आन्तरिक व्यवस्थापन शाखा (स्टोर) बाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।
१६औ दिनको १२ बजे सम्म फारम दर्ता हुने र त्यसै दिन दिनको २ बजे आन्तरिक व्यवस्थापन शाखामा खोलिने छ । अन्य कुरा बुझ्नु परे आन्तरिक व्यवस्थापन शाखामा बुझ्न सकिनेछ ।



# अर्थ

2017, DEC
Wednesday
20

आयोजनाले दैनिक १० घर परिवारलाई गरी मासिक २ सय ५० परिवारलाई मुआब्जा वितरण गरिने व्यवस्था मिलाएकाले आउँदो वैशाख जेठसम्ममा मुआब्जा वितरण गरेर सकिने प्रमुख शर्माले बताउनुभयो। तर, किसानले दुई महिनाभित्रै सबै मुआब्जा माग गरी आन्दोलन गरिरहेका छन्।


## ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।



## RHINO GUARANTEED DUCTILITY Fe 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191 IS : 1786 CM/L 4049454 Fe 500/Fe 500D

Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)



SAURABH GROUP

JAS-ANZ ISO 9001-2008 NS: 191

लक्ष्मी स्टील

नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी



नेपालकै एक मात्र

यूरोपियन भि आर एम मेसिनबाट उत्पादित

सर्वोत्तम सिमेन्ट

सर्वोत्तम भविष्य

OPC PSC


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ पुस ५ डिसेम्बर २० २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर १ का रु. | १०२।१५ | १०२।७५ |
| युरो १ का रु. | १२०।५५ | १२१।२६ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३७।०२ | १३७।८३ |
| स्विस फ्रन्क १ का रु. | १०३।३३ | १०३।९३ |
| अस्ट्रलियन डलर १ का रु. | ७८।४२ | ७८।८८ |
| क्यानाडियन डलर १ का रु. | ८०।०३ | ८०।५० |
| सिङ्गापुर डलर १ का रु. | ७५।८६ | ७६।३० |
| जापानी यन १० का रु. | ९।११ | ९।१६ |
| चिनियाँ युआन १ का रु. | १५।४६ | १५।५५ |
| साउदी अरब रियाल १ का रु. | २७।२४ | २७।४० |
| कतारी रियाल १ का रु. | २८।०५ | २८।२२ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।१४ | ३।१६ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।८१ | २७।९८ |
| मलसियन रिङ्गिट १ का रु. | २५।०४ | २५।१९ |
| दक्षिण कारियन वन १०० का रु. | ९।३८ | ९।४३ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।१३ |
| डनिस क्रानर १ का रु. | १६।१९ |
| हङकङ डलर १ का रु. | १३।०८ |

नोट: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।



क्रिसमस नजिकिँदै गर्दा राजधानीमा क्रिसमसमा प्रयोग गरिने सामग्रीको व्यापार बढेको छ। तस्वीर : मोनिका मल्ल/काठमाडौं

# कारोबारमा आएका सबै समूह रातो

काठमाडौं, (नेस)

साताको तेस्रो दिन मंगलबार पनि नेप्से ओरालो लाग्ने क्रमले निरन्तरता पाएको छ। प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन सम्पन्न भइसकेको अवस्थामा छरिएको रकम शेयर बजारमा आउने क्रम जारी रहे पनि परिसूचक भने ओरालो लागेको हो।

मंगलबार नेप्से १४ दशमलव ५८ अंक घटेर १ हजार ४ सय ९३ दशमलव ६७ अंकमा पुगेको छ। १ हजार ५ सय ८ दशमलव २५ अंकबाट शुरु भएको बजार दिनभरि नै ओरालो लाग्दै एक महिनापछि १ हजार ५ सय भन्दा तल झरेको हो। मंगलबार १ हजार ५ सय ९३ दशमलव ६७ अंकमा आएर रोकिएको हो।

मंगलबार पनि नेप्से परिसूचक दोहोरो अंकले ओरालो लाग्दा कारोबार रकम भने बढेको छ। सोमबार ५६ करोड ८३ लाख रुपियाँको शेयर कारोबार भएको बजारमा मंगलबार ५९ करोड ९३ लाख ७६ हजार ३ सय २२ रुपियाँको शेयर किनबेच भएको छ। यस दिन बजारमा १ सय ६६ कम्पनीका १४ लाख ५ लाख ९ सय ७१ कित्ता शेयर किनबेच भए। कारोबार रकम र परिसूचक सम्बन्ध विपरित हुने क्रमले मंगलबार पनि निरन्तरता पाउँदा सरकार र राष्ट्रिय सभा गठनको विषयमा रहेको अन्योलको प्रभाव शेयर बजारमा परेको जानकारहरूले बताएका छन्।

मंगलबार कारोबारमा आएका सबै समूह ओरालो लाग्दा नेप्से परिसूचक पनि ओरालो लागेको हो। तीमध्ये बीमा समूह सबैभन्दा धेरै ५३ दशमलव ५३ अंकले ओरालो लाग्यो। त्यस्तै अन्य र होटल समूहमा उपसूचकमा पनि क्रमश: ३५ दशमलव ५७ र ३२ दशमलव ९ अंकका गिरावट आए।

मंगलबार नेप्से बजार पुँजीकरण अघिल्लो दिनको तुलनामा १६ अर्ब रुपियाँले घटेको छ। मंगलबार कारोबार सकिँदा बजारको कुल पुँजीकरण १७ खर्ब ३७ अर्ब रुपियाँमा पुगेको छ। नेप्से परिसूचक घट्दा मंगलबार 'क' वर्गको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि ३ दशमलव शून्य ७ अंक घटेर ३ सय १४ दशमलव ७३ मा पुगेको छ।

यस दिन नेपाल दूरसञ्चार कम्पनीको सबैभन्दा बढी शेयर किनबेच भएको छ। कम्पनीका ७ करोड ९४ लाख रुपियाँ बढीको शेयर कारोबार भएको हो। मंगलबार सबैभन्दा धेरै कमाउनेमा अरूण फाइनान्स लिमिटेडका लगानीकर्ता रहे। यस कम्पनीका लगानीकर्ताले सर्वाधिक ९ दशमलव ७ प्रतिशत कमाउँदा सिनर्जी पावर डेभलपमेन्टका लगानीकर्ताले ५ दशमलव ९७ प्रतिशत गुमाए।

# कुवेतमा अलपत्र २० नेपालीको उद्धार

काठमाडौं, (नेस)

सरकारले कुवेतमा अलपत्र २० जना नेपालीको उद्धार गरेको छ। कुवेतको खराफी नेसनल कम्पनीमा कार्यरत रही विगत ७ महिनादेखि तलब नपाएका तथा भिसा नवीकरण नभएका मध्येबाट आइतबार र सोमबार १०/१० जनालाई नेपाल फिर्ता गराइएको हो।

उक्त कम्पनीमा कार्यरत करिब ३ सय नेपाली श्रमिक अलपत्र परेकोमा ९४ जनाले समस्या समाधान, उद्धार एवम् नेपाल फिर्तीका लागि अनुरोध गर्दै कुवेतस्थित नेपाली दूतावासमा गुनासो गरेका थिए। तीमध्ये प्रथम चरणमा स्वास्थ्य अवस्था कमजोर एवम् पारिवारिक समस्या भएका २० जनालाई रोजगारीमा पठाउने एसओएस म्यानपावर सर्भिस प्रालिबाट जरिवाना रकम एवम् हवाई टिकटको व्यवस्था गरी गरी नेपाल फिर्ता गराइएको हो।

दूतावासको प्रयासमा नेपाल फिर्ता भएका २० जना कामदारले उक्त कम्पनीबाट अक्टोबर महिनासम्मको तलब प्राप्त गरिसकेका छन्। बाँकी तलब प्राप्तिका लागि पनि कानुनी कारबाही अगाडी बढाइएको दूतावासले जनाएको छ। यस्तै समस्यामा रहेका अन्य कामदारहरूको समस्या समाधान एवम् स्वदेश फिर्तीका लागि दूतावासले प्रयास गरिरहेको जनाएको छ। उक्त कार्यका लागि रोजगारदाता कम्पनी एवम् नेपालका सम्बन्धित म्यानपावर एजेन्सी तथा अन्य सम्बद्ध निकायसँगको समन्वय गरिने बताइएको छ।

# एक महिनामा ३ अर्बको सवारी साधन भित्रिए

कृष्णउदास खनाल, वीरगन्ज

मुलुकको मुख्य नाका वीरगन्जबाट एक महिनामा सवा ३ अर्ब रुपियाँभन्दा बढी मूल्यका सवारीका साधन भित्रिएका छन्। गत कात्तिक महिनामा यो नाकाबाट ३ अर्ब ३३ करोड रुपियाँका विभिन्न सवारीका साधन आयात भएको वीरगन्ज भन्सारले जनाएको छ।

भन्सार प्रमुख सेवन्तक पोखरेलले भारत र तथा तेस्रो मुलुकबाट सो अवधिमा आएका सवारीका साधनबाट मात्र ३ अर्ब ६९ करोड रुपियाँ राजस्व संकलन भएको बताउनुभयो। चालू आर्थिक वर्ष २०७४/७५ को कात्तिक महिनामा सबैभन्दा बढी मोटरसाइकल आयात भित्रिएको छ। सो अवधिमा १ अर्ब ३ करोड ९८ लाख रुपियाँ बराबरका मोटरसाइकल आयात भएको छ। यसबाट १ अर्ब ७ करोड ६४ लाख रुपियाँ राजस्वमा योगदान पुगेको छ,' भन्सार प्रमुख पोखरेल भन्नुभयो।



अघिल्लो आर्थिक वर्षको समीक्षा अवधिमा वीरगन्ज नाकबाट ३ अर्ब ४१ करोड रुपियाँको सवारीका साधन आयात भएको थियो। भन्सारले यो आयातबाट मात्र एक महिनामा ४ अर्ब ५ करोड रुपियाँ राजस्व असुली गरेको थियो। वीरगन्ज नाकाबाट हुने आयातमध्ये सवारीका साधन बढी राजस्व दिने वस्तुमा पर्छ। २०७२/७३ को ६ महिने मधेस आन्दोलन र नाकाबन्दीका कारण यो नाकाबाट हुने गाडीको आयात अन्य नाकातिर केन्द्रित भए पनि राजस्व योगदानका आधारमा अहिले पनि मुख्य वस्तुकै सूचीमा छ। सवारीका साधनमा सरकारले उच्च दरमा राजस्व लिनेको गरेको छ। गाडीको आयातमा २ सय ३० प्रतिशतसम्म राजस्व लिने गरिएको छ।


नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**पुन: मिनि बस भाडामा लिने सम्बन्धी १५ दिने सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**पुन: प्रकाशित मिति: २०७४/०९/०५**

आर्थिक वर्ष २०७४।०७५ मा यस मन्त्रालयका कर्मचारीहरुलाई मन्त्रालयले तोकेको उपत्यकाका विभिन्न रुटहरुबाट कार्यालयमा ल्याउने र कार्यालयबाट लैजानका लागि ३ ओटा मिनी बस भाडामा लिनुपर्ने भएकोले उपलब्ध गराउन ईच्छुक फर्म/कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपुर्वक पुन: सिलवन्दी दरभाउआव्हान गरिएको छ । सम्बन्धीत कम्पनीको नाममा ३ वटा मिनि बस भएको आ.व. २०७३/७४ को कर चुक्ता प्रमाणपत्र मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि समेत राखि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु. १०००।- (पछि फिर्ता नहुने गरी) तिरी आन्तरिक व्यवस्थापन शाखा (स्टोर) बाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।

१६औ दिनको १२ बजे सम्म फारम दर्ता हुने र त्यसै दिन दिनको २ बजे आन्तरिक व्यवस्थापन शाखामा खोलिने छ । अन्य कुरा बुझ्नु परे आन्तरिक व्यवस्थापन शाखामा बुझ्न सकिनेछ ।


## SHARE MARKET

19 DECEMBER TUESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 8052.00 | 426.00 | 421.00 | 424.00 | -2.00 |
| 2 | Api Power Company Ltd. | 2784.00 | 469.00 | 458.00 | 465.00 | -5.00 |
| 3 | Arun Finance Limited | 4540.00 | 181.00 | 168.00 | 181.00 | 16.00 |
| 4 | Arun Kabeli Power Ltd. | 3355.00 | 360.00 | 351.00 | 358.00 | -2.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 11430.00 | 212.00 | 209.00 | 209.00 | -4.00 |
| 6 | Asian Life Insurance Co. Limited | 846.00 | 1449.00 | 1440.00 | 1449.00 | 8.00 |
| 7 | Bank of Kathmandu Ltd. | 8516.00 | 420.00 | 414.00 | 414.00 | -4.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 280.00 | 208.00 | 200.00 | 200.00 | -2.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 455.00 | 173.00 | 170.00 | 173.00 | 0.00 |
| 10 | Bishal Bazar Company Limited | 90.00 | 1873.00 | 1836.00 | 1836.00 | -11.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 1920.00 | 8109.00 | 7795.00 | 7960.00 | -155.00 |
| 12 | Butwal Power Company Limited | 11670.00 | 721.00 | 715.00 | 719.00 | -6.00 |
| 13 | Central Finance Co. Ltd. | 1675.00 | 153.00 | 145.00 | 145.00 | -3.00 |
| 14 | Century Commercial Bank Ltd. | 21229.00 | 218.00 | 212.00 | 215.00 | 0.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 1430.00 | 1090.00 | 1070.00 | 1070.00 | -10.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 70.00 | 184.00 | 181.00 | 183.00 | 0.00 |
| 17 | Chilime Hydropower Company Limited | 9790.00 | 959.00 | 943.00 | 959.00 | 4.00 |
| 18 | Citizen Bank International Limited | 5252.00 | 295.00 | 292.00 | 293.00 | -1.00 |
| 19 | Citizen Investment Trust | 2237.00 | 3650.00 | 3621.00 | 3621.00 | -29.00 |
| 20 | Civil Bank Ltd | 17577.00 | 193.00 | 190.00 | 190.00 | -5.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 431.00 | 1035.00 | 982.00 | 1019.00 | 8.00 |
| 22 | Deprosc Development Bank Limited | 1610.00 | 1110.00 | 1095.00 | 1095.00 | -19.00 |
| 23 | Deva Bikas Bank Limited | 5962.00 | 191.00 | 187.00 | 187.00 | -3.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 118.00 | 153.00 | 151.00 | 151.00 | -2.00 |
| 25 | Everest Bank Limited | 17497.00 | 1159.00 | 1136.00 | 1140.00 | -15.00 |
| 26 | Everest Insurance Co. Ltd. | 980.00 | 2600.00 | 2545.00 | 2555.00 | -45.00 |
| 27 | Excel Development Bank Ltd. | 380.00 | 393.00 | 393.00 | 393.00 | 5.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 5980.00 | 878.00 | 858.00 | 858.00 | -17.00 |
| 29 | Forward Community Mic. Bittiya San. Ltd. | 600.00 | 3500.00 | 3461.00 | 3461.00 | -39.00 |
| 30 | Gandaki Bikas Bank Limited | 4592.00 | 265.00 | 255.00 | 264.00 | 0.00 |
| 31 | Garima Bikas Bank Limited | 4180.00 | 240.00 | 234.00 | 235.00 | -3.00 |
| 32 | Garima Bikas Bank Limited Pro. Share | 66904.00 | 156.00 | 156.00 | 156.00 | -3.00 |
| 33 | Global IME Bank Limited | 9438.00 | 332.00 | 322.00 | 326.00 | -1.00 |
| 34 | Goodwill Finance Co. Ltd. | 170.00 | 164.00 | 161.00 | 161.00 | 0.00 |
| 35 | Green Development Bank Ltd. | 282.00 | 556.00 | 550.00 | 555.00 | -5.00 |
| 36 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 200.00 | 186.00 | 186.00 | 186.00 | 3.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 1402.00 | 999.00 | 986.00 | 986.00 | -16.00 |
| 38 | Gurkhas Finance Ltd. | 2826.00 | 162.00 | 156.00 | 160.00 | 2.00 |
| 39 | Hamro Bikas Bank Ltd. | 100.00 | 184.00 | 184.00 | 184.00 | -3.00 |
| 40 | Himalayan Bank Limited | 2799.00 | 850.00 | 838.00 | 838.00 | -2.00 |
| 41 | Himalayan Distillery Limited | 200.00 | 1240.00 | 1192.00 | 1192.00 | -73.00 |
| 42 | Himalayan General Insurance Co. Ltd | 11499.00 | 571.00 | 555.00 | 557.00 | -19.00 |
| 43 | Himalayan Power Partner Ltd. | 3548.00 | 394.00 | 387.00 | 390.00 | -7.00 |
| 44 | ICFC Finance Limited | 1154.00 | 215.00 | 213.00 | 213.00 | -2.00 |
| 45 | IME General Insurance Ltd. | 4265.00 | 1135.00 | 1071.00 | 1105.00 | 15.00 |
| 46 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 8838.00 | 182.00 | 178.00 | 178.00 | -3.00 |
| 47 | Janaki Finance Ltd. | 580.00 | 232.00 | 224.00 | 228.00 | 0.00 |
| 48 | Janata Bank Nepal Ltd. | 28537.00 | 242.00 | 235.00 | 236.00 | -2.00 |
| 49 | Janata Bank Nepal Ltd. Pro. Share | 12156.00 | 150.00 | 150.00 | 150.00 | 0.00 |
| 50 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 282.00 | 3750.00 | 3681.00 | 3750.00 | 49.00 |
| 51 | Jebils Finance Ltd. | 4473.00 | 134.00 | 129.00 | 129.00 | -3.00 |
| 52 | Jyoti Bikas Bank Limited | 1039.00 | 179.00 | 177.00 | 178.00 | -1.00 |
| 53 | Kabeli Bikas Bank Limited | 139.00 | 357.00 | 345.00 | 345.00 | -5.00 |
| 54 | Kailash Bikas Bank Ltd. | 9271.00 | 245.00 | 239.00 | 245.00 | 6.00 |
| 55 | Kalika Microcredit Dev. Bank Ltd. | 32.00 | 1742.00 | 1741.00 | 1741.00 | -9.00 |
| 56 | Kamana Sewa Bikas Bank Limited | 14384.00 | 192.00 | 189.00 | 190.00 | -1.00 |
| 57 | Kankai Bikas Bank Ltd. | 3142.00 | 170.00 | 165.00 | 169.00 | -4.00 |
| 58 | Karnali Development Bank Limited | 4372.00 | 287.00 | 270.00 | 278.00 | 1.00 |
| 59 | Khanikhola Hydropower Co. Ltd. | 772.00 | 155.00 | 150.00 | 150.00 | -5.00 |
| 60 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 359.00 | 2432.00 | 2385.00 | 2385.00 | -42.00 |
| 61 | Kuber Merchant Finance Limited | 7220.00 | 205.00 | 197.00 | 205.00 | 6.00 |
| 62 | Kumari Bank Limited | 16527.00 | 300.00 | 294.00 | 294.00 | -5.00 |
| 63 | Lalitpur Finance Ltd. | 20.00 | 185.00 | 182.00 | 182.00 | -2.00 |
| 64 | Laxmi Bank Limited | 5577.00 | 275.00 | 267.00 | 270.00 | 3.00 |
| 65 | Laxmi Equity Fund | 13700.00 | 9.84 | 9.80 | 9.80 | -0.01 |
| 66 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 2209.00 | 1307.00 | 1300.00 | 1300.00 | -25.00 |
| 67 | Life Insurance Co. Nepal | 344.00 | 1990.00 | 1980.00 | 1981.00 | -18.00 |
| 68 | Lumbini Bikas Bank Ltd. | 15143.00 | 193.00 | 191.00 | 191.00 | -1.00 |
| 69 | Lumbini General Insurance Co. Ltd. | 5081.00 | 642.00 | 626.00 | 635.00 | -15.00 |
| 70 | Machhapuchhre Bank Limited | 12298.00 | 281.00 | 279.00 | 281.00 | 0.00 |
| 71 | Mahalaxmi Bikas Bank Ltd. | 4395.00 | 213.00 | 206.00 | 206.00 | -4.00 |
| 72 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 671.00 | 914.00 | 866.00 | 875.00 | -7.00 |
| 73 | Manjushree Finance Ltd. | 529.00 | 141.00 | 138.00 | 140.00 | 0.00 |
| 74 | Mero Microfinance Bittiya Sanstha Ltd. | 239.00 | 1463.00 | 1420.00 | 1420.00 | -15.00 |
| 75 | Mirmire Microfinance Dev. Bank Ltd. | 151.00 | 2990.00 | 2935.00 | 2985.00 | 5.00 |
| 76 | Mission Development Bank Ltd. | 50.00 | 246.00 | 246.00 | 246.00 | -4.00 |
| 77 | Miteri Development Bank Limited | 1248.00 | 372.00 | 352.00 | 359.00 | -14.00 |
| 78 | Mithila LaghuBitta Bikas Bank Ltd. | 1491.00 | 1305.00 | 1278.00 | 1278.00 | -2.00 |
| 79 | Muktinath Bikas Bank Ltd. | 2655.00 | 575.00 | 567.00 | 567.00 | -8.00 |
| 80 | Multipurpose Finance Company Limited | 580.00 | 290.00 | 282.00 | 290.00 | 3.00 |
| 81 | Nabil Balance Fund 1 | 3896.00 | 17.35 | 17.35 | 17.35 | -0.10 |
| 82 | Nabil Bank Limited | 2366.00 | 1161.00 | 1155.00 | 1155.00 | -5.00 |
| 83 | NABIL Bank Limited Promotor Share | 590.00 | 864.00 | 861.00 | 861.00 | -3.00 |
| 84 | Nabil Equity Fund | 11507.00 | 10.20 | 10.11 | 10.15 | -0.10 |
| 85 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 296.00 | 2760.00 | 2700.00 | 2700.00 | -100.00 |
| 86 | National Hydro Power Company Limited | 9000.00 | 120.00 | 117.00 | 117.00 | -5.00 |
| 87 | National Life Insurance Co. Ltd. | 995.00 | 1637.00 | 1616.00 | 1632.00 | -8.00 |
| 88 | National Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 2675.00 | 2675.00 | 2675.00 | 1.00 |
| 89 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 875.00 | 3150.00 | 3060.00 | 3060.00 | -29.00 |
| 90 | Neco Insurance Co. Ltd. | 2031.00 | 901.00 | 885.00 | 885.00 | -16.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 13344.00 | 286.00 | 282.00 | 284.00 | 0.00 |
| 92 | Nepal Bank Limited | 15903.00 | 373.00 | 363.00 | 366.00 | 0.00 |
| 93 | Nepal Community Development Bank Ltd. | 1012.00 | 155.00 | 155.00 | 155.00 | -3.00 |
| 94 | Nepal Credit And Com. Bank Limited | 15673.00 | 355.00 | 350.00 | 355.00 | 3.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 87000.00 | 950.00 | 900.00 | 900.00 | -40.00 |
| 96 | Nepal Grameen Bikas Bank Ltd. | 22375.00 | 750.00 | 725.00 | 727.00 | -18.00 |
| 97 | Nepal Gra. Bikas Bank Ltd. Pro. Share | 191992.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 98 | Nepal Hydro Developers Ltd. | 210.00 | 236.00 | 232.00 | 232.00 | -3.00 |
| 99 | Nepal Insurance Co. Ltd. | 1198.00 | 1455.00 | 1443.00 | 1450.00 | -10.00 |
| 100 | Nepal Investment Bank Limited | 19643.00 | 667.00 | 661.00 | 661.00 | -2.00 |
| 101 | Nepal Investment Bank Ltd. Pro. Share | 3333.00 | 590.00 | 585.00 | 586.00 | -4.00 |
| 102 | Nepal Life Insurance Co. Ltd. | 3963.00 | 1855.00 | 1846.00 | 1846.00 | -9.00 |
| 103 | Nepal SBI Bank Limited | 6738.00 | 620.00 | 610.00 | 616.00 | -4.00 |
| 104 | Nerude Laghubita Bikas Bank Limited | 1449.00 | 1005.00 | 990.00 | 1005.00 | 0.00 |
| 105 | NIBL Pragati Fund | 6588.00 | 10.10 | 10.05 | 10.10 | 0.10 |
| 106 | NIBL Samriddhi Fund 1 | 8000.00 | 12.06 | 12.01 | 12.06 | -0.14 |
| 107 | NIC Asia Bank Ltd. | 7876.00 | 360.00 | 353.00 | 360.00 | 0.00 |
| 108 | Nirdhan Utthan Bank Limited | 560.00 | 2297.00 | 2256.00 | 2297.00 | -3.00 |
| 109 | NLG Insurance Company Ltd. | 3801.00 | 1501.00 | 1465.00 | 1470.00 | 0.00 |
| 110 | NMB Microfinance Bittiya Sanstha Ltd. | 909.00 | 1970.00 | 1921.00 | 1963.00 | -10.00 |
| 111 | NMB Bank Limited | 3723.00 | 475.00 | 472.00 | 474.00 | 5.00 |
| 112 | NMB Hybrid Fund L-1 | 7080.00 | 10.19 | 10.02 | 10.19 | 0.16 |
| 113 | Om Development Bank Ltd. | 1383.00 | 250.00 | 250.00 | 250.00 | 0.00 |
| 114 | Om Development Bank Ltd. Promoter | 75000.00 | 240.00 | 240.00 | 240.00 | 0.00 |
| 115 | Oriental Hotels Limited | 1350.00 | 700.00 | 690.00 | 690.00 | -18.00 |
| 116 | Pokhara Finance Ltd. | 110.00 | 208.00 | 208.00 | 208.00 | -2.00 |
| 117 | Prabhu Bank Limited | 9921.00 | 348.00 | 345.00 | 347.00 | 0.00 |
| 118 | Prabhu Bank Limited Promoter Share | 59085.00 | 170.00 | 170.00 | 170.00 | -3.00 |
| 119 | Prabhu Insurance Ltd. | 1312.00 | 875.00 | 865.00 | 868.00 | -7.00 |
| 120 | Premier Insurance Co. Ltd. | 2438.00 | 1460.00 | 1450.00 | 1450.00 | -20.00 |
| 121 | Prime Commercial Bank Ltd. | 143300.00 | 429.00 | 420.00 | 420.00 | -7.00 |
| 122 | Prime Life Insurance Company Limited | 1131.00 | 1840.00 | 1829.00 | 1840.00 | -9.00 |
| 123 | ProgressiveFinance Limited | 6875.00 | 236.00 | 220.00 | 236.00 | 4.00 |
| 124 | Prudential Insurance Co. Ltd. | 420.00 | 877.00 | 855.00 | 860.00 | 0.00 |
| 125 | Purnima Bikas Bank Ltd. | 1539.00 | 283.00 | 281.00 | 282.00 | -3.00 |
| 126 | Rastriya Beema Company Limited | 225.00 | 14649.00 | 14370.00 | 14400.00 | -100.00 |
| 127 | Rastriya Beema Co. Limited Pro. Share | 670.00 | 13799.00 | 13500.00 | 13765.00 | 65.00 |
| 128 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 293.00 | 1600.00 | 1569.00 | 1600.00 | 15.00 |
| 129 | Reliance Finance Ltd. | 619.00 | 152.00 | 150.00 | 152.00 | 1.00 |
| 130 | Ridi Hydropower Dev. Company Ltd. | 1143.00 | 161.00 | 154.00 | 154.00 | -2.00 |
| 131 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 565.00 | 1264.00 | 1243.00 | 1245.00 | -19.00 |
| 132 | Rural Microfinance Dev. Centre Ltd. | 1583.00 | 745.00 | 737.00 | 737.00 | -15.00 |
| 133 | Rural Mic. Dev. Centre Ltd. Pro. Share | 14641.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 134 | Sagarmatha Insurance Co. Ltd. | 5259.00 | 1415.00 | 1381.00 | 1383.00 | -7.00 |
| 135 | Samata Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 536.00 | 536.00 | 536.00 | 25.00 |
| 136 | Sana Kisan Bikas Bank Ltd | 1074.00 | 1195.00 | 1172.00 | 1185.00 | -11.00 |
| 137 | Sanima Bank Limited | 17853.00 | 351.00 | 347.00 | 350.00 | -1.00 |
| 138 | Sanima Mai Hydropower Ltd. | 3617.00 | 510.00 | 506.00 | 506.00 | -12.00 |
| 139 | Saptakoshi Development Bank Ltd. | 1094.00 | 166.00 | 161.00 | 166.00 | 0.00 |
| 140 | Shangrila Development Bank Ltd. | 475.00 | 221.00 | 213.00 | 214.00 | 0.00 |
| 141 | Shikhar Insurance Co. Ltd. | 5954.00 | 1265.00 | 1250.00 | 1250.00 | -25.00 |
| 142 | Shine Resunga Development Bank Ltd. | 591.00 | 420.00 | 410.00 | 412.00 | 8.00 |

Total Amount Rs. 599,376,322 Total Quantity 1,405,971 Total No of Transactions 5,192




मंगलवार राती १२ बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल र म ीतेलको मूल्य प्रतिलिटर १ रुपियाँको दरले वृद्धि गरेको हो। निगमले गरेको मूल्य समायोजन पछि पेट्रोलको भाउ प्रतिलिटर १ सय १ रुपियाँ बनाएको छ भने डिजेल र म ीतेलको मूल्य प्रतिलिटर ७८ रुपियाँ पुगेको छ।

PRESS RELEASE

## एनआईसी एसिया बैंकले ३ अर्ब ऋणपत्र जारी गर्दै

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकलाई नेपाल धितोपत्र बोर्डले एक हजार रुपियाँ अंकित दरका ३० लाख कित्ताले हुन आउने ३ अर्ब रुपियाँबराबरको 'एनआईसी एसिया डिबेन्चर २०८१/८२' निष्काशन गर्न स्वीकृति दिएको छ। सो ऋणपत्रको बिक्री प्रबन्धकमा नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड रहेको छ।

३ अर्ब रुपियाँको ऋणपत्रको ८० प्रतिशत (अर्थात २ अर्ब ४० करोड रुपियाँ) व्यक्तिगत तवरमार्फत् २० प्रतिशत (६० करोड रुपियाँ) सर्वसाधारण लगानीकर्तालाई सार्वजनिक निष्काशन विधिमार्फत् निष्काशन गर्ने बैंकले जनाएको छ। ९ प्रतिशत वार्षिक ब्याजदर हुने ऋणपत्रको अर्धवार्षिक रूपमा ब्याज भुक्तानी गरिने ऋणपत्रको अवधि ७ वर्ष हुने छ। २०७४ पुस ४ गतेदेखि १२ गतेसम्म ७ कार्य दिनको सूचना दिई तत्पश्चात पुस १३ गतेदेखि पुस १७ गतेसम्म ऋणपत्रको बिक्री खुल्ला गरिने छ।

सो ऋणपत्रलाई इक्रा नेपाल लिमिटेडले माइनस रेटिङ प्रदान गरेको छ, जसको अर्थ लगानीको उच्चतम् सुरक्षा र न्यून कर्जा जोखिम हो। बैंकलाई इक्रा नेपालले ए माइनस रेटिङ प्रदान गरेको छ। यो नेपाली बैंलाई प्रदान गरिएको उत्कृष्ट रेटिङमध्ये एक हो।

ऋणपत्र नेपाल स्टक एक्सचेन्जमा सूचिकरण गरिने छ। ऋणपत्र नेपालको डेभिड मार्केटको विकासको लागि कोशेढुंगा हुने हामीले विश्वास लिएका छौं। नेपालमा दीर्घकालीन लगानीको लागि वित्तीय साधन अत्यन्त कम मात्र उपलब्ध रहेको अवस्थामा दीर्घकालीन रूपमा उच्चतम् प्रतिफल प्राप्त हुने, प्रतिफलको सुनिश्चितता हुने एवम् सुरक्षित लगानी हुनेलगायतका दृष्टिकोणबाट दीर्घकालीन लगानीको लागि अवसर भएको बैंकले जनाएको छ। बैंकले ११७ अर्ब निक्षेप संकलन गरी ९८ अर्ब कर्जा प्रवाह गरेको बैंकले जनाएको छ।

## रेनोको हट अफर

काठमाडौं, (नेस)

रेनो नेपालको लागि आधिकारिक बितरक एड्भान्स अटो मोबाइल्स् प्रालिले 'रेनो सुपर हिट' स्किम ल्याएको छ। जाडो यामको अवसर पारेर कम्पनीले उपभोक्तालाई ध्यानमा राख्दै उक्त स्किम सञ्चालनमा ल्याएको हो।




यस योजनाअन्तर्गत ग्राहकले ६ लाख ५० हजारसम्मको फाइदा लिन सक्ने छन्। उक्त स्किममा रेनोका कुनै पनि कार खरिद गर्दा ग्राहकले छुट सुविधा पाउने छन्।रेनो सुपर हिट स्किमको ट्यागलाइन चिसो विन्टरमा हट अफर ' रहेको छ। यस स्किमअन्तर्गत ग्राहकहरूले ६ लाख ५० हजारसम्मको फाइदा लिन सक्ने छन्। साथै एक बर्षको नि:शुल्क बीमा, एक वर्षको नि:शुल्क रोड ट्याक्स (सडक दस्तुर कर), दुई वर्षसम्म नि:शुल्क सर्भिसिङका साथै १ लाख रुपियाँसम्मको एक्स्चेन्ज बोनस पाउने सक्नेछन्। यो योजना रेनोका सबै डिलर तथा शोरुमहरूबाट प्राप्त गर्न सकिने छ।

## मेगा बैंकमा टुरिजम बैंकलाई गाभ्ने प्रस्ताव पारित

काठमाडौं, (नेस)

मेगा बैंक नेपालले टुरिजम डेभलपमेन्ट बैंकलाई गाभ्ने (मर्जर) प्रस्ताव पारित गरेको छ। मंगलबार काठमाडौंमा सम्पन्न मेगा बैंकको विशेष साधारणसभाले टुरिजम डेभलपमेन्ट बैंकलाई गाभ्नका लागि अनुमति दिएको हो।

सभामा मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले प्रस्तुत गर्नुभएको मर्जरसम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरेको छ। मेगा बैंकको प्रतिशेयर मूल्य सय रुपियाँ बराबर टुरिजम बैंकको प्रतिशेयर मूल्य ९५ कायम भएको छ भने टुरिजमको एक कित्ता शेयर हुने शेयरधनीले शून्य दशमलव ९५ कित्ताको अनुपातमा शेयर पाउनेछन्।

टुरिजम डेभलपमेन्ट बैंकसँगको मर्जर प्रक्रियापछि मेगा बैंक नेपालको सबैभन्दा बढी पुँजी भएको बैंकमध्येमा पर्ने मेगा बैंकका अध्यक्ष शाहले बताउनुभयो। चालू आर्थिक वर्ष २०७२/७३ को हकप्रद शेयरसहित गरी मेगा बैंकको चुक्ता पुँजी ७ अर्ब ५६ करोड हुनेछ भने टुरिजम बैंकको



२ अर्ब १ करोड रुपियाँ रहेको छ। यी दुबै बैंक मर्ज भएपछि बैंकको चुक्ता पुँजी ९ अर्ब ४७ करोड कायम हुने अध्यक्ष शाहले बताउनुभयो। टुरिजमले यसअघि नै मर्जर प्रस्ताव पारित गरिसकेकाले छिट्टै मर्जर प्रक्रिया टुंगोमा पुऱ्याएर मेगा बैंकलाई नयाँ गतिमा लैजाने उहाँले बताउनुभयो। 'हामीले विज्ञहरूसँगको छलफलबाट पाँच वर्षे योजना तय गरेका छौं। आर्थिक सम्भावनाका नयाँ क्षेत्र पहिल्याउँदै कृषि, पर्यटन र जलविद्युतको क्षेत्रमा बैंकको मुख्य व्यवसायलाई केन्द्रित गर्छौं,' उहाँले भन्नुभयो। मेगा बैंकका कायममुकाय प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले टुरिजम डेभपलमेन्टसँगको मर्जरपछि मेगा बैंकको व्यावसायिक अवसरहरू वृद्धि हुने बताउनुभयो।

# करिब १६ खर्बको बजेट ल्याउने गृहकार्य

नेपाल समाचारपत्र

काठमाडौं

अर्थसचिव शंकरप्रसाद अधिकारीले संघीय पुर्नसंरचनासँगै वित्तीय पुर्नसंरचना गर्नुपर्ने र त्यसका लागि चालू आर्थिक वर्षको भन्दा लगभग ३ खर्ब रुपियाँ बढी बजेट आवश्यक रहेको बताउनुभएको छ।

मंगलबार राजधानीमा एसियाली विकास बैंक (एडीबी) र नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले संयुक्त रूपमा आयोजना गरेको संघीयतामा वित्तीय चुनौती विषयक छलफल कार्यक्रममा अर्थसचिव शंकरप्रसाद अधिकारीले उक्त कुरा बताउनुभएको हो।

सापकोटाले आगामी आर्थिक वर्ष २०७५/७६ का लागि १५ खर्ब ७० अर्ब रुपियाँ बराबरको बजेट आवश्यक रहेको र सोहीअनुसार तयारी थालिएको बताउनुभयो। अर्थसचिव अधिकारीले बजेटका लागि चाहिने वित्तीय व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने खाकासमेत प्रस्तुत गर्नुभएको छ। ९ खर्ब ५० अर्ब रुपियाँ राजस्व संकलनमार्फत्, वैदेशिक ऋण २ खर्ब र अनुदान १ खर्ब रुपियाँ लिन सकिने उहाँको भनाइ छ। त्यसैगरी डेढ खर्ब रुपियाँ आन्तरिक ऋण उठाउन सकिने र सरकारको ढुकुटीमा रहेको नगद मौज्दातसमेत गरी पौने १६ खर्ब बजेट आंकलन गरिएको उहाँको भनाइ छ।

मुलुक संघीयतामा प्रवेश गरेसँगै पछिल्लो समय वित्तीय व्यवस्थापन तथा त्यसको बाँडफाँडको विषय ठूलो चुनौतीका रूपमा देखिएको छ। प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वित्तीय क्षेत्रसँग सम्बन्धित वार्षिक बजेट, तीन तहका सरकारबीच आर्थिक अधिकार, राजस्व अधिकार, राजस्व बाँडफाँड र ऋण लगायतका विषयहरूलाई चुनौतीका रूपमा हेरिएको छ।

आर्थिक अधिकार बाँडफाँड गर्ने विषयसँगै आर्थिक क्षेत्रमा स्थायित्व, पुनर्वितरण र विनियोजन, मुद्रास्फिति, मूल्य र राष्ट्रिय रोजगार नीति जस्ता विषय पनि जोडिने भएकाले चुनौती रहेको अर्थसचिव अधिकारीको भनाइ छ। तर, चुनौतीबाट तर्सिनुपर्ने अवस्था भने नरहेको उहाँले बताउनुभयो।

उहाँले आगामी आर्थिक वर्षका लागि बजेटको व्यवस्थापन र बाँडफाँडका विषयमा आवश्यक गृहकार्य गरिएको बताउनुभयो। हाल सञ्चालनमा रहेका ३५ सयभन्दा बढी सरकारी खर्च गर्ने निकाय (कस्ट सेन्टर)हरू २ हजारको संख्यामा पुग्ने भएकाले सोमार्फत् मात्र पनि २ खर्ब २० अर्ब रुपियाँ वार्षिक रूपमा घट्ने देखिन्छ।

त्यसैगरी वित्तीय व्यवस्थापनका लागि आगामी आर्थिक वर्षमा वैदेशिक सहायतामा २ खर्ब १४ अर्ब रुपियाँ ऋण र ७२ अर्ब रुपियाँ अनुदान लिन सकिनेछ। स्थानीय तहको स्पापना लागतका रूपमा रूपमा ८ खर्ब रुपियाँ खर्च हुने देखिन्छ। जसमा पूर्वाधार निर्माणका लागि १ खर्ब ६० अर्ब रुपियाँ खर्च हुने देखिन्छ। हाल ८० प्रतिशत वडा कार्यालयका भवन बन्न सकेका छैनन। तर, प्रदेशको राजधानीका लागि भने पूर्वाधार तयार रहेको अर्थसचिव अधिकारीले बताउनुभयो। प्रदेश राजधानीका लागि आवश्यक पूर्वाधार तयार रहेकाले ६३ करोड रुपियाँ पर्याप्त रहेको उहाँको भनाइ छ।

चालू आर्थिक वर्षमा २२ प्रतिशत राजस्व संकलनको लक्ष्य राखिएको छ। तर, त्यसलाई बढाएर ३० प्रतिशतसम्म पुऱ्याउन सकिने र सोमार्फत् राजस्व संकलनमा वृद्धि गर्न सकिन्छ। प्रशासनिक सुधारमा कर्मचारीलाई कार्य सम्पादनका आधारमा ग्रेडिङ छुट्याउने र सोही अनुसार उनीहरूको सरुवा बढुवा गर्नुपर्ने पनि उहाँले बताउनुभयो। राजस्व कार्यालयमा 'विलिङ म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम'लाई प्रभावकारी बनाउने तथा गैरकर राजस्वका दायरारु तोकी हरेक वर्ष आर्थिक ऐन अनुरूप संशोधन पुनरावलोक गर्नुपर्ने देखिन्छ।

पूर्वअर्थसचिव डा. शान्तराज सुवेदीले हाल मुलुकको आर्थिक अवस्था कारुणिक बनेको भन्दै यस्तो बेला अर्थमन्त्रीको रूपमा काम गर्न सायदै कोही रुचाउने बताउनुभयो। अहिले राजस्व संकलन गर्ने केन्द्रीय सरकारको अधिकार प्रदेश र स्थानीय तहमा सरेको तथा केन्द्रमा आउने राजस्वको पनि बाँडफाँड गर्नुपर्ने बताउनुभयो। केन्द्रीय सरकारले अब बजेटको आकार बढाउन नसक्ने र स्रोत बाँडफाँडका हिसाबले संघीयता चुनौतीपूर्ण रहेको बताउनुभयो।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. शंकर शर्माले संघीयतामा पनि गर्नुपर्ने काम एउटै भएकाले हिजो गरेका र भोलि गर्नुपर्ने काममा ठूलो भिन्नता नरहेको धारणा राख्नुभयो। शर्माले दातृ निकायबाट मुलुकमा भित्रिने सबै प्रकारका सहयोग केन्द्रीकृत रूपमा र एकद्वार नीतिमार्फत् आउनुपर्ने बताउनुभयो। करको दायरा विस्तारमा जनप्रतिनिधिले पनि आवस्यक पहल गर्नुपर्ने उहाँको धारणा थियो।

**आगामी आर्थिक वर्ष २०७५/७६ का लागि १५ खर्ब ७० अर्ब रुपियाँ बराबरको बजेट आवश्यक रहेको र सोहीअनुसार तयारी थालिएको हो। त्यसमा ६ खर्ब ५० अर्ब रुपियाँ राजस्व संकलनमार्फत्, वैदेशिक ऋण २ खर्ब, अनुदान १ खर्ब र डेढ खर्ब रुपियाँ आन्तरिक ऋण उठाउन सकिनेछ।**

### राजस्व संकलन वृद्धि गर्न ध्यान दिनुपर्ने पाँच विषय

- मूल्य अभिवृद्धि कर र अन्त:शुल्क करलाई विभाज्य कोष बनाई बजेटभित्रै समावेश गर्ने।
- प्रदेशलाई ठूला आयोजना निर्माणका मात्र जिम्मा दिनुपर्ने र स्थानीय सरकारलाई बढी जिम्मेवारी दिने।
- कर्मचारी र जनप्रतिनिधिलाई आयोजना छनोट, बजेट निर्माण, बजेट कार्यान्वयन र राजस्व संकलन जस्ता विषयमा जानकारी दिन तालिम दिने तथा क्षमता अभिवृद्धिका कार्याक्रमहरु सञ्चालन गर्ने।
- प्राकृतिक स्रोतको बाँडफाँडलाई समावेशी र समतामुलक बनाउने।
- दोहोरो कर नलाग्ने र त्यसका लागि प्रशासनीय संयन्त्रहरूका राजस्व संकलन सम्बन्धी सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाउने।

## नेप्सेको सम्पर्कमा नजाने कम्पनीको कारोबार रोक्का हुने

काठमाडौं, (नेस)

नेपाल स्टक एक्सचेन्जले नेप्सेमा सूचीकृत भई सम्पर्कमा नआउने कम्पनीलाई पत्र काटेको छ। नेप्सेमा सूचीकृत भई शुल्क नबुझाउने, वार्षिक साधारणसभा नगर्ने तथा गरेको भए पनि जानकारी नदिने ३४ कम्पनीलाई सम्पर्कमा आउन नेप्सेले पत्र काटेको हो।

लामो समयदेखि कारोबारमा रोकिएका कम्पनीलाई नेप्से के कारणले यस्तो समस्या भएको भनी स्पष्ट पार्न भनी पत्र काटेको नेपाल स्टक एक्स्चेन्जका प्रवक्ता मुराहरी पराजुलीले बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै पराजुलीले भन्नभयो-'हामीले हाम्रो नियमित काम कारबाहीतर्फ मंगलबार ३४ वटा कम्पनीलाई पत्र काटेका छौं। यसरी सम्पर्कमा नआउने अधिकांश कम्पनी राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेका कम्पनी रहेका छन्।'

उहाँका अनुसार तीमध्ये कतिपय कम्पनीले साधारणसभा गरेको/नगरेको नेप्सेलाई जानकारी नै छैन। कतिपय कम्पनीले मर्जर तथा एक्विजिसन गरे पनि त्यो कुन चरणमा पुगेको भन्ने जानकारी गराएका छैनन्।

नेप्से सबैभन्दा धेरै उत्पादनमुलक समूहका १२ कम्पनीलाई पत्र काटेको हो। तीमध्ये १० वटा कम्पनीले पछिल्लो लामो समयदेखि नेप्सेमा तिर्नुपर्ने शुल्क नतिरेको तथा आफ्नो वार्षिक साधारणसभा समेत नगरेको पराजुलीले बताउनुभयो।

त्यस्तै वित्त समूहको ११, ट्रेडिङ समूहका ३, विकास बैंक र बीमा समुहका २/२ वटा, सेवा तथा अन्य समूहका १/१ वटा समूहलाई पनि नेप्सेले पत्र काटेको हो। ती कम्पनीहरूको हालको अवस्था जानकारी माग्दै नेप्सेले पत्र काटेको पराजुलीले जानकारी दिनुभयो। त्यस्तै एक्विजिसनमा गएका ३ कम्पनी र मर्जर प्रक्रियामा रहेको १ वाणिज्य बैंकलाई समेत नेप्सेले पत्र काटेको छ।

पत्र काटिएका कम्पनीले समयमै सूचना नपठाए कारोबार बन्द गर्नेसम्मको कारबाही गरिने पराजुलीले जनाकारी दिनुभयो। नेप्सेले यसअघि पनि केही कम्पनीको अवस्था बारेमा जानकारी संकलन गर्न पत्र काटेकोमध्ये केही कम्पनीले आफ्नो अवस्थाको जानकारी गराएका थिए।

**वित्त समूहको ११, ट्रेडिङ समूहका ३, विकास बैंक र बीमा समुहका २/२ वटा, सेवा तथा अन्य समूहका १/१ वटा समूहलाई पनि नेप्सेले पत्र काटेको हो।**

## इन्धनको मूल्यमा वृद्धि

काठमाडौं, (नेस)

*नेपाल आयल निगमले इन्धनको मूल्यमा वृद्धि गरेको छ। निगमले मंगलबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १ रुपियाँको दरले वृद्धि गरेको हो।*

*निगमले गरेको मूल्य समायोजनपछि पेट्रोलको भाउ प्रतिलिटर १ सय १ रुपियाँ बनाएको छ भने डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर ७८ रुपियाँ पुगेको छ।*

*निगमका निमित्त नायब कार्यकारी निर्देशक नागेन्द्र शाहका अनुसार स्वचालित मूल्य प्रणालीअनुसार नै इन्धनको मूल्यमा वृद्धि भएको बताउनुभयो। गत महिना निगमलाई करिब ४२ करोड घाटा थियो भने अब निगमको घाटा करिब साढे २२ करोडमा झरेको छ। निगमले खाना पकाउने ग्यास र हवाई इन्धनको मूल्यमा भने वृद्धि गरेको छैन। शाहका अनुसार नयाँ मूल्यअनुसार अब निगमलाई प्रतिलिटर पेट्रालमा २ रुपियाँ ६७ पैसा, डिजेलमा प्रतिलिटर १ रुपियाँ ७४ पैसा घाटा रहेको छ।*

## एनबीआई र एनसीसी बैंकबीच सम्झौता




काठमाडौं, (नेस)

नेसनल बैंकिङ इन्ष्टिच्युट र नेपाल क्रेडिट एन्ड कमर्स बैंकबीच तालिम कार्यक्रम सञ्चालन गर्ने सम्झौतापत्र भएको छ।

यस सम्झौताअनुसार एनबीआईले नेपाल क्रेडिट एन्ड कमर्स बैंकका कर्मचारीको कार्य दक्षता विकासका लागि विभिन्न तालिम उपलब्ध गराउने छ। यस सम्झौताअनुसार नेपाल क्रेडिट एन्ड कमर्स बैंकले नेसनल बैंकिङ इन्ष्टिच्युटबाट ५० लाख रुपियाँ बराबर रकमको कर्मचारीका लागि वार्षिक तालिम सञ्चालन गराउने भएको छ।

उक्त सम्भौतापत्रमा नेपाल क्रेडिट एन्ड कमर्स बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेशराज अर्याल र नेसनल बैंकिङ इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत सञ्जिव सुब्बाबीच हस्ताक्षर भएको छ।

**कम्पनीको नाम परिवर्तनको सूचना**

साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस ड्रुप्स लिजर सेन्टर प्रा. लि. को नाम कम्पनीको मिति २०७४।०८।०७ को विशेष साधारण सभाको निर्णय र कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७४।०८।२६ को स्विकृत निर्णयानुसार परिवर्तन भै हात्तिगौडा सुइमिङ्ग लिजर सेन्टर प्रा. लि. कायम भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**तुलसीपुर शाखाको ३५ दिने सार्वजनिक सूचना**

बाजेको नाम थाहा नभएको, प्रेम गिरीको छोरा, श्रीमति दिपा गिरीको पति प्रदेश नं. ५, जि. दाङ, तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ बस्ने बर्ष ६४ को गोरे गिरीको नाममा यस बैंकको तुलसीपुर शाखामा खाता नं. ०३१९००००११७०५२४ को बचत खाता रहेकोमा खाताबाला गोरे गिरिको मिति २०७४/०५/३०गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, तुलसीपुर उपमहानगरपालिका वडा नं. ७, दाङको मिति २०७४/०६/२०गतेको मृत्युदर्ता प्रमाण पत्र लगायतका कागजातहरु पेश गरी स्व. गोरे गिरीको पत्नी श्रीमति दिपा देवी गिरीले उक्त रकमको भुक्तानी पाउं भनि निवेदन गर्नआउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ। निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको तुलसीपुर शाखामा आफ्नो लिखित प्रमाण कागजहरु सहित दावी गर्न आउनुहुन अनुरोध गरिएकोछ। लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोकोलागी बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**उच्च अदालत विराटनगरबाट जारी भएको स्व. गोपाल बहादुर सिंहको छोरा जिल्ला काठमाडौं म.न.पा. काठमाडौं वडा नं. ९ कुमारी मन्दिरछेउ बस्ने प्रल्हादबहादुर सिंह, ऐ.ऐ. बस्ने प्रकाशबहादुर सिंह र ऐ.ऐ. बस्ने अरुणा प्रधान सिंहका नाउँमा जारी भएको १५ दिने सूचना म्याद।**

उप्रान्त पुनरावेदक दीपिका सिंह गिरी प्रत्यर्थी प्रकाशबहादुर सिंह समेत भएको अंशचलन मुद्दामा मुलुकी ऐन अं.वं. २०२ नं. तथा उच्च अदालत नियमावली २०७३ को नियम ११२ बमोजिम तपाईं समेतलाई झिकाउने आदेश भएकाले तपाईंका नाउँमा जारी भएको १५ दिने सूचना बेपत्ते तामेल भएको हुँदा मिति २०७४।०८।२६ गतेमा भएको आदेशानुसार तपाईंको नाउँमा पुनः यो १५ दिने सूचना म्याद जारी गरी पठाइएको छ। यो सूचना प्रकाशन भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र आफ्नो सबुत प्रमाण लिई यस अदालतमा हाजिर हुन आउनुहोला वा ऐनबमोजिम वारेश पठाउनुहोला अन्यथा कानुन बमोजिम हुनेछ।

मुद्दा नं. : 073-DP-0681, मुद्दा अंशचलन

ईति सम्वत २०७४ साल पौष ४ गते रोज ३ मा शुभम् ...........।

# माहिका सेमिफाइनलमा



यू-१८ गर्ल्स सिंगल्समा माहिका राणा एनी माथेमाविरुद्ध प्रतिस्पर्धा गर्दै।

नेपाल समाचारपत्र

काठमाडौं

माहिका राणा १५औं जयकर मेमोरियल राष्ट्रिय जुनियर लनटेनिस प्रतियोगिताको यू-१८ गर्ल्स सिंगल्समा मंगलबार सेमिफाइनलमा प्रवेश गरेकी छन्। प्राय: प्रतियोगितामा जुम्ल्याहा दिदी मायांकासँग फाइनलमा प्रतिस्पर्धा गरेकी माहिकाले यो पटक भने अन्तिम चारमै दिदी मायांकालाई प्रतिद्वन्द्वीका रूपमा पाएकी छिन्। मायांका बाई पाएर सीधै अन्तिम चारमा पुगिसकिन्। अर्को सेमिफाइनलमा प्रेरणा कोइराला र विजिशा श्रेष्ठबीच हुनेछ। सातदोबाटोस्थित टेनिस कोर्टमा भएको क्वार्टरफाइनलमा माहिकाले एनी माथेमालाई ६-३ र ६-३ को सोझो सेटमा पराजित गर्दै मायांकासँग भेट पक्का गरेकी हुन्।

यस्तै यू-१४ गर्ल्स सिंगल्समा रायना शाहले शुभाङ्गलक्ष्मी शाहलाई ६-३ र ६-२, सर्भानी श्रेष्ठले प्रकृति श्रेष्ठलाई ७-६ र ६-४, ईशाश्री शाहले स्नेहा यादवलाई ६-१ र ६-२ तथा अभिलाषा विष्टले अजा रेग्मीलाई ६-१ र ६-० को सीधा सेटमा हराउँदै अन्तिम चारमा स्थान सुरक्षित गरे।

ब्वाइज डबल्समा सरोज तामाङ र सफल श्रेष्ठ तथा आदित सुवेदी र प्रणव खनालको जोडीले सेमिफाइनलमा स्थान पक्का गरे। सरोज र आदित्यको जोडीले इभ्येक जोशी र आदित्य सुवेदीबाट वाक ओभर पाए। आदित र प्रणवको जोडीले आरभसम्राट हाडा र आर्यन गिरीको जोडीलाई ६-३ र ६-१ को सोझो सेटमा हराए।

## बंगलादेशमा नेपालको लज्जास्पद हार

काठमाडौं, (नेस)

बंगलादेशमा जारी साफ यू-१५ महिला फुटबल च्याम्पियनसिपमा नेपालको लज्जास्पद पराजय भएको छ।

मंगलबार भारतसँग खेलेको खेलमा नेपाली चेलीहरूले १०-० ले हार आत्मसात गरेका हुन्। यससँगै नेपाल च्याम्पियनसिपबाट पनि बाहिरियो। नेपालले पहिलो खेलमा आयोजक बंगलादेशसँग हार बेहोरेको थियो। भारतविरुद्ध नेपालले पहिलो हाफ पाँच र दोस्रो हाफमा पनि पाँचै गोल खाएको थियो। भारतका लागि सुनिता मुन्डा र प्रियंकादेवीले ह्याट्रिक गरे भने लेन्डा कोमले २ तथा सन्थिया र अंनी बाइले १-१ गोल गरे।

नेपालले दुई खेलबाटै १६ गोल बेहोर्दा विपक्षलाई एक गोल पनि गर्न सकेन। अब नेपालले भुटानसँग बिहीबार लिगको अन्तिम खेल खेल्नेछ। भुटानले पनि दुई खेल हारिसकेको छ। फाइनल पुस ९ गते हुनेछ, जसमा भारत र बंगलादेशले उपाधिको लागि खेल्नेछन्।

## डीएभी र सैनिक फाइनलमा

काठमाडौं, (नेस)

डीएभी र सैनिक आवासीय महाविद्यालय दोस्रो बीभीएस कप यू-१४ अन्तरविद्यालय छात्र क्रिकेट प्रतियोगितामा मंगलबार फाइनलमा प्रवेश गरेका छन्।

पहिलो सेमिफाइनल खेलमा डीएभीले साविक उपविजेता रोजबडलाई ७ विकेटले पराजित गर्‍यो। पहिले ब्याटिङ गरेको रोजबडले निर्धारित १५ ओभरमा ३ विकेट क्षतिमा ९६ रन बनायो। टोलीका लागि शिभम झाले सर्वाधिक ३९ रन योगदान गरे। जवाफी ब्याटिङमा डीएभीले निर्धारित १५ ओभरमा २ विकेट गुमाउँदै ९७ रन जोड्यो। 'म्यान अफ द म्याच' रौनक गोयलले सर्वाधिक ४३ रन बनाएका थिए।

अर्को सेमिफाइनलमा सैनिकले सेन्ट जेभियर्सलाई ४ विकेटले हरायो। सेन्ट जेभियर्सले १५ ओभरमा ८ विकेट गुमाउँदै ७६ रन बनाउँदा आदित सुवेदीको ५० रन योगदान थियो। सैनिकले १२ ओभर १ बलमा ५ विकेट क्षतिमा लक्ष्य भेटाउने क्रममा ७७ रन बनायो। सैनिकका स्नोज केसीले २८ रन बनाए।

## टाइम्स दौड शनिबार

काठमाडौं, (नेस)

द टाइम्स इन्टरनेसनल कलेज अफ म्यानेजमेन्ट क्लबको आयोजनामा प्रथम टाइम्स अन्तरविद्यालय सडक दौड प्रतियोगिता शनिबार हुने भएको छ।

प्रतियोगितामा कक्षा ९ देखि १२ सम्ममा अध्ययनरत छात्र/छात्राले सहभागिता जनाउन पाउने आयोजक क्लबका अध्यक्ष सोनु थापाले जनाएका छन्। २५० छात्र र १८० छात्रा गरी जम्मा ४ सय ३० प्रतिस्पर्धीले दौडमा प्रतिस्पर्धा गर्ने बताइएको छ। छात्र/छात्रा दुवैमा ५ किलोमिटर दूरीमा प्रतिस्पर्धा हुनेछ। दुवै समूहमा शीर्ष तीन स्थान हात पार्नेले क्रमश: १० हजार, ८ हजार र ५ हजारका दरले नगद पुरस्कार पाउनेछन्।

## विराटनगर ६ रनले विजयी

काठमाडौं, (नेस)

विराटनगर वारियर्सले कीर्तिपुरमा जारी टीभीएस एभरेस्ट प्रिमियर लिग (ईपीएल) टी-२० क्रिकेट प्रतियोगितामा कठिन जित हात पारेको छ।

मंगलबार भएको खेलमा विराटनगरले ललितपुर प्याट्रियट्सलाई ६ रनले हराएको हो। विराटनगरले दिएको १ सय ५१ रनको लक्ष्य पछ्याएको ललितपुर १ सय ४४ रनमा अल आउट भएको थियो। ६ चौका र १ छक्का प्रहार गरेका पवन शराफको ५१ रन पनि जितका लागि पर्याप्त भएन। जबकि कप्तान ज्ञानेन्द्र मल्ल एक रनमै आउट भएका थिए। विराटनगरका कप्तान पारस, अन्सुमान रथ, करण केसी र वसन्त रेग्मीले समान १-१ विकेट लिए।

यसअघि टस हारेर पहिले ब्याटिङमा उत्रिएको विराटनगरले २० ओभरमा ६ विकेट गुमाएर १ सय ५० रनको योगफल तयार पारेको थियो। टोलीका लागि अनिलले अविजित सर्वाधिक ४७ रनको बनाए। ३५ बल खेलेका अनिलले २ चौका र ३ छक्का प्रहार गरे। पारसले ३८ रन र हङकङका खेलाडी बाबर हायातले ३४ रन बनाए।



उजोल डंगोल, नेस

## रियलका खेलाडीको बोनस २ मिलियन

मेड्रिड, (एजेन्सी)

यस वर्ष ६ मध्ये ५ उपाधि जितेको रियल मेड्रिडका खेलाडीले २ मिलियन युरो बराबरको बोनस प्राप्त गरेका छन्।

फिफा क्लब विश्वकप जितेसँगै २०१७ मा पाँचौं उपाधि उचालेर कीर्तिमान रचेको रियलका खेलाडीले यो वर्ष जनही दुई मिलियन युरो बोनस पाएका हुन्। रियलले खेलाडीलगायत प्रशिक्षणमा संलग्न अन्य ५ जनालाई पनि बोनस दिएको छ। स्पेनिस सञ्चार माध्यमका अनुसार हाल रियलका खेलाडीले पाएको बोनस क्लब इतिहासकै सर्वाधिक भएको जनाएको छ।

सन् १९८५/८६ यता पहिलो पटक ला लिगा र च्याम्पियन्स लिग गरी दुवै उपाधि एकै सिजनमा जितेका रियलका खेलाडीले १ दशमलव ५ मिलियन युरो बोनस पाएका थिए। त्यस्तै युरोपियन, स्पेनिस सुपरकप र फिफा क्लब विश्वकप फुटबल जित्दै करिब आधा मिलियन युरो बोनस थप जोडिएपछि रियलका खेलाडीले यो वर्ष करिब दुई मिलियन युरो बोनस पाएका हुन्।

## धरहरा

### राहतको पर्वाइ



वर्तमान काम चलाउ सरकारले दुई साताको अन्तरमा दुईपटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ। नेपाल आयल निगमले मंगलबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १/१ रुपियाँले वृद्धि गर्ने निर्णय गरेको हो।

नयाँ मूल्यअनुसार अब पेट्रोलको मूल्य प्रतिलिटर १ सय १ रुपियाँ पुगेको छ। त्यस्तै, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर ७८ रुपियाँ पुगेको छ। भारतीय आयल कर्पोरेसन (आईओसी)ले पठाएको नयाँ मूल्यसूचीअनुसार इन्धनको मूल्यवृद्धि गर्नुपर्ने अवस्था आएको आयल निगमको दाबी छ। खाना पकाउने ग्यास र हवाई इन्धनको मूल्य भने अहिले वृद्धि गरिएको छैन।

वर्तमान सरकारले २ सातामा यसरी मूल्यवृद्धि गरिरहेका बेला वाम गठबन्धनको नेतृत्वमा गठन हुने नयाँ सरकारले अब के गर्ने हो धरहरासहित आम सर्वसाधारणको चासो छ। नयाँ सरकारले दैनिक उपभोग्य वस्तुसहित बजारभाउ सन्तुलन राख्ने र मूल्यवृद्धि नियन्त्रण गर्ने धेरैले अपेक्षा गरेका छन्।

यत्रो बहुमत पाएपछि त नयाँ सरकारले पनि वर्तमान सरकार जसरी नै मूल्यवृद्धि गर्न पनि भएन। अब फेरि पनि आईओसीले जतिसुकै बढेको मूल्यसूची पठाए पनि त्यस्तो सूची गुपचुपमा राखेर नयाँ सरकारले राहत पो दिने हो कि?

## क्योकुसिन कराते टोली भारततिर

काठमाडौं, (नेस)

इन्डो-नेपाल कराते च्याम्पियनसिपमा सहभागी हुन २० खेलाडीसहित ३१ सदस्यीय नेपाल क्योकुसिन कराते डो संघ (वज्र)को ३१ सदस्यीय टोली बुधबार भारतको कोलकाता जाने भएको छ।

डिसेम्बर २३ देखि २५ तारिखसम्म हुने प्रतियोगितामा सञ्जय राई, विकेश महर्जन, महेश भुजेल, दीपा शाही, सीता राई, सरोज तामाङ, ओमराज लामा, जुनकिरी श्रेष्ठ, विनोद पराजुली, हरीशकुमार धामी, लक्ष्मी मल्ल ठकुरी, मनोहर चौहान मगर, सन्तोष साउद, नितेश मानन्धर, सोमबहादुर बाह्रघरे, विशाल विक, गोपीराम स्याङतान, रमेश सिन्जाली, झलकुमारी महतो र सुजाता राईले विभिन्न स्पर्धामा प्रतिस्पर्धा गर्नेछन्।

## आयोजक एक्सेलसियरको जित

काठमाडौं, (नेस)

छैठौं दि एक्सेलसियर कप अन्तर विद्यालय खेलकुद प्रतियोगिताको जुनियर ब्वाइज बास्केटबलमा आयोजक दि एक्सेलसियरले विजयी शुरुआत गरेको छ। मंगलबार भएको उद्घाटन खेलमा एक्सेलसियरले होलीभिजनलाई २६-९ को स्कोरमा हरायो। आयोजकको जितमा आयुष तामाङले सर्वाधिक १३ स्कोरको योगदान दिए। जुनियर ब्वाइजकै खेलमा पिपुल्सले बीएनएलाई २५-१८ स्कोरमा हराउँदा अजय घले नायक बने। उनले टिमलाई जिताउन महत्त्वपूर्ण २१ स्कोरको योगदान दिएका थिए।

## नेपाल प्रहरी उमाविलाई उपाधि

काठमाडौं, (नेस)

नेपाल प्रहरी उच्च माध्यमिक आवासीय विद्यालय साँगाको आयोजनामा सञ्चालित २५औं अन्तर माध्यमिक विद्यालय आईजीपी रनिङ ट्रफी फुटबल प्रतियोगिता २०७४ सम्पन्न भएको छ। मंगलबार भएको फाइनल खेलमा नेपाल प्रहरी उमावि साँगा 'ए' टिमले सैनिक आवासीय माध्यमिक विद्यालयलाई १-० गोलले पराजित गरेको हो। प्रतियोगितामा प्रथम हुने टिमले ३० हजार, द्वितीय हुने टिमले २० हजार र तृतीय हुने टिमले १० हजार रुपियाँ नगद पुरस्कार प्राप्त गरेका छन्।


साधनाको नयाँ अंकका विशेष आकर्षणहरू




**होसियार ! एलर्जीले दीर्घरोगी बनाउला**

एलर्जीको उपचार समयमै नगरे जीवनभर पछुताउनुपर्छ । समयमै उपचार गरेको खण्डमा अब कुनै पनि बिरामीले एलर्जी भयो भनेर आत्तिनुपर्दैन । खोप र औषधिका माध्यमबाट यसको उपचार नेपालमै शुरू भैसकेको छ । उपयोगी रिपोर्ट ।

**नसा च्यापिँदाको पीडा : उपचार के छ त ?**

नसा च्याँपिदा नसाको काम अवरूद्ध हुन पुग्छ । त्यसैले कम्मर दुख्ने, च्यापिएको नसा गएको हात-खुट्टातिर दुख्ने, हातखुट्टा निदाउने, झमझमाउने, लाटो हुने, बिस्तारै हातखुट्टा तथा ढाड चलाउन नसक्ने, ढाडमा अधिक पीडा हुनेजस्ता समस्या आइपर्छ । आखिर के छ त उपचार ? पढ्नै पर्ने लेख ।

**होल बडी चेकअप : कहाँ कति ?**

होल बडी चेक गरेपछि त्यसको रिपोर्टले सामान्यतया सम्भावित रोग र रोग लाग्न नदिने उपायहरूका बारेमा समेत पूर्वजानकारी गराउँछ । होल बडी चेक अप गर्दा के-के चेक गरिन्छ र यसबापत कुन अस्पतालले कति रूपियाँ लिन्छन् ? सन्देशमूलक रिपोर्टिङ ।

**कुपोषण हटाउने सरकारी प्रयास : स्थानीय खानेकुरामा बेवास्ता**

स्वास्थ्य मन्त्रालय गर्भवतीलाई क्याल्सियम र प्रोटिन खानुपर्छ भनेर महँगो औषधि बाँडदै हिंड्छ, साथै केवल बालभिटा बाँडेर बालबालिकाको कुपोषण कम गर्न चाहन्छ । यस्ता क्याल्सियम र बालभिटाका प्याकेट होइन, वरिपरिको स्थानीय खाना खान समुदायलाई सिकाउनुपर्नेमा जोडदार कुरा उठाइएको पोषणविद् डा. अरूणा उप्रेतीको लेख ।

**पेट घटाउन योगाभ्यास**

पेट बढ्नु स्वास्थ्य र सौन्दर्य दुवैका दृष्टिकोणले राम्रो मानिदैन । खानपानमा सावधानी अपनाएर योगाभ्यास गर्ने गरेमा बढेको पेट घटाउन सकिन्छ । पेट बढेकाहरूका लागि योग चिकित्सक डा. क्षितिज बराकोटीको उपयोगी लेख ।

**स्मार्ट देखिन हेयर कट गर्नेको लर्को**

सौन्दर्यको कुरा गर्नुपर्दा अनुहार मात्र सबै थोक होइन । सुन्दर कपाल अनि उसको हेयर कट तथा स्टाइलले पनि मानिसको व्यक्तित्व अझ खुलेको देखिन्छ । त्यसैले स्मार्ट देखिन ब्युटिपार्लरमा हेयर कट गर्नेको लर्को लाग्ने गरेको छ । अनुभवी ब्युटिसियनको लेख ।

**रोग र दु:ख मुक्तिका लागि बुद्ध मेडिसिन**

सुख र शान्ति प्राप्त गर्नका लागि अनुशासनहीन मनलाई नियन्त्रण गर्ने विज्ञान नै बुद्ध-मनोविज्ञान हो । यस विज्ञानको अनुशरण गर्ने हो भने मानिस सुखी र निरोगी हुन धेरै मद्दत मिल्छ । एक मनोविद्को सन्देशमूलक लेख ।

**के डाइटरी सप्लिमेन्ट लिन जरूरी छ ?**

डाइटरी सप्लिमेन्ट न खाद्यपदार्थ हो, न त औषधि नै हो ? यो एउटा उत्पादन हो, जसमा खाद्यपदार्थमा पाइने तत्व रहेको हुन्छ । के यो तत्व पाइने ट्याब्लेट खानु जरूरी छ त ? पोषण विज्ञ डा. जया प्रधानको स्वास्थ्योपयोगी लेख ।

- गर्भमा बच्चा उल्टो बसेमा ज्यानकै खतरा
- नाइटिङ्गेलको जीवनीले नर्सिङ अध्यापिका बनायो
- मधुमेहले आँखामा असर पुर्‍यायो कि ?
- स्खलनपछिको शारीरिक सम्पर्क
- बढी खान नहुने ७ पदार्थ

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस्, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरू।


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ